# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ४ अङ्क ३७ पूर्णाङ्क १८२ २०७७ वैशाख २२ गते सोमबार Monday, 4 May, 2020 पृष्ठ ८ मूल्य रू. १०।–


## वैशाख १८ गते अर्थात् मित्रमणि स्मृति दिवस
## अमर शहीद मित्रमणि आचार्यप्रति हार्दिक श्रद्धाञ्जली



प्युठान जिल्लाको रम्दी भन्ने ठाउँमा २०१९ असार ३ गते जन्मिएका मित्रमणी आचार्य ०३७ सालमा पक्लिह्वा क्याम्पसको स्ववियु सभापति निर्वाचित भएका थिए । उनी पछि २०४१ सालमा रामपुर कृषि क्याम्पसमा पनि स्ववियु सभापति निर्वाचित भएका थिए ।

आचार्यलाई २०४२ साल वैशाख १८ गते चितवनको पर्साढाप भन्ने ठाउँमा तत्कालीन नेपाली कांग्रेस समर्थक गुण्डाहरूले खुकुरी, भाला प्रहार गरी क्रुरतापुर्वक हत्या गरिएको थियो । सोही दिनलाई मित्रमणी दिवसको *बाँकी ८ पेजमा*

# अन्तर्राष्ट्रिय मजदुर दिवस देशव्यापी रूपमा मनाइयो
# ‘बाँच्न पुग्ने राहत नगदमा उपलब्ध गराऊ’



प्रेस-वक्तव्य

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

काठमाडौं । १९ बैशाख अर्थात् १३१ औं अन्तर्राष्ट्रिय मजदुर (मई) दिवस । कोरोना भाइरस (कोभिड-१९)को महामारीका बीच नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले देशव्यापी रूपमा मजदुर दिवस मनाएको छ । काठमाडौं, ललितपुर, सिन्धुली, रूपन्देही लगायतका जिल्लामा विभिन्न कार्यक्रम गरी मजदुर दिवस मनाइएको हो । महामरीका कारण जारी लक डाउनलाई छल्दै क्रान्तिकारी मजदुरहरूले मजदुर दिवस मनाएका हुन् ।

**‘बाँच्न पुग्ने राहत नगदमा उपलब्ध गराऊ’ : क्रान्तिकारी माओवादी**

मई दिवसकै अवसरमा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले एक महत्वपूर्ण वक्तव्य जारी गऱ्यो । वक्तव्यमा कोरोना भाइरस (कोभिड-१९)को महामारीका कारण दैनिक ज्यालादारी मजदुर तथा विपन्न वर्ग नराम्ररी प्रताडित भएको भन्दै लकडाउन अवधिभरका लागि सार्वजनिक र निजी क्षेत्रमा काम गर्ने मजदुरहरूलाई पुरा तलव र स्वरोजगार मजदुर, अशक्त तथा अति विपन्न परिवारलाई बाँच्न पुग्ने राहत नगदमा उपलब्ध गराउन जोडदार माग गरिएको छ ।

पार्टी महासचिव मोहन वैद्य‘किरण’ले जारी गरेको वक्तव्यमा भनिएको छ, “लकडाउन अवधिभरका लागि सार्वजनिक र निजी क्षेत्रमा काम गर्ने मजदुरहरूलाई पुरा तलव र स्वरोजगार मजदुर, अशक्त तथा अति विपन्न परिवारलाई बाँच्न पुग्ने राहत नगदमा उपलव्ध गराउन हाम्रो पार्टी सरकार समक्ष जोडदार माग गर्दछ ।”

वक्तव्यमा भनिएको छ, “यस वर्षको मई दिवसका बेला सम्पूर्ण मानव जाति नै कोरोनाजन्य महामारी कोभिड-१९को प्रकोपले पीडित छ । यस पटक पहिले जस्तै हजारौंको संख्यामा सडकमा पोखिएर मई दिवश मनाउन सकिने अवस्था छैन । यस स्थितिमा आ-आफ्नो ठाउँको विशिष्ट अवस्थालाई ख्याल गरेर मई दिवशले स्थापित गरेको क्रान्तिकारी सन्देशलाई आम उत्पीडित जनतासम्म पुऱ्याउन हामी श्रमजीवि वर्गमा विशेष अनुरोध गर्दछौं । साथै लकडाउनका कारण श्रमजीवि वर्गको जिउने समस्या निकै गंभीर बनेको छ ।”

वक्तव्यमा मजदुरहरूलाई शुभकामना सन्देश दिंदै भनिएको छ, “आज मई १, २०२० तदनुसार बैशाख १९, २०७७ अन्तर ीष्ट्रिय श्रमजीवि वर्गको ऐतिहासिक पर्व हो । आठ घण्टा श्रमको माग पुरा गराउन सफल अमेरिकाको सिकागोमा भएको श्रमिक आन्दोलनको संस्मरणमा १८९०को मई १ देखि अन्तर्राष्ट्रिय श्रमिक दिवश मनाउन सुरु गरिएको थियो । मई दिवशको *बाँकी ८ पेजमा*

## विश्वप्रेस स्वतन्त्रता दिवसमा शुभकामना सन्देश जारी गर्दै क्रान्तिकारी पत्रकार महासंघले उठायो यस्ता गम्भीर विषय



क्रान्तिकारी पत्रकार महासंघ

काठमाडौं । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा एक शुभकामना वक्तव्य जारी गर्दै क्रान्तिकारी पत्रकार महासंघले प्रेस तथा स्वतन्त्रता र श्रमजीवी पत्रकारहरूको हक हित र अधिकारको पक्षमा गम्भिर र महत्वपूर्ण विषय उठान गरेको छ । महासंघका अध्यक्ष इन्द्र राउतले जारी गरेको वक्तव्यमा ५ बुँदामा विषयहरूको उठान गर्दै नेपाल लगायत विश्वभरिका श्रमजीवी पत्रकारहरूलाई शुभकामना सन्देश दिएको छ । *बाँकी ६ पेजमा*

## *लकडाउनकै बीचमा क्रान्तिकारी ट्रेड युनियन महासंघले*
## देशव्यापी रूपमा मनायो १३१औं अन्तर्राष्ट्रिय मजदुर दिवस



काठमाडौं / नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले १३१औं अन्तर्राष्ट्रिय मजदुर दिवस देशव्यापी रूपमा मनाएको छ । कोरोना भाइरसको महामारीका कारणा जारी लक डाउनकै बीच महासंघले देशव्यापी रूपमा मजदुर दिवस मनाएको हो ।

प्राप्त समाचारअनुसार काठमाडौको जोरपाटीमा महासंघको केन्द्रीय समितिको आयोजनामा मजदुर अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । पार्टी पिबिएम तथा ३ नम्बर प्रदेश सेक्रेटरी प्रवेश प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा मजदुर महासंघका अध्यक्ष ईश्वर तिमिल्सिनाको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा *बाँकी ४ पेजमा*

## मेडेको पूर्वसन्ध्यामा क्रान्तिकारी ट्रेड युनियन महासंघ ललितपुरको पहलमा
## सयबढी मजदुर परिवारलाई राहत वितरण



● **विष्णु आले**

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ललितपुरको पहलमा १ सय ११ जना मजदुर परिवारलाई राहत वितरण गरिएको छ । महासंघकी ललितपुर अध्यक्ष निशा राईले दिएको जानकारी अनुसार महासंघको पहलमा कोरोना भाइरस (कोभिड-१९)को महामारीसँगै सरकारले गरेको लक डाउनका कारण ईटाभट्टा, निर्माण, उद्योग, टेक्सटायल क्षेत्रमा कार्यरत मजदुरहरू विहान बेलुका छाक टार्ने समस्यामा रहेका मजदुरहरूलाई राहत वितरण गरिएको हो ।

मे डेको पूर्वसन्ध्यामा अर्थात् बिहीबार ललितपुर-२८ स्थित हरि सिद्धिमा रहेका मजदुर परिवारहरूलाई राहत वितरण गरिएको हो । होप एण्ड च्यालेन्ज, अखिल नेपाल आदिवासी जनजाति महासंघ अन्तर्गत सिंगापुर गोर्खाज बहालवाला तथा पूर्व सैनिकहरू र प्रेम गोपाल महर्जन, अनिल महर्जन र पन्चराम महर्जनलगायतको सहयोगमा उक्त राहत वितरण गरिएको महासंघकी ललितपुर अध्यक्ष राईले बताइन् ।

वडा-२८ मा भट्टा, निर्माण, उद्योग, टेक्सटाइल लगायत ठाउँमा कार्यरत मजदुर छन् । वडा कार्यालयले केहि दिनदेखि भोका पीडित मजदुरलाई भात पकाएर खुवाउन पनि थालेको छ । त्यसो त हजारौं मजदुरहरूको समस्या सुल्झिएको दाबी गर्ने पुराना मजदुर नेता भने सम्बन्धित *बाँकी ४ पेजमा*

# एमसीसी इन्डो–प्यासिफिककै अंग भएको नेकपा कार्यदलको निष्कर्ष

*नेकपा एमसीसी कार्यदल प्रतिवेदनमा रहेका १६ बुँदे सुझाव र निष्कर्ष / यस्ता छन् झवालीका फरक मतका मुख्य बुँदाहरु*



काठमाडौं / अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन सम्झौता (एमसीसी) बारे अध्ययन गर्न गठित नेकपाको कार्यदलले एमसीसी सहायता सामान्य दुईपक्षीय अनुदान नभई अमेरिकाको विश्वव्यापी रणनीति र कार्यक्रमअन्तर्गत रहेको निष्कर्ष निकालेको छ ।

न े क पा । *बाँकी ४ पेजमा*

# पर्यावरण विनाश र संरक्षणको समस्या

***बढ्दो उद्योग धन्दाको विकास, अतिशय प्रकृति दोहन, वनजङ्गलको विनाश, अत्यधिक ऊर्जाको उपयोग, माटो, पानी तथा हावामा व्याप्त बन्दै गएको प्रदूषण, विश्वव्यापी रूपमा तापक्रममा अतिशय वृद्धि, आदिका कारण तीव्र वेगमा जलवायु परिवर्तन हुँदै आएको छ । यसबाट प्राकृतिक सन्तुलन खल्बलिदै गएको छ***



● मोहन वैद्य (किरण) ●

केही दशकयता विश्वव्यापी रूपमा जलवायुमा तीव्र परिवर्तन र फेरबदल हुँदै आएका छन् । यसो हुनुमा विश्वव्यापी तापक्रमको वृद्धि नै मूल कारण रहेको छ । यसले समग्र प्रकृति र मानव जीवनमा गम्भीर प्रकारका दुष्प्रभाव पार्ने काम गर्दै आएको छ । विश्वका विभिन्न देशहरूका साथै नेपालमा पनि स्थिति गम्भीर बन्दै जान थालेको छ । आज विश्वव्यापी रूपमा पर्यावरण संरक्षणको प्रश्न जटिल बन्दै गएको छ र सङ्घर्षको कार्यसूचीमा पर्यावरण संरक्षणको प्रश्न पनि एउटा महत्वपूर्ण विषय बनेर प्रस्तुत हुन पुगेको छ ।

बढ्दो उद्योग धन्दाको विकास, अतिशय प्रकृति दोहन, वनजङ्गलको विनाश, अत्यधिक ऊर्जाको उपयोग, माटो, पानी तथा हावामा व्याप्त बन्दै गएको प्रदूषण, विश्वव्यापी रूपमा तापक्रममा अतिशय वृद्धि, आदिका कारण तीव्र वेगमा जलवायु परिवर्तन हुँदै आएको छ । यसबाट प्राकृतिक सन्तुलन खल्बलिदै गएको छ । जैविक विविधतामा ह्रास आइरहेको छ । हिमालय पग्लदै छ । समुद्री किनारका शहरहरू डुब्ने खतरा बढ्दै जान थालेको छ । समुद्रमा अक्सिजनको मात्रा कम हुँदै जानुको कारण त्यहाँका जीवजन्तुहरूमा घातक प्रभाव परिरहेको छ । फलतः पृथ्वीमा अवस्थित वनस्पति, जीवजन्तु, पशुपन्छी र मानव जीवनकै अस्तित्वमा गम्भीर प्रकारको खतरा उत्पन्न हुन पुगेको छ ।

पर्यावरणका *बाँकी ७ पेजमा*

## सम्पादकीय

# राहत र उद्धारप्रति संवेदनाहीन सरकार

*कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी महामारीका कारण नेपाल लगायत विश्वका अरबौं मजदुरहरूले आफ्नो रोजीरोटी गुमाएका छन् । विशेष गरी विश्वभरि अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको ठूलो संख्या यो महामारीबाट सबैभन्दा बढी प्रताडित बन्न पुगेको छ । संयुक्त राष्ट्रसंघीय एजेन्सी अन्तर र्ष्ट्रिय श्रम संगठन (आइएलओ)का अनुसार कोरोना भाइरसको महामारीले विश्वका झन्डै ५० प्रतिशत कामदारको रोजीरोटी खोसेको छ । महामारीका कारण अधिकांश मुलुक पूर्ण एवं आंशिक लकडाउनमा भएकाले विश्वभर दुई अर्ब ७० करोड मजदुर प्रभावित बनेका छन् ।*

*आइएलओका अनुसार विश्वभरका तीन अर्ब ३० करोड मजदुर जनशक्तिमध्ये दुई अर्ब मजदुर अनौपचारिक क्षेत्रमा काम गर्छन् । उनीहरूमध्ये एक अर्ब ६० करोडको जीविका कोरोनाले खोसेर भोकभोकै बस्नुपर्ने अवस्थामा पुर्‍याएको छ । अनौपचारिक क्षेत्रका कामदारसँग वैकल्पिक आय गर्ने अन्य माध्यम नहुने भएकाले ती कामदार र तिनमा आश्रित परिवारको बाँच्ने आधार पुरै गुमेको विश्लेषण गरिएको छ । र, नेपालमा पनि अनौपचारिक तथ्यांक अनुसार करिब ६० लाख मजदुरहरू अनौपचारिक क्षेत्रमा काम गर्छन् । उनीहरूको अवस्था अहिले अत्यन्तै दयनीय अवस्थाबाट गुज्रदो छ । ठूलो संख्यामा खाडी मुलुक, मलेसिया लगायतका देशमा रहेका नेपाली श्रमिकहरूको स्थिति पनि दयनीय रहेको छ । विभिन्न देशमा गएका श्रमिकहरूले कम्पनीले खान नदिएको, काम पनि नदिएको भन्दै अलपत्र अवस्थाबाट उद्दार गर्नका लागि नेपाल सरकारसँग हारगुहार गरेका छन् तर सरकारले कुनै सुनुवाइ गरेको छैन । भारतबाट आफ्नो घर आएका श्रमिकहरूलाई सीमानामा आएर क्वारेन्टाइनमा बस्नुपर्ने अवधि गुजारीसक्दा पनि नेपाल सरकारले उनीहरूलाई उद्दार गरेको छैन । चाहे देशभित्र होस् वा बाहिर अहिले चौतर्फी रूपमा लाखौं नेपाली मजदुरहरू सरकारको गैरजिम्मेवारपूर्ण कार्यशैलीप्रति आक्रोसित बनिरहेका छन् । र, मजदुर तथा श्रमिक वर्ग विरोधी ओली सरकारको रवैयाको चौतर्फी रूपमा चर्को आलोचना गरिरहेका छन् ।*

*रोगबाट भन्दा चाँडो भोकबाट मरिने भयले यतिखेर अनौपचारिक क्षेत्रका मजदुरहरूलाई नराम्ररी सताएको छ । सरकारले राहत वितरणको हल्ला चलाइरहँदा वास्तविक पीडित मजदुरहरूले भने अझै पनि राहत पाउन सकेका छैनन् । सरकारी राहतबाट सरकारी नेकपाकै कार्यकर्ता पोसिएका छन् । उनीहरूले स्थानीय जनप्रतिनिधिसँग आफ्नै कार्यकर्तालाई मात्र त्यस्तो राहत वितरण गरिरहेको गुनासो व्यापक रूपमा आइरहेको छ । यस्तो संवेदनशील अवस्थामा आम श्रमजीवी मजदुरहरूले राज्यविहीनताको अनुभव गरिरहेका छन् र सरकारप्रतिको अविश्वासकै कारण १५-२० दिनसम्म हिडेर पनि आफ्नो जन्मथलो पुगिरहेका छन् । सरकार भने आफ्नो प्राण धान्न यसरी घर गएका मजदुरहरूलाई समेत अवरोध खडा गरेर हददर्जाको अमानवीयता प्रदर्शन गरिरहेको छ । मजदुरहरू भनिरहेका छन्- सरकार न खान दिन्छ, न घर जान दिन्छ । आफूलाई कम्युनिष्ट, वामपन्थी बताउने ओली सरकार यसरी रोग र भोकको सन्त्रासले मजदुरहरू, गरिब, विपन्न, सुकुम्बासीहरू छटपटाइरहँदा 'बिनाशकाले विपरीत बुद्धि' भनेझैं राज्यको ढिकुटीमा कसले ब्रम्हलुट मच्चाउने भन्ने बखेडा झिकेर देश लुट्ने भागबण्डामा लागेका छन् । यस्तो महामारीको बेला खरिद गरिएको स्वास्थ्य सामग्रीमा त कमिसन खाने, भ्रष्टाचार गर्ने ओली सरकारले यो संवेदनशील परिस्थितिमा प्रदर्शन गरेको आम गरिखाने वर्गमाथि नालायकीपनको मूल्य अवश्य चुकाउनु पर्नेछ । यही महामारीमा सरकारले देखाएको रवैयाबाट नै आम श्रमजीवी जनता तथा उत्पीडित वर्ग र समुदायले राम्ररी अनुभूत गरे कि वास्तवमा यो ओली सरकार देश र जनताको सरकार होइन रहेछ, यो त विदेशी (साम्राज्यवादी र विस्तारवादी) शक्तिहरूको दलाल सरकार रहेछ र यसले यति ग्रुप, ओम्नी ग्रुप जस्तै माफियाहरूलाई पोस्ने काम गर्ने रहेछ । नेपाल, भारत, खाडी मुलुक तथा विश्वका विभिन्न देशमा गएर रगतलाई पानी सरी बनाएर कमाएको पैसाको रेमिट्यान्सबाट देश चलाएका दलाल शासकहरूले अहिले तिनै मजदुरहरू यति ठूलो समस्यामा, जीवन मरणको दोसादमा हुँदा पनि कुनै संवेदनशीलता प्रदर्शन गर्दैन । यो भन्दा ठूलो विडम्बना अरु के हुन सक्छ ? मरता तो क्या नई करता भन्ने स्थितिमा आम श्रमजीवी मजदुर वर्ग विद्रोहको राँको बाल्दै सडकमा उत्रने परिस्थिति सिर्जना हुँदै गर्दा नेपाल र विश्वका अरु देशमा पनि शासन सत्ता र शासन व्यवस्थामा उलटपुलट हुने दृष्टि क्षितिजमा देखिदै गएको छ ।*


**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निष्पक्ष खबर तथा**

**विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।**

www.moolbato.com


# कोभिड-१९को ब्यबस्थापन



● प्रा.डा.ओम गुरुङ ●

झण्डै दुई महिनादेखि नेपाल कोरोना भाइरसको संक्रमणबाट ग्रसीत छ । यद्यपि युरोप, अमेरिका र छिमेकी देश भारत तथा पाकिस्तानको तुलनामा नेपालमा कोरोना भाइरसबाट संक्रमित हुने बिरामीहरूको संख्या आजसम्म न्यून नै छ (५८) छ र नेपालमा कोरोना भाइरसबाट मर्नेको संख्या पनि सून्य छ । तापनि कोरोना भाइरस संक्रमणको जोखिम नेपालमा पनि दिनदिनै बढ्दो छ । यसलाई मध्य नजर गरेर कोरोना भाइरसको संक्रमण फैलिन नदिन नेपाल सरकारले गत चैत महिनाको ११ गतेदेखि देशब्यापी रूपमा लकडाउन घोषणा गरेको छ । लकडाउनको अवधी पाँचौ पटक थपेर बैशाख २५ गतेसम्म पुर्‍याइएको छ । नेपालको संदर्भमा लकडाउन कोरोना भाइरसको संक्रमण रोक्ने अत्यन्त उपयुक्त र प्रभावकारी उपाय साबित भएको छ । सरकारले घोषणा गरेको लकडाउनको आदेशलाई नेपाली जनताले अत्यन्त इमान्दारी र जिम्मेवारीका साथ पालना गरिराखेका छन् ।

तर लकडाउनको कारण नेपाली जनताले भोग्नु परेका दुःख कष्ट र पीरमर्काबारे भने नेपाल सरकार त्यति संवेदनशील देखिदैनन् । बिशेष गरेर काठमाडौं र नेपालको बिभिन्न शहरी क्षेत्रमा ज्याला मजदुरी गरी जीवन चलाउने गरीब मजदुर, बिद्यार्थी, मृगौला, क्यान्सर र मुटुका बिरामी, सुत्केरी महिला, खेतबारीमा कामगर्ने गरीब किसान, सानातिना बन्दब्याबसाय चलाएर गुजारा गर्ने ब्याबसायीहरू, सवारी चालक र आफुले काम गर्ने ठाउँमा खान बस्नको कुनै ब्यबस्था नभएर आफ्नो घरतिर खाली खुट्टा र भोको पेट लिएर पैदल हिड्न बाध्य भएका दुरदराजका श्रमिकहरूको अवस्था अति दर्दनाक बनेको छ । त्यसैगरी भारतको बिभिन्न राज्यबाट स्वदेश फर्कने क्रममा नेपालको सीमाक्षेत्रहरूमा आएर महिनौ दिनदेखि अलपत्र परेका हजारौ हजार श्रमजीवि नेपालीहरूको अवस्था झनै कहालीलाग्दो छ । सरकार यस्ता गरीब, बिपन्न र सीमानाकाहरूमा अलपत्र परेका जनताले भोगीरहेका कष्टकर जीवनप्रति पनि त्यति गम्भीर र सम्बेदनशील बन्न सकेको छैन । केरोना भाइरसको लागि भनेर राज्यको ढुकुटीमा अरबौ रूपिया जम्मा भएको छ, तर सरकारले कोरोना पिडीतहरूको लागि न आफैले प्रयाप्त राहत सेवा पुराउन सकेको छ, न मनकारी र सहयोगी ब्यक्ति तथा यंघसंस्थाहरूलाई सहज तरिकाले राहत सेवा पुराउन दिएको छ । बरू उल्टै सरकारका केही मन्त्री तथा जिम्मेवार कर्मचारीहरू कोरोना भाइरसको बिषम परिस्थितिलाई ब्यक्तिगत फाईदा उठाउने अवसरको रूपमा बदल्ने चेष्टामा उद्दत देखिन्छन । यी सबै परिस्थितिको लेखाजोखा नेपाली जनताले अवस्य गरिरहेका छन् ।

नेपालमा कोरोना भाइरस संक्रमण रोकथामका लागि सरकारले प्राबिधिक पक्षको ब्यबस्थानमा मात्र जोड दिएको पाईन्छ । तर प्राबिधिक ब्यबस्थापनले मात्र कोरोना भाइरसजस्तो महामारी नियन्त्रण गर्न सकिदैन । हामी सबैले हेक्का राख्नु पर्ने खास कुरा के हो भने कोरोना भाइरस जैबिक रोग मात्र होइन । यो सामाजिक रोग पनि हो । गरीबी, बेरोजगारी, सुकुम्बासी, आप्रबासी, अशिक्षा, महंगी, कालाबजारी, भ्रष्टाचार, दैनिक उपभोग्य बस्तुहरूको कृत्रिम अभाव, वातावरणीय ह्रास, चोरी डकैती आदि कोरोना भाइरस जस्ता महामारीले जन्माउने सामाजिक रोगहरू हुन र यस्ता रोगको उपचार प्राबिधिक ब्यबस्थापनले मात्र गर्न सकिदैन । महामारी नियन्त्रणका लागि सामाजिक ब्यबस्थापनको पनि उतिकै खा'चो पर्दछ । यसका लागि जनताका चाहना, उनीहरूको आसा, आका'क्षा र आवश्कता संबोधन गर्न सक्ने खालका राज्यको नीति, नियम, योजना तथा कार्यक्रमहरू चाहिन्छन्। र सरकारले त्यस्ता नीति, नियम, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने दायित्व पूरा गर्नु पर्दछ । त्यसका लागि सरकारको क्षमता,कार्य कुशलता र जनताप्रतिको इमानदारीता , पारदर्शिता,



जवाफदेहीता, प्रतिबध्दता र ब्यबस्थापकीय संबेदनशीलता चाहिन्छ । अहिले हाम्रो राज्यको नीति, नियम, योजना र कार्यक्रमहरू त्यति जनहितैषी छैनन् । सरकारको पनि माथि उल्लेख गरिएका गुणहरू कति छन भन्नेमा नेपाली जनताको खासै विश्वास छैन । राम्रा कुराको यस सबै आफै लिने र नराम्रोको दोषजति सबै जनतामाथि थोपर्ने प्रबृति हाम्रो सरकार र राजनेताहरूमा देखिन्छ । यसले गर्दा सरकार र राजनेताहरूप्रति जनताको विश्वास हराउदै गएको छ । कोरोना भाइरसको महामारीजस्ता बिपत्तिका बेला जनताको ज्यूधनको रक्षागर्ने जिम्मा राज्यको हो । यस्तो बेला जनताको भूमिका सहयोगीको रूपमा हुन्छ । नेपाली जनता शान्ति प्रिय, संयमित र सहयोगी छन् । नेपाली जनताले दुखकष्ट झेलेर पनि राज्यको नियम, कानुन, नीति, निर्देसन आदि पालना गरेर तथा राज्यलाई कर तिरेर कोरोना भाइरस रोकथाममा सरकारलाई सहयोग गरीरहेका हुन्छन् । तर उनीहरूका दुखकष्टप्रति भने सरकारको प्रयाप्त ध्यान पुगेको छैन । सरकारले जनताको दुखकष्ट प्रति प्रयाप्त ध्यान पुराउन नसक्नु दुखद पक्ष हो । देशमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन लकडाउनलाईनै अचूक उपायको रूपमा निरन्तर कायम राख्ने हो भने सरकारले निम्न कुराको ब्यबस्थापन गर्न अति जरूरी छ ।

१. लकडाउनलाई प्रभावकारी बनाउन राज्यले लकडाउनको अवधिभर जनताका आधारभूत आवश्यकताहरू परिपूर्तिको सुनिश्चितता गर्नु पर्दछ ।

२. आफ्ना घर फर्किने क्रममा नेपाल भारतको सीमा नाकाहरूमा महिनौ दिनदेखि अलपत्र परेका नेपालीहरूलाई सरक्षित तरिकाले घर फर्काउनु पर्दछ ।

३.कोरोना भाइरसको संक्रमण फैलिएका देशहरूबाट नेपाल फर्कन चाहने नेपालीहरूलाई नेपाल फर्किने ब्सबस्था गर्नु पर्दछ ।

५.काठमाण्डौं लगायत नेपालका बिभिन्न क्षेत्रबाट आफ्ना घर फर्किन चाहने ब्यक्तिहरूलाई घर फर्किने ब्यबस्था गरिदिनु पर्दछ ।

६. काठमाण्डौं लगायत देशको बिभिन्न क्षेत्रबाट घर फर्कन नसक्ने वा नचाहने गरीब बिद्यार्थी, मजदुर, भाडाका सवारी चालक, अन्ध अपाङगता भएका ब्यक्तिहरूको खान बस्नको व्यबस्था गर्नु पर्दछ ।

७. मुटु, क्यान्सर, मृगौला, मधुमेह जस्ता गम्भीर प्रकृतिका रोगबाट ग्रसित भै जोखिमपूर्ण जीवन बाचिरहेका बिरामी तथा गर्भवती महिलाहरूको स्वास्थ्य उचचारको लागि सहज तरिकाले अस्पताल आवतजावत गर्ने ब्यबस्था गर्नु पर्दछ ।

८. नेपालमा नपाईने वा पाइएपनि अति महँगो पर्ने मुटु, क्यान्सर, मृगौला, मधुमेह जस्ता रोगको औषधीहरू नेपालमै सुपथ मूल्यमा सहज तरिकाले उपलब्ध गराउनु पर्दछ ।

९.लकडाउनको अवधीभर अनलाईन शिक्षाको ब्यबस्था गर्नु पर्दछ र त्यसको लागि शिक्षक,बिद्यार्थीहरूलाई निशुल्क इन्टरनेटको सुबिधा प्रदान गरिनु पर्दछ ।

१०. जनताका दैनिक जीवनसंग जोडिएका अत्यावश्यक सरकारी तथा गैर सरकारी सेवाहरू अनलाईनद्वारा उपलब्ध हुने बिशेष ब्यबस्था गर्नु पर्दछ ।

११.कोरोना भाइरसका कारण घरमा त्यतिकै निस्क्रीय बसीरहेका विश्वविध्यालय तथा महाविध्यालयका प्राध्यापक, बिद्यार्थी तथा अनुसन्धान कर्ताहरूलाई मुलुकमा फैलिरहेको महामारी र भैपरी आउने बिपत्तिको समस्या पहिचान गर्न र त्यस्ता महामारी वा बिपत्ति ब्यबस्थापन गर्ने सन्दर्भमा बिभिन्न विधाको दृष्टिकोणबाट राज्यलाई नीति निर्माण गर्न र योजना तर्जुमा गर्न सघाउ पुग्ने खालका अध्ययन अनुसन्धान गर्न प्रोत्साहित गर्नु पर्दछ ।

१२. अहिलेको संकटपूर्ण अवस्थाबाट आर्थिक दृष्टीकोणले नेपालका किसानहरू अत्यन्तै जोखिममा परेका वर्गहरूमध्ये पर्दछन् । एकातिर खान नपाएर गरीब जनताहरू भोकभोकै मर्ने अवस्थामा पुगेका छन् भने अर्कोतिर यातायात बन्दका कारण किसानहरूले उत्पादन गरेका तरकारी, फलफूल, दूध, अण्डा, माछामासु कुहाएर सडकमा पोख्ने र फ्याक्ने गरिएका छन् । यस्तो स्थितिबाट आर्थिक मारमा परेका किसानहरूलाई बचाउन तत्काल उनीहरूलाई सरकारले आर्थिक सहायता दिनु पर्दछ ।

१३. बैदेशिक रोजगार र पर्यटन दीर्घकालीन रूपमा भरपर्ने आर्थिक श्रोतहरू होईनन् । आफ्नो देशको आर्थिक विकासको लागि आफ्नै अर्थ तन्त्र विकास गर्नु पर्दछ । नेपालको सन्दर्भमा कृषिनै आर्थिक विकासको बलियो मेरूदण्ड हो । त्यसैले भूमफिया र दलालहरूबाट हुने गरेको कृषियोग्य जमीनको चक्लाबन्दी बन्द गरिनु पर्दछ र सबै कृषियोग्य जमीनमा कृषि उत्पादनको विकास र बिस्तार गरिनु पर्दछ ।

१४. भारतबाट आयात हुने कृषि उत्पादनमा रोक लगाईनु पर्दछ र नेपालमै हुने कृषि उत्पादनको उपभोगमा जोडदिनु पर्दछ । कृषि सहकारी संस्थानहरू खोलेर नेपालका किसानहरूले गरेका कृषि उत्पादनको बजार ब्यबस्थापन सुनिस्चित गरिदिनु पर्दछ ।

१५.बिदेशबाट स्वदेश फर्केका युवाहरूको लागि स्वदेशमै उध्योग धन्दा र कलकारखानाहरू खोलेर रोजगारीका अवसरहरू सिर्जना गरिनु पर्दछ ।

१६.राष्ट्रीय पूँजि लगानीमा जोड दिनु पर्दछ र बिदेशी पूँजि लगानी न्यूनिकरण गर्दै लानु पर्दछ ।

१७.नेपाल-भारतबिचको सीमा खुला रहेसम्म कोरोना भाइरसजस्ता महामारी भित्रि रहने हुँदा यसबाट पाठ सिकेर नेपालको भारतसंगको खुला सीमा बन्द गर्नु पर्दछ ।

# शहीद मित्रमणि आचार्य: एक अविस्मरणीय व्यक्तित्व

● **चन्द्रहरि सुवेदी 'अटल'**



चितवन जिल्ला पार्टीले शहीद स्मृति ग्रन्थ निकाल्ने निर्णय गरेर मलाई मित्रमणि आचार्य बारे ल्खने जिम्मा दिएछ, खुसी लाग्यो । मित्रमणि शहीद भएको ३५ वर्ष हुनै लाग्दा पनि उहाँ चितवनको मात्र नभएर देशकै अजर अमर शहीदको कोटीमा पर्नेमा एक हुनुहुन्छ । राणा शासनदेखि ०४२ सम्मको अवधिमा देशमा शहीद हुनेहरू एक सतकभित्रै पर्ने हुदा मित्रमणि उच्चकोटीका विद्यार्थी शहीद नेतामा पर्नुहुन्छ । महान् माओले भन्नु भएझैं 'कसैको मृत्यु चराको प्वाँख जस्तै हलुका र कसैको मृत्युलाई पहाड जस्तै गह्रूङ्गो हुन्छ' भने जस्तै मित्रमणिको मृत्यु हिमाल जस्तै गह्रूङ्गो मृत्यु हुन पुगेको छ ।

२०१९ असार ११ गते प्यूठान जिल्लाको रम्दी गा.वि.स. वडा नं. २ तीघ्रामा बुवा रेशमराज आचार्या र आमा पिताम्वरदेवी आचार्यको कोखबाट उहाँको जन्म भएको थियो । उहाँमा सानैदेखि नेतृत्त्वमा हुने गुण भएकै कारण विषयवस्तुलाई पकड्ने, बुझ्ने, गर्ने भएकैले पक्लिहवा कृषि क्याम्पस र रामपुर कृषि क्याम्पसमा स्व.वि.यू. सभापति जस्तो विद्यार्थीहरूको साझा संगठनको नेता छानिन सक्नुभयो । मित्रमणिबारे धेरैले धेरै कुरा लेखे, कसैले जवर्जस्ती आफ्नो पंक्तिमा पार्ने असफल प्रयास पनि गरे । शहीद सबैको साझा सम्पत्ति हुन् । लक्ष्य *बाँकी ७ पेजमा*

# कोरोना, श्रमिकहरुको स्थिति र १३१औँ मई दिवस



● ईश्वर तिमिल्सिना ●

१. सन् २०२० को प्रारम्भदेखि नै कोभिड १९ अर्थात् कोरोना भाइरसबारे विश्वव्यापी तरंग सिर्जना भएको छ । चीनको हुबेइ प्रान्तको उहान सहरबाट पैदा भएको भनिएको कोरोना भाइरसलाई लिएर चलेको विश्वव्यापी बहस मार्च महिनाको उत्तरार्द्धतिर आइपुग्दा यसले मानवजातिको अस्तित्वमाथि नै संकट निम्त्याउन सक्ने गम्भीर विश्वव्यापी महामारीको रूपमा व्याख्या गर्न थालियो । विश्व स्वास्थ्य संगठनदेखि संसारका धेरै भारोलोजिष्ट, डाक्टर र वैज्ञानिकहरू समेत यस भाइरसको भयानकता र विनासक सामर्थ्य र यसको निराकरणलाई लिएर बहस, छलफल र विवादहरूसमेत भइरहेका छन् । यो विषय वा प्रकोप वर्तमानयुगको विशेषताजस्तै भुमण्डलीकृत र विश्वव्यापीकृतरूपमा फैलन पुगेको छ । वर्तमान विश्वको श्रम र पुँजीबजारजस्तै यसले पनि देशीय सिमाहरू तोड्दै आफ्लाई फैलाइरहेको छ र संसारका बहुसंख्यक मानिसहरूलाई तरंगित बनाइरहेको छ । एकातिर कोरोनाको भयानक त्रासदीका सुचनाले विश्वव्यापी प्रभाव जमाइरहेको छ भने अर्कोतर्फ यस कोरोना भाइरसबारे वैज्ञानिकहरूका पुर्वानुमान अनुरूप यसको दुस्प्रभापको सामर्थ्य नभएको बरु यो साधारण फ्लु भाइरस भएको निष्कर्षहरू पनि निकालिरहेका छन् । बेलायत, जर्मनी, अमेरिकन अध्येताहरूका निष्कर्षहरू समेटेर निकालिएका त्याहाँका सरकारी वेभसाइटहरूमासमेत यस भाइरसलाई साधारण भाइरस अर्थात् ष्लागिबलशब ष्पिभ र्षीलिभकक . क्षिक्ष को बर्गीकरणमा राख्नुले यसको पुर्व प्रक्षेपित भयानकताको खण्डन गर्दछ र यस भाइरस र रोकथामका लागि भइरहेका पद्धतिहरू मानवजाति र श्रमिकवर्गका लागि झन घातकसिद्ध हुने तथ्यहरूसमेत प्रस्तुत भइरहेछन् । खासगरी पोषणविद्का रूपमा परिचित डा. विश्वरूप राय चौधरी (भारत) यो कोरोनासम्बन्धी विश्वव्यापी हलचल औषधी उत्पादक कम्पनीहरूको दबाब र प्रभावमा विश्व स्वास्थ्य संगठनले अगाडि बढाएको जालसाजीपूर्ण दुस्प्रचार हो भन्ने मतको पक्षपोषण गरिरहेका छन् । जे होस् आजको दुनियाँमा कोरोनाको मुद्दा अर्थात्




कोरोना रोकथामलाई लिएर नेपाललगायत विश्वका धेरै मुलुकहरूमा नयाँ नयाँ चुनौती खडा भइरहेका छन् । खासगरि बिश्व श्रमबजारमा परिरहेको प्रभाव र त्यसले नेपाली श्रमिकहरूमाथि आइरहेका संकट र त्यसको सामना गर्ने उपायबारे सबैतिर विचार विमर्श अगाडि बढ्नु हाम्रो लागि आवश्यक भैसकेको छ ।

२. कोरोना भाइरस नियन्त्रण र रोकथामका निमित्त अपनाइएका विधिहरूले विश्वका महत्वपुर्ण श्रम तथा पुँजीबजारहरूमा हलचल, उलटपलट र उथलपुथलहरू हुँदै गरेका सुचनाहरू आइरहेका छन् । त्यसको प्रत्यक्ष असर संसारका श्रमिकहरूलाई परिरहेको छ । खासगरि हामी नेपाली श्रमिकहरूबारे अलि धेरै चासो दिने हो भने हाल वैदेशिक रोजगारीका क्षेत्रहरू मुख्यतः भारत, मलेसिया, कतार, साउदीअरब, संयुक्त अरब इमिरेट्स्जस्ता मुलुकहरूका श्रम र पुँजी बजारहरूमा आएको संकटका कारणले त्यसको प्रत्यक्ष असर नेपाली श्रमिकहरूलाइ परिरहेको देखिन्छ । उत्पादन र वितरणमा आएको अवरोधले त्यहाँको पुँजीबजारले नेपाली श्रमिकहरूलाई रोजगारी तथा स्वास्थ्य सुरक्षा प्रदान गर्न नसक्नेमात्र हैन कि वर्तमान संकटका बिचमा नै त्यहाँका सरकारहरू नेपाली श्रमिकहरूलाई स्वदेश फर्कन दबाब दिइरहेका सुचनाहरू आइरहेका छन् । एकातिर वैदेशिक रोजगारीको कमारोतुल्य श्रम बजारमा भौतारिन पर्ने नेपाली श्रमिकहरूको अपमानजनक स्थिति छ भने थप कोरोना संकटले पैदा गरेको यस स्थितिमा झन ठुलो संकटतर्फ धकेलिने स्थिति पैदा भइरहेको छ र यस परिघटनाले वैदेशिक रोजगारीको चुनौतीलाई मात्र उजागर गरेको छैन अपितु अनिश्चिततापुर्ण र अपमानजनक स्थितिसमेत सतहमा ल्याइदिएको छ ।

त्यसैगरी यो संकटले एकातिर वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई मातृभूमितिर फर्कन पर्ने स्थिति पैदा भइरहेको भने अर्कोतर्फ नेपाली श्रमबजारको स्थिति पनि त्यसभन्दा धेरै भिन्न छैन । खासगरी अनौपचारिक श्रम बजारमा क्रियाशील झण्डै बिसलाखभन्दा धेरै श्रमिकहरूको जिबनमा यसले प्रभाव पारिरहेको अनुमान गरिएको छ । खासगरी निर्माण, इट्टाभट्टा, ढुवानी, रिक्साचालक, यातायातमात्र हैन पर्यटनजस्ता सेवामुलक क्षेत्रमा श्रमिकहरूमासमेत रोजगारी गुम्न पुगेको छ भने रोजगारी गुमेसंग दैनिक आर्जनबाट जिबिकोपार्जन गरिरहेका श्रमिकहरूलाइ खाद्यलगायतका संकटहरू पैदा भइरहेको छ । यिनै संकटका परिणामस्वरूप हजारौं श्रमिकहरू लकडाउनका अवधिमा पनि घर फर्कने अभियानकारूपमा सडकमा लस्कर लस्कर हिडिरहेको स्थिति छ । यसले पुँजीपतिवर्ग र ठेकेदारहरूको संकटका बखत श्रमिकहरूप्रति गर्ने व्यवहार मात्र प्रकट गरेको छैन बरु आफुलाई कम्युनिष्ट भनिरहेको र श्रमिकहरूका नयाँ युग रचिरहेको दाबी गर्ने सरकारको समेत धज्जी उडिरहेको छ । साथै यी सबै परिघटना नेपाली समाज, श्रमबजारको चरित्र र नेपाली श्रमिकहरूको अवस्था हेर्ने ऐनासमेत बनेको छ । त्यस्तै औपचारिक श्रम क्षेत्रमा पनि संकटहरू देखा परिरहेका छन् । नियमित रोजगारीमा रहेका श्रमिकहरूको कटौति, नियमित तलबमा कटौती कतिपय उद्योगधन्दा नै बन्द हुने स्थिति पैदा भइरहेका छन् । यसले कथित औद्योगिकमैत्री वातावरणको कुरा गर्ने पुँजीपतिवर्गको स्वार्थको मात्र चित्रण गरेको छैन बरु श्रमिकहरूको पसिनाबाट प्राप्त नाफा सोहोर्ने पुँजीपतिवर्ग जब संकट पपैदा हुन्छ तब नाफाको सानो अंस श्रमिकहरूलाइ वितरण गर्न समेत तयार नभएर श्रमिकहरूलाई संकटतिर धकेलिदिएर आफु सुरक्षित हुन चाहान्छन् भन्ने कुरासमेत सतहमा ल्याइदिएको छ ।

३. अँध्यारोयुगको अन्त्य, उज्ज्यालोयुगको सुरुवात, सुखी नेपाली समृद्ध नेपाल आदि नारा दिएर नेपाली श्रमिकवर्गको आँखामा छारो हालेर शासन सत्तामा बसिरहेको कथित कम्युनिष्ट सरकार लाखौं श्रमिकहरू देशविदेशमा कष्टसाध्य जिबन बिताइरहँदा पनि केहि नभएझैँ बेमौसमी राग अलापिरहेको छ । वैदेशिक रोजगारीमार्फत् प्राप्त रेमिट्यान्स (विप्रेषण) बाट २५–३० प्रतिशत हिस्सा ओगट्ने अर्थतन्त्र भएको देशले आगामी चुनौतीहरूको कसरी सामना गर्ने र स्वदेशमा श्रमशक्तिको कसरी व्यवस्थापन गर्ने भन्ने गम्भीरता नदेखिनु गंभीर चिन्ता र चासोको विषय बन्न पुगिरहेको छ । वैदेशिक प्रतिक्रियावादी तत्वहरूको पालन पोषण र संरक्षणमा खडा भएको वर्तमान सत्ताधारीशक्तिलाई परास्त गर्दै यो व्यवस्थालाई नबदली श्रमिकवर्गका लागी संकटबाट मुक्त हुने कुनै बाटो देखा परिरहेको छैन ।

४. यतिबेला हामी विश्वव्यापी संकट र चुनौतीका बिचमा नै अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन समेत गइरहेका छौं । अमेरिकी पुँजीपतिवर्गले गरिरहेको शोषण, दमन र उत्पीडनका विरुद्ध त्याहाँका श्रमिकहरूले गरेको एकदशकभन्दा लामो संघर्षको पृष्ठभूमिमा विकशित अमेरिकी श्रमिक आन्दोलनको २ वर्ष लामो प्रतिरोध संघर्ष जुन् १८८४ देखि १८८६ सम्ममा उचाइ हासिल गर्न पुग्यो । श्रमिक नेताहरूमाथिको दमन, जेलनेल, यातना र मृत्युदण्डसम्मका ज्यादतीका बाबजुत त्यस आन्दोलनले आठघण्टा काम, आठघण्टा आराम, आठघण्टा मनोरञ्जनका मागहरू पुरा गराउन सफल भयो । जुन आन्दोलन र संघर्षले स्थापित गरेको त्याग, विरता र बलिदानले अमेरिकी श्रमिकहरूमा मात्र हैन विश्वका सबै मुक्तिकामी जनसमुदाय तथा श्रमिकवर्गमा प्रेरणा दिइरहेको छ । त्यस प्रेरणालाई स्थापित गर्न कमरेड एङ्गेल्स नेतृत्वको १८८९ मा बसेको दोश्रो अन्तर्राष्ट्रियको बैठकले विश्वव्यापीकरण गर्ने निर्णय संगै मनाउन लागिएको यो दिवस यहि बैशाख १९ गते १३१औं संस्करणकोरूपमा हामी मनाउन गइरहेका छौं । यतिवेला कोरोना महामारीको नामले परिचित पुँजीवादी उत्पादन र वितरणमा आएको संकटका साथै साम्राज्यवादी राष्ट्रहरूका बिचको व्यापारयुद्धकै उच्चरूप हो । हाम्रोजस्तो कमारो अर्थतन्त्र भएको मुलुकले शक्तिशाली राष्ट्रहरूकाबिचको द्वन्द्वमा गुमाउन पर्ने धेरै हुन सक्दछ । अल्पविकसित राष्ट्रका श्रमिकहरूले त्यसको भार बहन गर्नुपर्ने गंभीर चुनौति हाम्रासामु खडा भएको छ । यतिवेला हामीले बेहोर्न परिरहेको चुनौति र संकटहरूको सामना गर्ने र क्रान्तिकारी मजदुर आन्दोलनको विकास गर्ने सङ्कल्प गरेरमात्र मइ दिवस मनाउनुको सार्थकतचा हुन्छ । आउनुहोस् श्रमिकवर्गमाथि आइरहेका सङ्कट समाधान गर्न आन्दोलनको विकास गरौं ।

# कोरोना कहर र मजदुर दिवस



● खेम थपलिया ●

**मजदुरवर्गले आफ्नो मुक्ति प्राप्त गर्ने अधिकार युद्धको मैदानमा जित्नुपर्छ ।**

*-मार्क्स-सेप्टेम्बर १८७१, लन्डनमा भाषण*

मार्क्सको उपर्युक्त भनाइ मजदुर मुक्तिसँग जोडिएको सन्दर्भ हो । निश्चय पनि यहाँ मजदुर उत्पीडनको कारण पुँजीवादी राज्यसत्ता भएको र पुँजीवादी राज्यसत्ता उल्ट्याउन युद्ध आवश्यक पर्ने मार्क्सको सोच भेटिन्छ । यसर्थ मजदुरवर्गको मुक्ति भनेकै मजदुरवर्गीय राज्यसत्ता हो । मार्क्सको यो भनाइ समकालीन विश्व र नेपालमा आज पनि उत्तिकै सान्दर्भिक र औचित्यपूर्ण छ । विश्वमा जति पनि परिवर्तनहरू भएका छन्, जति पनि उथलपुथलहरू भएका छन्, त सबैमा मजदुरहरूको अहम् भूमिका रहँदै आएको छ । विशेषगरी फ्रान्सको राज्यक्रान्ति र युरोपमा विकास भएको औद्योगिक क्रान्तिपश्चात् मजदुरहरूको सङ्गठनात्मक एकता र योजना मूर्तीकृत हुन थालेको हो । आदिम साम्यवादी युगमा त्यसखालको परिस्थिति थिएन । मूलतः कृषियुग र त्यसपछिका समयमा मानव जीवनका तीब्र रूपमा परीवर्तन हुँदै आएको देखिन्छ । जनसङ्ख्याको तीब्र विकास मात्र होइन, मानवका विकसित आकाङ्क्षाहरूलाई साकार अघि बढ्ने सन्दर्भमा नयाँ नयाँ सैद्धान्तिक एवम् दार्शनिक व्याख्याहरू पनि हुन थाले । ती व्याख्याहरू तत्कालीन दार्शनिकहरूले आ-आफ्नै सापेक्षतामा व्याख्या पनि गर्दै अए । ती अनेक व्याख्याहरूमध्ये फायरवाख, हेगेल हुँदै कार्ल मार्क्ससम्म आइपुग्दा त्यसले व्यवस्थित मात्रै भएन, वैज्ञानिक पनि भयो । त्यही वैज्ञानिक कार्यदिशाका आधारमा विश्वका करिब आधा देशहरूमा समाजवादी क्रान्तिहरू हुन पुगे । जति पनि देशहरूमा समाजवादी क्रान्ति सम्पन्न भए, ती सबैमा एकै प्रकारको क्रान्तिको विशेषताका आधार रहेन । फरक फरक देशमा फरक फरक कार्ययोजना र नीतिका आधारमा क्रान्तिहरू भए । कतिपय देशहरूमा क्रान्तिले पछाडि फर्किनुपर्ने अवस्था पनि बन्यो । त्यसो हुनुमा त्यहाँको विशेषता र क्रान्तिकारी अभियानमा उपयुक्त तालमेलको अभाव नै थियो । यो कुरा नेपाली जनक्रान्तिलाई पूरा गर्ने कार्यभारसित जोडिएर पनि आउँछ । यो विकसित र नवीन परिस्थितिलाई क्रान्तिकारीहरूले विशेष ख्याल गर्न आवश्यक छ ।

विश्वमा समाजवादी क्रान्ति सम्पन्न भएका देशहरूमा क्रमशः प्रतिक्रान्ति हुँदै गएको र तत्कालीन सोभियत सङ्घ एवम् वार्साको विघटनपछि आफूलाई शक्तिशाली ठानेको नेटो र त्यसको मूल नेतृत्व अमेरिकी साम्राज्यवाद केही वर्ष मैमत्ता बन्न पुग्यो । फलस्वरूप अमेरिकी देशहरू, मध्यपूर्व तथा केही एसियाली देशसम्म पनि हस्तक्षेपको योजना बनायो । विश्वका कैयौँ देशहरूमा उसले आफ्नो सैन्यअखडा खडा गऱ्यो । अमेरिकाले आफ्नो सुरक्षा बजेटमा पनि कैयौँगुणा वृद्धि गऱ्यो । यसले आफूलाई अस्थायी रूपमै भए पनि एक्लो बहादुरको रूपमा बुझ्यो । अमेरिकी साम्राज्यवाद यतिसम्म मनोगतवादमा फस्न पुग्यो कि उसको व्यवहारबाट उसकै कतिपय मित्र राष्ट्रहरू ऊसँग चिढिन पुगे । वर्तमानमा आइपुग्दा विश्व बहुध्रुवमा बाँडिन पुगेको छ । कोरोना भाइरस 'कोभिड १९' सम्म आइपुग्दा परिस्थितिमा व्यापक हेरफेर आउने सङ्केत पनि देखिन थालेको छ । यो कुराले विश्वभरका मुक्तिकामी तथा उत्पीडित रष्ट्र तथा जनतालाई सुखानुभूति दिएको छ । यो कुरा नेपालका क्रान्तिकारी मजदुरहरूका निम्ति पनि सुखद् सन्दर्भ हो ।

नेपालमा यतिखेर संसदवादको बलमा दलाल तथा नोकरशाहाहरूको प्रतिक्रियावादी सत्ता जो चलिरहेको छ, त्यसलाई ध्वस्थ पारी देशमा वैज्ञानिक समाजवादी क्रान्तिलाई पूर्णता दिने पहल भइरहेको छ । यसका लागि नेपालका क्रान्तिकारी पार्टीहरूले अघि सारेका नयाँ राजनीतिक कार्यदिशा, विश्वमा विकसित विशेषताका साथै, नेपाली समाजमा विकास हुँदै गएको नयाँ नयाँ विशेषताका आधारमा क्रान्तिलाई पूर्णता दिने सार्थक पहलको आवश्यकता छ । यतिखेर हामी फेरि पनि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउने तरखरमा छौँ । नेपालका मजुदुरहरू मात्र नभएर संसारभरका मजदुरहरूले यो दिवस मनाउन आ-आफ्नो सापेक्षतामा कोरोना महामारीको बीचबाट तयारी गरिरहेका छन् । तथापि मजदुरको परिभाषा, काम, कर्तव्य र अधिकारका क्षेत्रमा काम गर्न धेरै बाँकी छ ।




एकछिन् पेरिस कम्युनको बारेमा कुरा गरौँ, पेरिस कम्युन सर्वहारावर्गको आदर्श हो । वर्ग समाजमा हरेक वर्गको आ-आफ्नो आदर्श हुन्छ । बसिखाने वर्गको एउटा आदर्श हुन्छ भने गरिखाने वर्गको आदर्श अर्को हुन्छ । त्यसैले १८ मार्चको दिनलाई संसारभरका श्रमजीवीहरूले एक आदर्श एवम् गौरवशाली दिनका रूपमा स्मरण गर्ने गर्छन् । करिब डेडसय वर्षअघि यसै दिन पेरिसका श्रमजीवीहरूले आफ्नो राज्यसत्ता स्थापना गर्न सशस्त्र विद्रोहको थालनी गरेका थिए । यही सशस्त्र विद्रोहमार्फत् इतिहासमै पहिलोपटक मजदुरहरूको आफ्नो राज्यसत्ता पेरिस कम्युनको स्थापना भएको थियो ।

१९औँ शदीको सातौँ दशकको प्रारम्भमा फ्रान्स सामाजिक अन्तर्विरोधहरूको केन्द्रको रूपमा रहेको थियो । सन् १७८९ को फ्रान्सिसी पुँजीवादी क्रान्तिपछि मजदुर र पुँजीपतिहरूका बीचको अन्तर्विरोध तीव्र रूपले बढिरहेको थियो । गणतन्त्र प्राप्तिका लागि सामन्तवादविरुद्धको लडाइँमा मजदुरहरूको निर्णायक तागतलाई उपयोग गरे पनि गणतन्त्र प्राप्तिपछि पुँजीपतिहरूले मजदुरहरूलाई निःशस्त्र पार्दै उनीहरूविरुद्ध मोर्चाबन्दीसमेत सुरु गर्न पुगे । सिद्धान्ततः मजदुरहरूले गणतन्त्र प्राप्तिको सङ्घर्षलाई शोषणमा आधारित समाज व्यवस्थाको विरुद्ध प्रयोग गर्न खोजे पनि वस्तुतः त्यो गणतन्त्र पुँजीपतिहरूको नियन्त्रणमा पुग्यो । फलस्वरूप श्रमजीवी जनतामाथि झन् बढी दमन र थिचोमिचो हुन थाल्यो । यसको प्रतिक्रियास्वरूप मजदुरहरूमा एकपछि अर्को गर्दै आक्रोश थपिँदै गयो । मजदुरहरूको ध्यान अन्यत्र मोड्न शासकहरूले प्रसियामाथि आक्रमण गरे पनि सो युद्धमा उनीहरू पराजित हुन पुगे । यी सबैको एकमुष्ठ परिणाम सन् १८ मार्च १८७१ मा विद्रोहको रूपमा विष्फोट भयो र सर्वहारावर्गको आदर्शका रूपमा पेरिस कम्युन जन्मन पुग्यो । यद्यपि, जनताको त्यो पहिलो सत्ता लामो समय टिक्न सकेन र ७२ दिनको छोटो समयमै प्रतिक्रियावादीहरूको चौतर्फी प्रहारबाट यो विघटन हुन पुग्यो ।

मानिसद्वारा मानिसमाथि हुने सबै भेदभावको अन्त्य भएको आदर्श समाजको स्थापना गर्न इतिहासको निर्माता श्रमजीवी जनताले पेरिस कम्युनमा देखाएको वीरता, त्याग र बलिदानको उदात्तभावले आज पनि संसारभरका क्रान्तिकारीहरूलाई उत्प्रेरित गरिरहेको छ । पेरिस कम्युनमा श्रमजीवी जनताद्वारा प्रस्तुत गरेको सर्वहारावर्गीय आदर्श विश्वभरिका क्रान्तिकारी आन्दोलनका लागि प्रेरणाको स्रोत बनिरहेको छ । पेरिस कम्युनको गौरवशाली मोर्चामा पुँजीपतिहरू 'मेरो छोराछोरीका लागि' भन्दै बाँच्न चाहन्थे भने श्रमजीवी वर्ग 'हाम्रा छोराछोरीका लागि' भन्दै बलिदान हुन तयार हुन्थे । मानव मुक्तिका लागि गरिएको त्यो अपूर्व बलिदान आजको क्रान्तिकारी आन्दोलनमा पनि ऊर्जाको स्रोत बनिरहेको छ र बनिरहनेछ । पेरिस कम्युनको गौरवशाली झन्डा एक लाखभन्दा बढी सर्वोत्तम छोराछोरीहरूको बलिदानको जगमा फहराइएको पेरिस कम्युनको झन्डा आज विश्वव्यापी रूपमा फैलिएको छ । पेरिस कम्युन सत्ताको रूपमा पराजित भए पनि संसारभरि यसले पैदा गरेको तरङ्ग र यसले देखेका सपनाहरू किमार्थ पराजित हुनेछैनन् । त्यसैले मार्क्सले संश्लेषण गर्नुभयो- पेरिस कम्युन असफल हुन सक्छ तर त्यसले सुरु गरेको सामाजिक क्रान्तिको विजय हुनेछ । त्यसको जन्मथलो सर्वत्र छ ।

उपर्युक्त सन्दर्भमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापनाका उद्देश्य र एकताका आधारहरूबारेमा पनि चर्चा गर्नु उपयुक्त हुन्छ । सन् २२ अप्रिल, २००६ मा नेपालमा सामन्ती राज्यव्यवस्थाको अन्त्य र समाजवादी राज्यव्यवस्थाको स्थापना गर्ने उद्देश्यले पाँचजना अग्रगामी चेतना भएका युवाहरूले कलकत्तामा नेपाल कम्युनिष्ट पार्टी गठन गरेका थिए । त्यसले आफ्नो स्थापनाको उद्देश्य अहिलेसम्म पूरा गर्न सकेको छैन । यद्यपि कम्युनिष्ट पार्टी स्थापना भएपछि आमूल परिवर्तन र अग्रगामी चिन्तनका वाहकहरू यो पार्टीप्रति आकर्षित-आबद्ध पनि भए । झाङ्गिँदै अघि बढेको नेपाल कम्युनिष्ट पार्टीले विभिन्न चरणमा भएका आन्दोलन र आफ्नै पहलमा आन्दोलन गर्ने प्रयास पनि गऱ्यो । त्यसरी गरिएका प्रयासहरूले देशमा परिवर्तनका लागि जग हाल्ने काम गऱ्यो र अन्ततः देशलाई गणतान्त्रिक युगमा प्रवेश गराउने महत्वपूर्ण राजनीतिक उपलब्धि हासिल गऱ्यो । सामन्ती राजतन्त्रको गजुर ढालियो ।

स्थापनाकालदेखि आन्तरिक रूपमा दक्षिणपन्थी शक्तिका विरुद्ध सङ्घर्ष गर्नुमा नै नेपाल कम्युनिष्ट पार्टीले धेरै समय र शक्ति खर्चनुपऱ्यो । सङ्घर्षकै क्रममा यसमा टुटफुट र विभाजन देखापऱ्यो । विभिन्न गुट-उपगुट जन्मन पुँगे । नेपालको कम्युनिष्ट आन्दोलन तीसदेखि पचाससम्मको अवधि टुटफुटको र विभाजनको पर्याय बन्न पुग्यो । टुटफुट र विभाजनकै कारण देशको परिपक्व परिस्थितिको बाबजुद वर्गसङ्घर्षलाई जनताको अपेक्षाअनुरूप कम्युनिष्ट पार्टीले अगाडि बढाउन नसक्दा जनताको चाहना पूरा गर्न पाएन । यही कमजोरीको आत्मसातीकरणका साथ कम्युनिष्ट आन्दोलनको सही समीक्षा गर्दै माओवादीले २०५२ साल फागुन १ गतेबाट ग्रामीण वर्गसङ्घर्षको माध्यमबाट नेपाललाई अर्धसामन्ती-अर्धऔपनिवेशबाट पूर्ण मुक्ति दिने अभियान सञ्चालन गऱ्यो । त्यसका लागि हतियार प्रयोग अनिवार्य सर्त भएको माओवादीले आत्मसात् गऱ्यो । बन्दुकको नालबाट राज्यसत्ताको जन्म हुन्छ भन्ने माओले प्रतिपादन गरेको सिद्धान्त नेपाली धर्तीमा माओवादीले लागू गऱ्यो । वास्तवमै कम्युनिष्ट पार्टी स्थापनाको उद्देश्यअनुरूप जनताको राज्यसत्ता स्थापना बन्दुकको नालबाटै हुन सक्छ भन्ने कुरालाई आत्मसात *बाँकी ४ पेजमा*

## एमसीसी...

वरिष्ठ नेता झलनाथ खनाल नेतृत्वको कार्यदलको अन्तिम प्रतिवेदनमा नेपाल सरकार र एमसीसीबीचको सम्झौता र नेपालको कानुनको अन्तरसम्बन्धबारे सम्झौतामा उल्लेख गरिएका कतिपय व्यवस्था अन्योल उत्पन्न गर्ने किसिमका र त्रुटिपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।

सम्झौता अन्तर्गतको कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सम्झौताका प्रावधानहरू प्रभावी हुने र त्यस हदसम्म सम्बन्धित मुलुकका कानुनहरू लागू नहुने विषय स्वाभाविक नै भए पनि यसबाट नेपालका अन्य कानुनी प्रबन्धहरू प्रभावित नहुने कुरा सुनिश्चित गरिनुपर्ने सुझाव कार्यदलको छ । साथै, वर्तमान र भविष्यमा बन्ने अमेरिकी कानुन लागू हुने भनी गरिएको त्रुटिपूर्ण व्यवस्था सच्याइनु पर्ने सुझाव पनि प्रतिवेदनमा छ ।

कार्यदलले एमसीसी स्वतन्त्र र सन्तुलित नीतिमाथि आधारित रहेर छिमेकी मित्र राष्ट्रहरू, अन्य मित्र एवं विकास साझेदार राष्ट्र र संस्थाहरूसँग सम्बन्ध कायम गर्दै त्यसलाई विस्तार र सुदृढ गर्ने नेपालले अवलम्बन गर्दै आएको नीति अनुरूप हुनपर्ने बताएको छ ।

सहायताले राष्ट्रिय आवश्यकता र स्रोतको न्यूनताबीचको अन्तर कम गर्न, देशको विश्वसनीयता वृद्धि गर्न तथा लगानी र व्यवसायका लागि अनुकूल स्थिति रहेको सन्देश सम्प्रेषण गर्न साथै आधुनिक प्रविधिमार्फत विकास कार्यमा गति दिन पनि सहयोग पुरयाउनपर्ने ठहर गरेको छ ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान सबैको लागि सर्वाधिक महत्व हुने भन्दै कार्यदलले नेपाल सरकार र एमसीसीका बीच भएको आर्थिक अनुदान सहायता सम्झौता पनि नेपालले हालसम्म अवलम्बन गर्दै आएको स्वतन्त्र परराष्ट्र नीति तथा सबै राष्ट्रहरूसँग मित्रता र सार्वभौमिक समानताको मान्यता अनुरूप नै हुनुपर्ने निष्कर्ष निकालेको छ ।

कार्यदलले यससँग मेल नखाने मूल सम्झौता र सहायक सम्झौताका प्रावधानहरू संशोधन वा परिवर्तन हुनुपर्ने सुझाव दिएको छ ।

सम्झैतामा अमेरिकी कानून भूतप्रभावी हुने कुरासमेत उल्लेख रहेको प्रतिवेदनमा छ । कार्यदलले सन् २००२ देखि नै एमसीसी तथा त्यसअन्तर्गत संचालन हुने मिलेनियम च्यालेञ्ज कम्प्याक्ट र मिलेनियम च्यालेञ्ज अकाउण्ट अमेरिकी राष्ट्रिय सुरक्षा र रक्षानीति अन्तर्गत अगाडि बढाइएको निष्कर्ष निकालेको छ ।

यस्तै, एमसीसीको कार्यक्रम आर्थिक योजनासँग सम्बन्धित देखिए पनि यो अमेरिकी सरकारको सुरक्षा लक्ष्य र कार्यक्रमसँग घनिष्ठ रूपमा जोडिएको प्रतिवेदनमा उल्लेख छ ।

एमसीसी अन्तर्गत नेपाललाई प्राप्त हुने अनुदान अमेरिकी सामरिक र रणनीतिक लक्ष्य अन्तर्गत आईपीएससँग सम्बन्धित नभएको र नहुने कुरा सुनिश्चित हुनेगरी नेपाल र अमेरिकाबीच औपचारिक पत्राचारद्वारा प्रष्ट गरिनुपर्ने प्रतिवेदनमा सुझाव दिइएको छ । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीसमेत सदस्य रहेको कार्यदलले त्यसका लागि परराष्ट्र मन्त्रालयले आवश्यक पहल हुनुपर्ने सुझाव दिएको छ ।

निर्मित विद्युत प्रसारण लाईन नेपाल सरकारलाई हस्तान्तरण गरी राष्ट्रिय आवश्यकता अनुरूप संचालन हुने स्पष्ट प्रावधान हुनुपर्ने तथा मर्मत सम्भार गरिने भनिएका सडकहरू त्यस्तो मर्मत सम्भारपछि तुरन्तै नेपाल सरकारलाई हस्तान्तरण गरी संचालन गरिने कुरा प्रष्ट हुनु आवश्यक रहेको कार्यदलको प्रतिवेदनमा छ ।

एमसीसी अनुदान अन्तर्गत नेपालमा संचालन हुने आयोजना पाँच बर्षको लागि भएकाले निर्मित संरचनाहरू आयोजना पूरा हुनेबित्तिकै सम्पूर्णरूपमा नेपाललाई हस्तान्तरण गर्ने प्रावधान सुनिश्चित गरिनुपर्ने नेकपाको कार्यदल प्रतिवेदनमा छ ।

मूल सम्झौता र त्यस अन्तर्गत भएका सबै सम्झौताहरूमा पारस्परिक समानता अनुरूपको भाषा प्रयोग गरिनुपर्ने सुझाव पनि दिएको छ ।

यस्तै, कार्यक्रम अन्तर्गतका आयोजनाहरूमा नेपाली कम्पनीहरूले कर्मचारी र कामदार भर्तिको लागि काम गर्नपाउनु पर्ने सुझाव कार्यदलले दिएको छ । नेपालमा उपलब्ध नहुने जनशक्ति आवश्यक हुने स्थानमा मात्र विदेशी नागरिकहरूले काम गर्नपाउने व्यवस्था गरिनुपर्ने सुझाव प्रतिवेदनमा छ ।

नेपाल सरकार र एमसीसी सम्झौता संसदबाट अनुमोदन हुने वा नहुने विषयको अन्तिम टुंगो नलाग्दै आयोजना कार्यान्वयनको काम अगाडि बढाइनु कानूनी र व्यवहारिक दुबै दृष्टिले अनुचित हुने कार्यदलको निष्कर्ष छ ।

भएका सम्झौताहरू र यसका कतिपय सहायक सम्झौताहरूले नेपालको तर्फबाट पर्याप्त तयारी, अध्ययन अनुसन्धान र आफ्ना दृष्टिकोणहरू स्पष्ट राख्नमा कमी रहेको कार्यदलको निष्कर्ष पनि प्रतिवेदनमा छ । दीर्घकालीन रूपमा प्रभाव पार्ने बाह्य आर्थिक सहायता र ऋणबारे निर्णय गर्नु पूर्व राष्ट्रिय हितलाई केन्द्रभागमा राख्दै पार्टीको उच्च तहमा समेत गम्भीर परामर्श र छलफल गरी सुविचारित निर्णय गर्ने परिपाटी अवलम्बन गरिनुपर्ने सुझाव कार्यदलले तयार पारेको प्रतिवेदनमा छ ।

यसबाहेक यस्ता संवेदनशील विषयहरूलाई अगाडि बढाउँदा राष्ट्रिय हित, स्वाधीनता, स्वाभिमान तथा मित्र राष्ट्रहरूसँगको सम्बन्ध र कुटनीतिक मर्यादालाई गम्भीर रूपमा लिइनु पर्ने पनि प्रतिवेदनमा छ ।

यस्तै, एमसीए-नेपाल सोझै एमसीसीबाट निर्देशित र परिचालित नभई नेपाल सरकारद्वारा संचालित र निर्देशित हुने व्यवस्था गरिनुपर्ने सुझाव पनि प्रतिवदेनमा छ । नेपाल सरकारको अधिकार र भूमिकालाई यथोचित स्थान दिँदै त्यसलाई कुनै पनि अर्थमा निषेध गर्न नहुने तथा कार्यक्रमका सबै गतिविधिहरू नेपाल सरकारको सहभागिता, अनुगमन र निरीक्षणको दायरामा रहनुपर्ने कुरा प्रतिवेदनमा छ ।

अनुदान सहायता सम्झौता तथा त्यसअन्तर्गत गरिएका कार्यक्रम कार्यान्वयन सम्झौतालगायतका सम्झौताहरूमाथि गम्भीर ध्यान दिई त्यस सम्बन्धमा आवश्यक संशोधन, सुधार र परिमार्जन गर्नु आवश्यक रहेको कार्यदलको निष्कर्ष छ । यसो गरेरमात्र सम्झौतालाई संसदबाट अनुमोदन गर्ने वा अगाडि बढाउने कार्य गरिनु पर्ने उल्लेख छ ।

एमसीसीमा परराष्ट्र मन्त्रालयको भूमिका कमजोर देखिएको प्रतिवेदनले भनेको छ । नेपालमा बाहय आर्थिक सहायतालगायत कतिपय अन्तर्राष्ट्रिय सहायता तथा सम्बन्धका विषयमा परराष्ट्र मन्त्रालयको संलग्नता नहुनेमात्र होइन त्यस मन्त्रालयलाई जानकारीसमेत नहुने स्थिति रहँदै आएको पनि प्रतिवेदनमा उल्लेख छ ।

यस्ता सहायताको बारेमा निर्णय गर्दा यसको पृष्ठभूमि, सम्झौता र सहमतिका समग्र पक्ष तथा सम्बन्धका सबै आयामलाई ध्यान दिइनु पर्ने कार्यदलको सुझाव छ । निष्कर्ष र सुझावसहितको प्रतिवेदनमा एमसीसी, एमसीए-नेपाल तथा आइपीएस्सम्बन्धी दस्तावेज र सामाग्रीको अध्ययन विश्लेषणबाट गरिएको भन्दै प्रतिवेदनमा सुझाव दिएको उल्लेख छ ।

सत्तारुढ दल नेकपाभित्र एमसीसीलाई लिएर पार्टी स्थायी कमिटी बैठकमै ठूलो विवाद भएपछि बरिष्ठ नेता खनालको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो । यसका सदस्यमा परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली र एमसीसीका आलोचक स्थायी कमिटी सदस्य भीम रावल छन् ।

एमसीसी कार्यदल प्रतिवेदनमा प्रदीप ज्ञवालीको १५ बुँदे फरक मत

पार्टीभित्र विवाद बढेपछि सत्तारुढ नेकपाले गठन गरेको एमसीसी कार्यदल प्रतिवेदनमा परराष्ट्रमन्त्री एवं स्थायी कमिटी सदस्य प्रदीप ज्ञवालीले १५ बुँदे फरक मत राखेका छन् ।

प्रतिवेदन कार्यदलका सदस्य ज्ञवालीको फरक मत शीर्षकमा भनिएको छ, 'कतिपय विश्लेषण र निष्कर्षहरू लगायत प्रश्नहरूमा मेरा आफ्ना पृथक बुझाइ, अध्ययन र मान्यता रहेको तथा त्यसलाई स्पष्ट पार्नु आवश्यक ठानेकोले भिन्न रायसहित आफ्नो दृष्टिकोण राखको छु ।'

यस्ता छन् ज्ञवालीका फरक मतका मुख्य बुँदा

१. सन्दर्भ

संयुक्त राज्य अमेरिका नेपालको महत्वपूर्ण विकास साझेदार हो । दौत्य सम्बन्ध कायम भएयताको सात दशकभन्दा लामो अवधिमा अमेरिकाले द्विपक्षीय र बहुपक्षीय संयन्त्रहरूमार्फत नेपालको शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, औलो उन्मूलन, कृषि, वन र उर्जा लगायत क्षेत्रमा महत्वपूर्ण सहयोग पुरयाउँदै आएको छ । नेपालका लागि पर्यटकहरूको तेस्रो ठूलो स्रोत मुलुकका रूपमा रहेको अमेरिकाले विभिन्न नेपाली वस्तुहरूलाई सहुलियतपूर्ण बजार सुविधा पनि उपलब्ध गराउँदै आएको छ । मिलेनियम च्यालेञ्ज कर्पोरेसनमार्फत नेपालको उर्जा र सडक पूर्वाधारको क्षेत्रमा प्रस्तावित ५० करोड डलरको आर्थिक सहायता अमेरिकाले पूर्वाधारका क्षेत्रमा अहिलेसम्म गरेको सबैभन्दा ठूलो आर्थिक सहायता हो ।

२.मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)

एमसिसी स्थापनाको पृष्ठभूमि हेर्दा अल्पविकसित र विकासशील मुलुकहरूको आर्थिक विकासमा विकसित मुलुकहरूले सहयोग बढाउनु पर्ने भनी निरन्तर उठेको आवाज, सेप्टेम्बर ११ को घटनापछि सिर्जित विशेष परिस्थिति र अन्तरराष्ट्रिय सहयोगका प्रचलित स्वरूप र ढाँचाभन्दा फरक ढङ्गले क्रियाशील हुने अमेरिकी चाहना मुख्य देखिन्छन् ।

३. नेपाल र एमसिसी

सशस्त्र द्वन्द्वको समाप्ति र नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपालले विकासका लागि विभिन्न अन्तर्राष्ट्रिय सहायताहरूको खोजी र परिचालन गर्ने क्रममा सन् २०१० देखि एमसिसीसँग प्रत्यक्षपरोक्ष सम्पर्क राखेको देखिन्छ । यसक्रममा अमेरिकास्थित नेपाली राजदूतावासले एमसिसी मुख्यालयसँग सम्पर्क गरेको र तत्कालीन प्रधानमन्त्री श्री झलनाथ खनालको कार्यकालमा एमसिसीको टिमसँग भएको छलफलमा नेपालको पूर्वाधार क्षेत्र, विशेष गरेर विद्युत प्रसारण (ट्रान्समिशन लाइन) निर्माणमा अमेरिकी सहायता परिचालन गर्ने विषयमा प्रारम्भिक कुराकानी भएको देखिन्छ ।

सन् २०१७ सेप्टेम्बरमा एमसिसीसँग सम्झौता गर्नु पूर्व नेपालले विभिन्न प्रक्रियाहरू पार गरेको छ । परियोजनामा छनोट हुन पूरा गर्नु पर्ने विभिन्न मापदण्डहरू पूरा गरेको छ । यस क्रममा थ्रेसहोल्ड कार्यक्रम त लागू समेत भइसकेको छ । सम्झौताका बारेमा कुनै पनि निष्कर्षमा पुग्नु पूर्व यसको पृष्ठभूमि, यसक्रममा विभिन्न सरकारहरूले खेलेका भूमिका र मुलुकको आवश्यकताको आलोकमा समेत राखेर विश्लेषण गरिनु पर्छ ।

४.बाह्य सहायता सम्झौता, परराष्ट्र सम्बन्ध र मुलुकको विश्वसनीयता

एमसिसीको विषयलाई लिएर कतिपय नेताहरूले दिएका अभिव्यक्तिहरूले हाम्रो परराष्ट्र सम्बन्ध, हाम्रा आर्थिक नीति र कुटनीतिक मर्यादामाथि नै प्रश्न उठ्ने स्थिति बनेको छ । अमेरिकाले अवलम्बन गरेका सबै नीति, मान्यता या गतिविधिमा हाम्रो समान दृष्टिकोण हुनु पर्छ भन्ने छैन । स्वतन्त्र र सार्वभौम राष्ट्का हैसियतमा हामी स्वतन्त्र परराष्ट्र नीति र बाहृय सम्बन्ध अवलम्बन गर्छौं । सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने नीतिका आधारमा हामी सम्बन्धहरूलाई परिचालन गर्छौं । इस्यु विशेषमा मतभिन्नता हुन सक्छ, तर 'समान सोच राख्ने' (लाइक माइन्डेड) हरूसँग मात्रै सम्बन्ध राख्ने र अरुसँग दूरी कायम गर्ने नीति अनुचित मात्रै छैन, हानीकारक पनि छ । चलिरहेका कतिपय बहस, आक्षेप र अतिरञ्जित प्रचारहरूले विविधीकरण, विस्तारीकरण र सन्तुलित बन्दै गएको हाम्रो कुटनीतिक सम्बन्धलाई समेत असहज बनाइरहेको छ । हामीले हिँड्न खोजेको बाटोकै बारेमा अन्यौल सिर्जना गरेको छ ।

५.विकसित देशहरूका रणनीति र आधिकारिक विकास सहायता (ओडिए)

सम्झौताका बारेमा सर्वाधिक बहस र विवादमा ल्याइएको विषय अमेरिकाको हिन्द प्रशान्त रणनीति (इण्डो प्यासेफिक स्ट्राटेजी) सँग यसको अन्तरसम्बन्धको विषय हो । यस विषयमा निष्कर्षमा पुग्नु अघि केही तथ्यहरूलाई विश्लेषण गरिनु पर्छ ।

अमेरिकाको कुनै नीति या रणनीतिले एमसिसीसँग गरिएको सम्झौताभन्दा बाहिर गएर नेपालमाथि कुनै थप कानुनी दायित्व सिर्जना गर्न सक्दैन । नेपालको जवाफदेहिता त्यति विषयमा मात्रै सीमित हुन्छ, जसमा हामीले सम्झौतामार्फत प्रतिवद्धता जनाएका छौं ।

६.एमसिए र अन्य सम्झौताहरू

आयोजना कार्यान्वयनमा संलग्न हुने पक्षहरूको जिम्मेवारी र विस्तृत कार्यान्वयन प्रक्रिया र विधि उल्लेख गरी विस्तारित स्वरूपमा कार्यान्वयन सम्झौता गर्ने सबै दातृ निकायको अभ्यास रहँदै आएको छ । यस्ता सम्झौता मूल सम्झौताको भाव र आशयसँग फरक नपर्ने गरी गरिने भएका कारणले यसले मूल सम्झौतालाई प्रभावित गर्न सक्दैन भन्ने कुरा स्पष्ट नै देखिन्छ ।

७.सम्झौता संसदबाट अनुमोदन नहुँदै कार्यक्रम अगाडि बढेको विषय

सम्झौता संसदबाट अनुमोदन नहुँदै किन कतिपय कार्यक्रमहरू अगाडि बढेको हो भन्ने प्रश्न पनि उठाइएको छ । एमसिसीको मुख्य विशेषता नै सम्पूर्ण पूर्व तयारी पूरा गरेर मात्र कार्यान्वयनमा जाने हो । निश्चित समयमा सुरु भएर निश्चित समयभित्रै सकिनु पर्ने बाध्यात्मक व्यवस्था रहेको एमसिसी परियोजनाको स्वरूप नेपालमा लागू अन्य परियोजनाभन्दा भिन्न छ । सुरु हुँदाको दिनदेखि नै परियोजनाको 'काउण्ट डाउन' सुरु हुने भएकाले परियोजना सुरु हुनु पूर्व पूरा गर्नु पर्ने कतिपय व्यवस्थालाई स्वाभाविक रूपमै लिनु पर्छ ।

८.एमसिए नेपाल, सरकारको भूमिका र एमसिसी

बाहृय सहायतामा सञ्चालित परियोजनामा अत्यधिक प्रशासनिक हस्तक्षेप हुने गरेको, त्यहाँका सवारी साधनलगायतका स्रोतहरूको दुरुपयोग हुने गरेको, बीच-बीचमा परियोजना प्रमुख, कर्मचारी र नियमसमेत परिवर्तन गरेर परियोजनाको कार्यान्वयन प्रक्रिया प्रभावित हुने गरेको तीतो अनुभव हामीसँग छ ।

यसले पनि परियोजनाको लागत बढाउन, निर्माणमा ढिलाइ हुन र नेपालको कार्यान्वयन क्षमतामाथि प्रश्नचिहृन उठ्ने स्थिति सिर्जना भएको छ । यस्ता कमीहरू दोहोरिन नदिन एमसिसी कम्प्याक्टमा एउटा छुट्टै संयन्त्र (नेपालको हकमा एमसिए नेपाल) गठन गरेर त्यसलाई सरकारले पूर्ण अख्तियारी सुम्पने र त्यसले स्वतन्त्र ढंगले काम गर्ने, बीचमा कुनै नियमहरू प्रिवर्तन गर्न नपाइने र कर्मचारी लगायतको छनोट स्वतन्त्र निकायबाट हुने व्यवस्था गरिएको छ ।

९. क्रस-बोर्डर ट्रान्समिसन लाइन र भारतको सहमति

ट्रान्समिसन लाइन बनाउने परियोजना छनोट गरिएपछि यसमा भारतको सहमति जुटाउने विषय सम्मिलित हुनु स्वाभाविकै हो । यसलाई अन्यथा विश्लेषण गर्नु आवश्यक देखिँदैन । यस्तो सहमति यही परियोजनामा सीमित हुने हो, अन्य विषयमा लागू हुने होइन । यसै निष्कर्षका आधारमा नेपालले भारतसँग विद्युत व्यापार सम्झौता गरेको हो, त्यसपछि भारत सरकारका निर्देशिकाका कतिपय प्रावधानहरू सच्याउन पहल गरेको हो, बङ्गलादेशसँग उर्जा सहयोग समझदारी गरेको हो । यसअघि नै पनि, ढल्केबर-मुजफ्फरपुर सीमा वारपार ट्रान्समिसन लाइन निर्माण भएर हामीले आफूलाई अपुग विद्युत भारतबाट मगाइरहेको र पछिल्लो समय 'इनर्जी बैङ्किङ्' अवधारणा अनुरूप तिनै लाइनहरूबाट बर्खायाममा बढी भएको विद्युत भारतमा निर्यात गर्न सुरु गरेको परिप्रेक्ष्यमा यस्ता परियोजनाको महत्वलाई बुझ्न सकिन्छ ।

१०. एमसिए, राष्ट्रिय कानुन र अमेरिकी कानुनको प्रसङ्ग

दुई मुलुकहरूबीच हुने अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनमा सम्बन्धित मुलुकका कानुनहरू बाधक बन्न नहुने तथा बाझिएको हदसम्म सम्झौताकै प्रावधानहरू प्रभावी हुने व्यवस्था स्थापित अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास नै हो । एमसिसी कम्प्याक्टको हकमा पनि यही व्यवस्था लागू हुन्छ । यसको व्याख्या यसै गरी नै गरिनु पर्छ । कहीं कतै स्पष्ट भए पत्राचारद्वारा स्पष्ट पार्न र यसको दायरा त्यही हदसम्म सीमित हो, यसले नेपालका अन्य कुनै कानुनी प्रबन्ध र कानुनको सर्वोच्चतालाई प्रभावित गर्न सक्दैन भन्ने कुरा स्थापित गर्न सकिन्छ ।

११. सर्भाइबल क्लजहरू

सम्झौताका केही 'सर्भाइबल क्लजहरू' का सन्दर्भमा पनि टिप्पणी हुने गरेको छ । परियोजना पूरा भएपछि या कथंकदाचित कुनै कारणले परियोजना रद्द भएमा पनि त्यतिञ्जेल सिर्जित कतिपय दायित्वहरू फरफारक गर्न, लेखा परीक्षण गर्न, बरबुझारथ र हक हस्तान्तरण गर्न केही सङ्क्रमणकालीन व्यवस्थाहरू राखिएको देखिन्छ । यस व्यवस्थाले एमसिसी नेपालमा अनन्तकालसम्म रहन खोजेको अर्थ पनि लाग्दैन, त्यस्तो संभव पनि छैन । स्पष्ट छ, पाँच वर्षमा परियोजना सम्पन्न भएपछि एमसिए नेपालको पनि कार्यावधि सकिन्छ, परियोजना नेपालको स्वामित्वमा हस्तान्तरण हुन्छ र परियोजना कार्यान्वयनका लागि गरिएका सबै प्रबन्धहरू र यससँग जोडिएका कानुनी र अन्य व्यवस्थाहरू पनि स्वतः निष्प्रभावी या असान्दर्भिक हुन पुग्छन् । यससम्बन्धी नेपालको बुझाइ यही हो र सम्झौताको आशय पनि ।

१२. बौद्धिक सम्पत्ति

नेपालले परियोजनामा १३ करोड डलर लगानी गरेको हुनाले त्यसबापत सिर्जना हुने बौद्धिक सम्पत्तिमा नेपालको स्वतः हक सिर्जना हुने कुरामा नेपालले स्पष्ट पारेर जानु पर्छ ।

१३.अतिरञ्जित प्रचार

यसका अतिरिक्त, परियोजनामा नेपालले लेखा परीक्षण नै गर्न नपाउने, परियोजनाको सुरक्षाका नाममा अमेरिकी सेनाको प्रवेश हुने, शिविरहरू खडा हुने, यसले भूराजनीतिक द्वन्द्व सिर्जना हुने, यस परियोजनाले अन्य छिमेकी मुलुकहरूसँग नेपालले गरेका सम्झौताहरू अवरुद्ध हुने, सम्झौता अमुक सम्झौता भन्दा पनि बढी 'राष्ट्रघाती' भएको आदि भनेर गरिएका प्रचारहरू अतिरञ्जित, भ्रामक र दुई मुलुकबीचको सम्बन्धलाई तिक्त बनाउने गलत आशयबाट प्रेरित छन्' । यथार्थ तथ्य नबुझी पार्टीका कतिपय नेताहरू यस्ता प्रचारमा संलग्न हुनु बिडम्बनाको विषय हो ।

१४. पार्टीभित्रका बहस र विषयको संवेदनशीलता

पार्टीभित्र समय-समयमा विभिन्न विषयमा मतभिन्नता, अन्तरविरोध या असमझदारी उत्पन्न हुन सक्छन् । तर, कुनै मित्र राष्ट्रसँगको सहयोग, कुटनीतिक सम्बन्ध या मुलुकको दीर्घकालीन छविसँग जोडिएका प्रश्नहरूलाई पार्टीभित्रको अन्तरविरोधका रूपमा उपयोग या प्रयोग गर्नु बिडम्बनापूर्ण हुन जान्छ । वामपन्थी आन्दोलन आमरूपमा प्रतिरक्षात्मक रहेको अवस्था र जटील भूराजनीति र विश्व सन्दर्भमा काम गरिरहेको हाम्रोजस्तो पार्टी यस्ता विषयमा अझ बढी संवेदनशील हुनु जरुरी हुन्छ । तर, कतिपय नेताहरूका अभिव्यक्ति एमसिसी कम्प्याक्टका अन्तरवस्तुमा कम, पार्टीभित्र को चाहिँ राष्ट्रवादी र को चाहिँ अराष्ट्रवादी भन्ने कित्ताकाट गर्ने प्रश्नमा बढी केन्द्रित हुनु दुर्भाग्यपूर्ण छ ।

१५.थप प्रसङ्ग

पार्टीमा जुन ढंगले विवाद सिर्जना भयो, यस क्रममा जस्ता अभिव्यक्तिहरू सार्वजनिक भए र यसले जस्तो अन्यौल सिर्जना गर्यो- हाम्रो जस्तो पार्टीका लागि निकै गम्भीर र विचारणीय विषय हो । हामीजस्तो विश्व परिस्थिति र भूराजनीतिमा बाँचिरहेका छौं ! हाम्रो पार्टीको नाम, कार्यदिशा र बाटोको विषयलाई लिएर समाजको एउटा तप्का र विश्वका कतिपय शक्तिहरूका जस्तोखालको आग्रहपूर्ण दृष्टि छ र हाम्रा अगाडि जस्ताखालका चुनौती र संभावनाहरू छन् यस्तो पार्टीका लागि मित्र राष्ट्रहरूसँग सम्बन्ध नै प्रभावित हुने, हाम्रो परराष्ट्र नीतिका आधारभूत मान्यतामै प्रश्न उठ्ने र राष्ट्रले लिएका परिपक्व नीतिहरूको ठाउँमा व्यक्तिका अपरिपक्व अभिव्यक्तिका कारण भ्रम सिर्जना हुने स्थिति आउनु निश्चय नै राम्रो होइन । सम्झौता भएको साढे दुई वर्षपछि अध्ययनका लागि कार्यदल बन्नु र सार्वजनिक बहस हुनुले हाम्रो कार्यशैलीमा रहेका गम्भीर कमजोरीहरूलाई प्रदर्शित गर्छन् ।

यतिमात्र नभएर, हिजो सरकारमा हुँदा निर्णय गरेर हस्ताक्षर गर्ने, त्यसलाई ठूलो उपलब्धिका रूपमा चित्रित गर्ने र यतिबेला यसैलाई राष्ट्रियताको मापक जस्तो बनाएर ध्रुवीकरणको शैलीको बहसमा उत्रिनु असङ्गति र अस्थिरताको अभिव्यक्ति हो । यस्ता व्यवहारले दातृ समुदायसमक्ष हाम्रो मुलुकको नीति, छवि र विश्वसनीयतामाथि नै प्रश्नचिहृन खडा गर्न सक्छ ।

## देशव्यापी...

महासंघका नेताहरू ढोग प्रसाद अधिकारी, उमेश लामा र राजु लामाको समेत उपस्तिथि थियो । कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले अनौपचारिक श्रम बजारमा काम गर्ने नेपाली मजदुरहरूको अवस्था गम्भीर बन्दै गएकोले राज्यले मजदुर लक्षित राहतको कार्यक्रम घोषणा गर्न विलम्ब भएको बताउदै औपचारिक क्षेत्रमा काम गर्ने मजदुरको रोजगार तथा तलब कटौतीका सन्दर्भमा सरकार पक्ष गम्भीर बन्न नसकेको टिप्पणी गर्नु भयो । उहाँले भन्नुभयो ' यो सरकारको हदै सम्मको लाचारी र मजदुर वर्ग माथिको अन्याय हो, अब यसको विकल्प खोज्नु पर्छ ।'

यसैगरी महासंघको आयोजनामा सिन्धुलीको भिमानमा पनि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । महासंघका महासचिव वसन्त बोगटी प्रमुख अतिथि रहेको कार्यक्रममा प्रवासी मजदुर नेता घनश्याम पहाडी, पार्टीका ३ नम्बर प्रदेश सदस्य सुनिता बुढाथोकी, च्थीका ३ नम्बर प्रदेश कमिटी सदस्य सुरेश खत्री, विद्यार्थी नेता नरेन्द्र कार्की लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा महासचिव बोगटीले नेपाल भित्र र वैदेशिक रोजगारीको शिलशिलामा भारत, मलेसिया, मध्यपुर्व लगायत संसार भरी करिब ६० लाखको संख्यामा रहेका नेपाली श्रमिक दाजुभाइ दिदिबहिनीले हाल भोग्नु परेको संकटमा सहयोग गर्ने गरि सरकारले आफ्नो न्युनतम उपस्थिति पनि देखाउन नसकेको बताउदै अब मजदुर वर्गले यो संकट भित्रैबाट नयाँ सम्भावना र विकल्पको खोजी गर्नु पर्ने टिप्पणी गर्नुभयो ।

यसैगरी काठमाडौको शान्तिनगरमा यातायात मजदुरहरूको अन्तरक्रिया सम्पन्न भएको छ । महासंघका केन्द्रीय सचिवालय सदस्य कुमार घतानेको संयोजनमा उक्त कार्यक्रम भएको थियो । ललितपुरको महालक्ष्मी नगरपालिकामा पनि मजदुरहरूको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ जसलाई महासंघका केन्द्रीय सदस्य दिनेश थापाले संयोजन गर्नु भएको थियो । उता जनकपुर बसपार्कमा महासंघका केन्द्रीय सदस्य नन्दु झाको संयोजकत्वमा यातायात मजदुरहरूको अन्तरक्रिया सम्पन्न भएको छ भने ५ नम्बर प्रदेशको देवदह नगरपालिका(७ मा पनि भव्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । महासंघका केन्द्रीय सदस्यद्वय भिमलाल काफ्ले र राजु भुजेलले संयोजन गरेको कार्यक्रममा उल्लेख्य मजदुरहरूको उपस्थिति रहेको बुटवलबाट भिमलाल काफ्लेले जानकारी गराउनु भएको छ ।

## सय बढी...

मजदुर कार्यरत रहेको स्थानमा अझै नपुगेको गुनासो ललितपुर जिल्लाभर रहेको देखिन्छ । मजदुरहलाई क्रान्तिकारी ट्रेड युनियन महासंघकी नेता निशा राईले घरघर पुगेर राहत सहयोग गर्न थालेपछि पीडित मजदुरहरू उनको नम्बर खोज्दै हिँड्न थालेका छन् ।

महासंघले तीन दिन अगाडि पनि उक्त क्षेत्रका पीडित १ सय ४ मजदुर परिवारलाई राहत वितरण गरेको थियो ।

## कोरोना...

गरेको हुँदा नै माओवादीले सुरु गरेको जनयुद्ध देशभर ज्वारभाटासरि फैलियो र यसले भारतदेखि चीनसम्मका नेपालीलाई जनयुद्धले वर्गसङ्घर्षको तुफानी साङ्लोमा आवद्ध गरायो । जनमुक्तिका लागि जनयुद्धमा आफ्नो योग्यता, भौतिक अवस्थाअनुसार सबै नेपाली जनयुद्धमा कुनै न कुनै रूपमा सरिक बने । यसमा उनीहरूको जनयुद्धप्रतिको संलग्नता देशलाई मुक्ति दिनु र अर्धसामन्ती अर्धउपनिवेशबाट पूर्ण मुक्त भई स्वाधीन देशका स्वावलम्बी नागरिक भएर बाँच्ने उद्देश्य थियो । जनताको व्यापक सहभागिताकै कारण जनयुद्धले नेपालमा मात्र नभई सिङ्गो विश्वलाई नै नेपालको जनयुद्धले काफी मात्रामा प्रभावित तुल्यायो ।

जनता अहिले पनि सिद्धान्तः सशस्त्र सङ्घर्षकै माध्यमबाटै कम्युनिष्ट पार्टी स्थापनाको उद्देश्य पूरा गर्ने मोर्चामै छ । शान्तिपूर्ण बाटोबाट वर्गसङ्घर्षलाई अगाडि बढाएर पार्टी स्थापनाको उद्देश्य पूरा हुन सक्तैन । अहिले नयाँ परिवेशमा एक्काइसौँ शताब्दीमा क्रान्ति-प्रतिक्रान्तिमा विश्व क्रान्तिको मूल्याङ्कन गर्दै नयाँ विश्व परिवेशअनुसार नीति अगाडि सारेको माओवादी आफूहरू निरन्तर क्रान्तिको मोर्चामै रहेको कुरा बताइरहेको छ । कम्युनिष्ट पार्टी स्थापनाले परिकल्पना गरेको अर्धसामन्ती-अर्धउपनिवेशको अन्त्य र समाजवादी राज्यव्यवस्थाको स्थापना नै प्रमुख हो । कम्युनिष्ट पार्टी स्थापना भएदेखि आजसम्म आउँदा नेपाली कम्युनिष्ट आन्दोलनमा माओवादी सबभन्दा ठूलो र शक्तिशाली पार्टी बनेको छ तर ऊ आज छिन्नभिन्न हुन पुगेको छ । यसले लिने नीतिले नै कम्युनिष्ट पार्टी स्थापनाको लक्ष्य पूरा हुन सक्छ वा सक्दैन भन्ने निर्धारण गर्दछ । कम्युनिष्ट पार्टी स्थापनाको उद्देश्य पूरा गर्ने एकपटक पुनः सङ्कल्प गर्नु आवश्यक छ ।

शोषण तथा उत्पीडनबाट मानवजातिको मुक्ति आन्दोलन अनेकौं मोड र घुम्तीहरू हुँदै आफ्नो ऐतिहासिक विकासको बाटोमा अघि बढिरहेको छ । आन्दोलनभित्र देखापरेका गैरसर्वहारा विचारहरूको विरुद्ध, मार्क्सवादको क्रान्तिकारी सारतत्वबाट भएका विचलनहरूका विरुद्ध, अर्थवाद, सुधारवाद, संशोधनवाद, विसर्जनवाद, अवसरवाद आदिको विरुद्ध सिद्धान्तको आधारबाट अविचलन र सम्झौताहीन ढङ्गले सङ्घर्ष अघि बढाउन आवश्यक छ । दक्षिणपन्थी-अवसरवाद, सारसङ्ग्रहवादका विरुद्ध सङ्घर्ष गर्दै सबै सैद्धान्तिक, व्यावहारिक र साङ्गठनिक क्रियाकलापमा मार्क्सवादलाई पथप्रदर्शकका रूपमा प्रयोग गर्न जरुरी छ । सुधारवाद-संशोधनवादको दलदलबाट जोगाएर क्रान्तिकारी सिद्धान्तको रक्षा गर्दै विश्वक्रान्तिको अग्रगतिको पक्षमा अघि बढ्न सकिन्छ । मानवजातिको मुक्ति सङ्घर्षको बाटोलाई आलोकित पार्ने नेतृत्वमा सही नीति तय गर्न सक्ने क्षमता, संशोधनवाद तथा अवसरवादप्रति दृढ, सम्झौताहीन विरोध, हरपरिस्थितिमा सही अडान र निर्णय लिन सक्ने क्षमता, साङ्गठनिक र नेतृत्वदायी क्षमता, सच्चा शत्रु र सच्चा मित्रलाई छुट्याउन सक्ने गुण, निर्णय लिनमा र त्यसको कार्यान्वयनमा दन्होपन दर्शाउने गुण, निर्दिष्ट लक्ष्यको पक्षमा सारा सकारात्मक तत्वहरूको उपयोग गर्न सक्ने सामर्थ्य, श्रमको मुक्ति लक्ष्यमा समर्पित एकाग्रता जस्ता सच्चा सर्वहारा क्रान्तिकारी गुण हुन जरुरी छ । सर्वहारावर्गका आदर्शका श्रमिक जनता र श्रमप्रति महान् स्नेह, जनताप्रति असीम विश्वास, आत्मत्याग र आत्मबलिदान सम्झौताहीन दृष्टिकोण, सादा जीवन र उच्च विचारको उत्कृष्ट रूप, निष्कपटता, नैतिक सच्चरित्रता, बलियो सङ्कल्प शक्तिद्वारा नयाँ युगको यात्रा सम्भव छ । एकताका सैद्धान्तिक आधारहरूको खोजी गर्दै माओवादी विश्व सर्वहारावर्गको नेतृत्व गर्ने पार्टी भएकोले क्रान्तिकारी विचारको रक्षा गर्नु यसको पहिलो दायित्व हो । वर्गसङ्घर्षलाई कमजोर बनाएर कुनै पनि हालतमा पार्टी स्थापनाको उद्देश्य पनि पूरा हुन सक्तैन । त्यसैले एकपटक समवेत स्वरमा भनौँ- संसारका मजदुर र श्रमिकहरू एक होऔँ ।

नेपालमा अहिले ओली नेतृत्वको फासिवादी सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको यतिबेला, विश्व महामारी कोरोना भाइरसले सताइरहेको यतिबेला हामी १३१ औं महान् मजदुर दिवस मनाइरहेका छौं । मजदुरहरू प्रतिबन्धित अवस्थामा आफ्नो प्रिय दिवस मनाउन बाध्य छन् । यतिबेला सयौं मजदुर जेल र हिरासतमा छन् । ओली सरकार मैमत्त बनेको छ । यतिबेला ओली सरकार कुर्सीको लुछाचुँडीमा व्यस्त छ । मार्क्सले भन्नुभएजस्तै मजदुरवर्गले आफ्नो मुक्ति प्राप्त गर्ने अधिकार युद्धको मैदानमा नै जित्नुपर्नेछ । यसको निम्ति सम्पूर्ण मजदुरहरू एकजुट हुन अनिवार्य छ । अपेक्षा गरौं- मजदुरहरूको क्रान्तिकारी ध्रुव्रीकरण हुनेछ । सर्वहारावर्गको राज्यसत्ता प्राप्त गर्ने यात्रा सफल हुनेछ ।

# मे दिवसको सन्दर्भमा विश्वका क्रान्तिकारीहरूद्धारा प्रकाशित संयुक्त अपिल

*विश्वका क्रान्तिकारीहरूको साझा केन्द्र 'क्रान्तिकारी अनतर्राष्ट्रियतावादी आन्दोलन (रिम) विघटनको स्थितिमा पुगेपछि विश्वका क्रान्तिकारीहरूबीच अहिले एकताभाव पैदा गर्न तथा बहसछलफल र वैचारिक आन्दोलनका बीचबाट नयाँ केन्द्रको निर्माणतर्फ अग्रसर हुने उद्देश्यका साथ युरोपका माओवादी पार्टीहरु खास गरेर इटालीको माओवादी पार्टीको पहलमा मे दिवसका दिन विश्वभरिका क्रान्तिकारीहरूले संयुक्त विज्ञप्ति निकालेका छन् भने ल्याटिन अमेरिकी मुलुकका साथै कतिपय युरोपेली मुलुकका माओवादी सङ्गठनहरूको तर्फबाट पनि वेग्लै संयुक्त विज्ञप्ति निकालेका छन् । दुवै संयुक्त विज्ञप्तिको जोड विश्वका माओवादी क्रान्तिकारीहरु एक भएर नयाँ केन्द्र बनाउनु पर्छ भन्ने छ । ती दुवै संयुक्त विज्ञप्तिहरूको सारसक्षेप तल प्रस्तुत गरिएको छ ।*




***ल्याटिन अमेरिकी र युरोपेली मुलुकका माओवादी संगठनहरूको तर्फबाट प्रकाशित संयुक्त विज्ञप्ति***

विश्वका सर्वहारा एक होऔँ ।

**भ्रममुक्त होऔँ र सङ्घर्षलाई अघि बढाऔं ।**

हामीलाई पहिल्यै थाहा थियो, विश्वका सर्वहारा आम जनताका लागि यो विश्व बाँच्नलायक छैन भन्ने कुरा हाम्रो मनमस्तिष्कले पहिले नै थाहा पाइसकेको थियो । यताका महिनामा जे देखिएको छ, त्यो कुरा हामीलाई थाहा पाइसकेका थियौं । आँखा चिम्लेर नक्कली सपना देख्ने मान्छेले पनि साम्राज्यवादी विश्व व्यवस्था सम्बन्धी सबै भ्रमहरू टुक्राटुक्रा भएर धुवाँझैं हावामा हराउँदै गरेको देखेको छ ।

गलत नाम दिइएको 'कोरोना क्राइसिस', जसले सबैभन्दा गरिब र कमजोरलाई नै आफ्नो आहारा बनाउँछ, यो महामारी दशकौंदेखि आम जनतासित सम्बद्ध जनस्वास्थ्य सम्बन्धी नीतिलाई निरन्तर परित्याग र आपत र महामारीका समयमा गर्नु पर्ने तयारीप्रतिको बेवास्ताको परिणाम हो, वास्तवमा यो स्वास्थ्य सेवालाई नाफा आर्जनमा फेर्ने ' निजीकरण' को नीति र योजनाहरू चलाउने हिजोका साम्राज्यवादी मुलकुहरू तथा आजको नोकरसाही पुँजीवादको उपज हो । फलस्वरूप आपतकालीन र महामारीका समयमा अस्पतालहरू रोगव्याधीसित जुध्ने सामर्थ्य राख्दैनन, त्यहाँ स्वास्थ्यकर्मीहरू र साधनहरूको अभाव छ । वास्तवमा सम्भावित समस्याप्रति सत्ताधारीहरूको चासो नै छैन । नत्र भने चीनको बुहानमा 'कोभिड(१९) को महामारी चलेको बेला नै उनीहरू सचेत हुनु आवश्यक थियो । त्यस्तो बेला 'अर्थतन्त्रलाई नोक्सान नपुर्याउने भनेर' चीनमै पनि पूर्व संचेतना देखिएन र न त संयुक्त राज्य अमेरिका, स्पेन र इटालीमा देखियो । यही हो 'कोरोना क्राइसिस' को सङ्क्षिप्त कथा, यसले साम्राज्यवादभित्रको आम सङ्कटलाई घोषणा गर्छ ।

'कोरोना(सङ्कट)' कारक पक्ष मात्र हो र मूलतः यो नयाँ विश्व आर्थिक संकटको नयाँ चरण हो– पुँजीवादी अत्यधिक उत्पादनको पुँजीवादी सङ्कट, जसलाई धेरै अघिदेखि वित्तीय पुँजीका अर्थशास्त्रीहरूले घोषणा गरिसकेका हन्, जुन 'कोरोना भाइरस' को महामारी 'कोभिड(१९)' मार्फत बडो तीव्र गतिमा देखिएको छ र संसारभरका प्रतिक्रियावादी सरकारहरू –मुख्यतः याङ्की साम्राज्यवादी महाशक्ति, आणविक महाशक्ति रूस र महान साम्राज्यवादी शक्तिहरू यसको अहिले अगाडि परेका छन । उनीहरू बीचको सनकी प्रतिस्पर्धाका कारण यो सङ्कट अझ गहिरिँदै गएको छ ।

यो सङ्कट उत्पादन शक्तिहरूको विनासको बाटो हो, जुन दोस्रो विश्वयुद्धपछि देखिएको थिएन-यस किसिमको हिउँपहिरोलाई ध्यानमा राखेर प्रतिक्रियावादी सरकारहरूले पहिले महामारी विरुद्ध लड्न आवश्यक छ भनेर ध्यान अन्यत्र मोडेका छन, जब कि साम्राज्यवादीहरू, प्रतिक्रियावादीहरू र संशोधनवादीहरूकै गलत परिचालनका कारण 'कोभिड(१९)' महामारीका रूपमा फैलिएको हो र यो विश्वका आम जनताको आम नरसंहारको माध्यम बन्न पुगेको हो । गलत नाम दिइएको 'कोरोना सङ्कट', ले सबैजसो साम्राज्यवादी तथा नोकरसाही सामन्ती राज्यसत्ताहरूलाई तानेको छ र गम्भीर राजनीतिक सङ्कटमा डुबाएको छ, यसले अन्तर्राष्ट्रिय तहमा सबै आधारभूत अन्तर्विरोधहरूलाई तीव्र बनाउँछ, जुन यस मामिलामा विशिष्ट अवस्थामा छन ।

साम्राज्यवादी र तिनका दलालहरू नै यस किसिमका विपत्तिहरूका लागि जिम्मेवार छन ।

चीनको बुहानमा महामारीको थालनी भएपछि साम्राज्यवादीहरूको चिन्ता मुख्यतः ' आपूर्तिको सञ्जाल' मा अवरोधप्रति थियो, अर्थात एकाधिकारका कारण यसले ठाडै उत्पादनमा समस्या उत्पन्न गराउँथ्यो । त्यसैले तिनीहरूले महामारीको विस्तार रोक्नका लागी कुनै कदम चालेनन । यस वर्षको जनवरीको आरम्भमा देखापरेको यो व्याधी विस्तारै महामारीमा परिणत हुन थालेको छ भन्ने कुरा सुरुका दिनमै प्रस्ट भइसकेको थियो, एइरोनटिकल र टुरिस्ट कम्पनीहरूले नाफामा गिरावट ल्याउने छन भनेर उनीहरूले यसप्रति बेवास्ता गरे । महामारीले पश्चिमी युरोपलाई गाँज्न थालेपछि स्कुलहरू बन्द गरिए पनि रेस्टुरेन्टहरू र वेश्यालयहरू खुला छोडिदिए-भन्नलाई चाहिँ साना व्यापारीलाई नोक्सानीबाट बचाउन भनियो, मूल उद्देश्य चाहिँ सबै 'फ्रेन्चाइजी' र ठूला थोक बिक्रेता एकाधिकारवादीहरूको रक्षा गर्नु थियो । जब कारखानाहरू बन्द हुन थाले, अनि मात्र साम्राज्यवादी मुलुकहरूले उपायको खोजी गर्न थाले । यसबाट प्रतिक्रियावादी राज्यहरूले जसरी पनि हुन्छ एकाधिकारको अस्तित्वको ग्यारेन्टी गर्दछन भन्ने कुरा प्रस्ट हुन्छ । राज्य एकाधिकार पुँजीवादको अनियन्त्रित विकास भएको ठाउँहरूमा जनउत्तरदायित्वलाई उनीहरूले जेसुकै होस भन्ने गर्छन । विश्वमा याङ्की साम्राज्यवादले थोपरेको आर्थिक र जर्मन साम्राज्यवादले 'युरोपियन युनियन' भित्र थोपरेको 'आर्थिक नीति' नै ती देशहरूमा हजारौं हजारौंको मुत्युको दोषी छ ।

यी केही तथ्यहरूले साम्राज्यवादी मुलुकहरूले नाफालाई मूल चासो र चिन्ता बनाएर महामारीको व्यवस्थापन गर्छन् र आफ्नो राजनीतिक तथा सैन्य स्वार्थका लागि साम्राज्यवादी मुलुकहरू पुँजीपतिहरूसित मिलेर विशेष गरी उत्पीडित जनताको अत्यधिक शोषण गर्न आफ्ना दमकनकारी नीति अघि सार्छन् भन्ने कुरा देखाउँछन । अहिले उनीहरू पुँजीवादी भगवान का सामु बली चढेर मर्न हामीलाई आव्हान गर्छन । उनीहरूलाई बचाउनका लागि हामीले आफूलाई वलिदान गर्न माग गरिएको छ ।

साम्राज्यवादीहरू आफ्नो बाटोबाट टसमस हुँदैनन, उनीहरू आफ्नै कुतर्कलाई लागु गर्छन, विश्वको ध्यान 'कोरोना सङ्कट' मा केन्द्रित भएको अवस्थालाई उनीहरू आफ्नो फाइदामा उपयोग गर्न खोज्छन । क्यारेबियन क्षेत्रमा भेनेजुएलाको बिरूद्ध याङ्की साम्राज्यवादको मनपरी आक्रमण, उत्तरी समुद्रमा रूसको नौसैनिक परिचालन र इरानका बिरूद्ध इङ्लिस च्यानलमा याङ्कीहरूको वर्चस्व तोड्न जर्मनीको नेतृत्वमा 'इयु' को अग्रसरता, ओपेक र रूसलाई उनीहरूको तेल उत्पादनलाई लिएर ट्रम्पले दिएको धम्की, यस्ता थोरै 'घटनाहरू' हन, जसबाट यी साम्राज्यवादी रक्तपिपासु पशुहरूको स्वभावमा कुनै परिवर्तन भएको छैन भन्ने कुरा पुष्टि हुन्छ । अध्यक्ष माओले भनेझैं साम्राज्यवाद कहिल्यै पनि अहिंसक बुद्धमा परिणत हुँदैन ।

बढ्दो आर्थिक र राजनीतिक सङ्कटको परिदृश्यमा, यी सबै बर्बरताको कसले भुक्तानि गर्नु पर्ने हो भन्ने कुरा प्रस्ट छ । गन्हाएको यो व्यवस्थामा जहिले पनि ती कामदारहरू, मुख्यतः 'कागजात बिना' का मान्छेहरू र आम जनता नै यसको भागिदार बन्नु पर्ने कुरा प्रस्ट छ । साम्राज्यवादी मुलुकहरूमा लाखौंको सख्यामा बेरोजगारहरू भौंतारिइरहेका छन । ठूलो बोझ मजदुर र जनताको पिठ्यूमै हुनेछ, साम्राज्यवादद्वारा उत्पीडित देशहरूमा चाहिं यो बोझ मुख्यतया किसानहरूमा पर्नेछ । भारतमा मात्रै करोडौं कामदारहरूले एकै दिनमा आफ्नो खानपिनको स्रोत गुमाएका छन र बाँच्नका लागि उनीहरूलाई गाउँमा फर्किन बाध्य हुनु परेको स्थिति छ । यो अर्ध(सामन्ती आधारलाई नष्ट गर्नुको साटो थप मजबुत बनाउने साम्राज्यवादी शोषणको अकी उदाहरण हो ।

चिलीमा 'क्वारेन्टाइन' लागु हुन थालेपछि ठूला थोक व्यापारीहरू, नोकरसाही पुँजीपतिहरूले रोटीको मूल्य एकै दिनमा २०प्रतिसत बढाउने घोषणा गरे । कस्तो अपराध ? पहिले, सत्ताधारीहरूले दैनिक गुजारा चलाउनका लागि के-के कुराको जगेडा गर्नु पर्छ भन्ने कुरामा आम जनतालाई सही किसिमले सूसुचित गर्दैनन, उल्टै बेवास्ता गर्छन, त्यसपछि, तिनीहरू नभइ नहुने आधारभूत खाद्यान्नको मूल्यमा ठूलो मात्रामा बृद्धि गर्छन । इक्वेडरमा मृतकका लासहरू गुयाक्विलको सडकमा कति दिनसम्म लडिरहे- कीराफट्याङ्गाको संसारको जस्तै, यसले पुरानो सामन्ती नोकरसाही राज्यतन्त्रको घीनलाग्दो स्थितिलाई देखाउँछ । ब्राजिलमा फासिवादी बोल्सोनारो र सैन्य उच्च कमान्डर प्रतिक्रान्तिकारी सत्ताका लागि एकआपसमा सङ्घर्ष गरिरहेका छन, तर, ठूला पुँजीपतिहरू, जमिनदारहरू र याङ्कीको हितसित गाँसिएको नीति तथा योजनामा उनीहरू एक भएका छन, 'कोभिड (१९) सित लड्ने नाममा लाखौं कामबाट हटाइएका छन, बेरोजगारको सख्या बढ्दो छ, कतिपयको ज्याला घटाइएको छ, भोकमरी र उत्पीडन तीव्र बनेको छ, जनता असहाय स्थितिमा छन ।

यस सङ्कटको जिम्मेवार साम्राज्यवादी परजीवीहरू हुन, याङ्की साम्राज्यवादको प्रभुत्वमा रहेका 'विश्व ब्याङ्क' र 'अन्तर्राष्ट्रिय मुद्राकोष' बडो धुर्त्याइँपूर्वक नकच्चरो तालले 'सहयोग' को प्रस्ताव गर्छन । यी संस्थाहरूले पराधीनता, उत्पीडन, शोषण, भोक र पीडा दिनुबाहेक अरू केही जान्दैनन भन्ने कुरा विश्वका मानिसहरूले राम्ररी बुझेका छन । ती दासमालिकहरू दासहरूलाई बेसमारी कुट्छन, दासहरू मरणासन्न भएर भुइँमा नलडुन्जेलसम्म कुट्छन र उनीहरूलाई अझ बलियो साङ्लोले बाँध्नका लागि हात पसारेर उठाउने गर्छन । उत्पीडितहरूले यसलाई कसरी सहिरहून ।

दमनले प्रतिरोध उत्पन्न गर्दछ र साम्राज्यवादी व्यवस्थाको सङ्कटलाई बढाउँछ, यो पतनको अकी सङ्केत हो, फलस्वरूप यसले वर्षौंसम्म चुनौतीलाई निरन्तरता दिएर विश्वभरि जनताको आन्दोलनमा थप वृद्धिका लागि सहयोग पुर्याउँछ । एकपल्ट फेरि क्रान्तिले आफ्नो विशेषतालाई ऐतिहासिक र राजनीतिक सिद्धान्तका रूपमा व्यक्त गर्छ । साम्राज्यवादीहरू र उनीहरूका भरौटेहरूका सबै अपराधहरूलाई विश्वभरिका क्रान्तिकारी जनताले बढीभन्दा बढी सजाय दिनेछन । राष्ट्रिय मुक्तिको सङ्घर्षमा वृद्धि हुने छ र त्यो भन्दा पनि बढी जनसङ्घर्षको महान विष्फोटले सम्पूर्ण विश्वलाई हल्लाउनेछ । अन्तर्राष्ट्रिय सर्वहारा र विश्वका जनता साम्राज्यवादको सबैभन्दा खराब महामारीको अन्त्य गर्न महान फड्को मार्ने छन । फोहोरमैलाको जगमा उभिएको त्यो अजङ्गको पहाड सदाका लागि फ्यालिनेछ ।

***साम्राज्यवाद र पुरानो सत्ताका बिरूद्ध युद्ध र प्रतिरोध ।***

हामी विश्वका कम्युनिष्टहरूले वर्तमान राजनीतिक अवस्थालाई राम्ररी बुझ्नुपर्दछ र पहलकदमी, शक्ति र सामर्थ्य अनुसारको जिम्मेवारी ग्रहण गर्नु पर्दछ, आम जनता हथौडा र हँसियासहितको रातो झण्डा माथि उठाउन अग्र पङ्क्तिमा रहेर सङ्घर्ष गरिरहेका छन । साम्राज्यवादी व्यवस्थामा गहिरिँदै गएको सङ्कटले जनताको राजनीतिलाई अगाडि बढाउन कम्युनिष्टहरूका लागि उन्नत परिस्थितिको निर्माण गरेको छ, जनतासित घनिष्ठ किसिमले गाँसिएर, व्यापक रूपमा सम्बन्ध विस्तार गरेर यतिखेर विभिन्न मुलुकहरूमा कमरेडहरू लडिरहेका छन, यसले क्रान्तिकारी पार्टी, सेना र मोर्चाका तीन हतियारहरूको निर्माणमा केन्द्रित भएर अघि बढ्न सहयोग पुर्याउँछ । यसो नगरे हुने अवस्था छैन, मुख्य कुरा भनेको कम्युनिष्ट पार्टी, एउटा क्रान्तिकारी पार्टी निर्माणमा ध्यान केन्द्रित गर्नु हो, चाहे यो काम पुनर्गठनबाट होस अथवा नयाँ गठनबाट, अथवा पहिल नै गठन गरिएको होस । मोर्चाको निर्माण-क्रान्तिको संयुक्त मोर्चा, जनवादी र समाजवादी हुनु आवश्यक छ र यसको नेतृत्व सर्वहाराको हातमा हुनु पर्दछ भन्ने कुरामा विशेष ख्याल राख्नु पर्ने हुन्छ । हरेक मुलुकको क्रान्तिको विकासको विशिष्ठ स्थितिअनुरूपको मोर्चाको स्वरूप हुनु पर्दछ, जुन वर्ग मोर्चाका रूपमा रहोस र क्रान्तिको केन्द्रीय र उच्च काय सशस्त्र सङ्घर्ष-जनयुद्धसित मेल खाने खालको होस, जसबाट सर्वहारा र जनताको रक्षा गर्न र विजय प्राप्त गर्न सकियोस । यस किसिमको मोर्चा तथा सङ्घर्ष हरेक देशको खास परिस्थिति र क्रान्तिको चरित्रअनुरूप निर्माण गर्ने गरिन्छ ।

यसले हामीलाई के कुरामा ध्यान दिन जोड दिन्छ भने -एकताबद्ध होऊ, प्रस्ट होऊ र अगाडि बढ । मोर्चाको सही परिचालनले हरेक देशका कम्युनिष्टहरूलाई बागोटिङ्गो बाटो लिन पनि स्वीकृति दिन्छ र उनीहरू खास मुलुकको विशिष्ट स्थितिअनुसार उनीहरू आम जनतासित हातेमालो गर्दै र नेतृत्व प्रदान गर्दै साम्राज्यवादी महामारीका विरुद्ध क्रान्तिलाई अघि बढाउँछन । मूल कुरा प्रस्ट हुनु हो, अन्योलता होइन । ठीक ढङ्गले लान नसकेमा जसको सेवा गर्नु पर्ने हो र जसको विरोध गर्नु पर्ने हो, त्यो उल्टो पर्न जान्छ । यसका लागि पार्टीलाई मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा निर्माण गरी त्यसैका आधारमा क्रान्तिकारी व्यवहारमा लैजानु आवश्यक हुन्छ ।

वर्गसङ्घर्ष तीव्र भएका क्षणहरूमा यसलाई लामो अवधिसम्म कायम राख्नु पर्ने र निरन्तरता दिनु पर्ने हुन्छ । के कुराको ख्याल राख्नुस भने, सबै कुरा समान तहमा विकसित हुन सक्तैनन, कतिपय कुराको असमान विकास पनि हुन्छ । यो विकासको नियम हो । विकास असमान किसिमले पनि हुन्छ र यस्तो सधैँ हुने गर्छ । कम्युनिष्टहरूले जनसङ्घर्षलाई अघि बढाउन सटिक र सङ्क्षिप्त नारा अघि सार्नु जरुरी छ र 'कोरोना भाइरससित लड्ने' नाममा प्रतिक्रियावादी सरकारले अघि सारेको 'राष्ट्रिय एकता' को ढोङलाई तोड्नु पर्ने पनि हुन्छ ।

कम्युनिष्टहरूले कर्पोरेट निकायहरूका कामकारबाहीहरूलाई उदाङ्ग्याउनु पर्छ र पुरानो राज्यसत्ताले अघि सारेका सबै भ्रमहरूलाई हावामा उडाइदिनु पर्छ । जनता शोषणको फलामे चक्रव्यूहबाट बाहिर निस्कने एक मात्र बाटो भनेको कम्युनिष्ट पार्टीले नेतृत्व गरेको सर्वहारा वर्गको नेतृत्वमा हुने क्रान्ति हो भन्ने तथ्यलाई अगाडि बढाउन आन्दोलन र प्रचार-प्रसारलाई केन्द्रित गर्नुपर्दछ । दैनिक समस्यासित सम्बद्ध मागहरूलाई लिएर सङ्घर्ष आवश्यक छ र गर्नु पनि पर्छ, र पनि सङ्घर्ष सर्वहारा वर्ग र जनताको सत्ताका लागि केन्द्रित हुनु पर्दछ । यहाँ के कुरामा प्रस्ट हुनु पर्छ भने राजनीतिक सङ्घर्ष प्रमुख हो र सर्वहारा वर्ग र मजदुरहरूको आर्थिक सङ्घर्ष यसको आधार हो । ज्याला, काम गर्ने घण्टा, सर्त र अधिकार सम्बद्ध समस्याहरू– जस्तो सङ्गठन खाल्ने अधिकार, हडताल गर्ने र सभासम्मेलन गर्ने, विचार अभिव्यक्ति र आन्दोलन आदि जस्ता समस्याहरू छन र यी अत्यन्त महत्वपूर्ण छन, यी बिना हाम्रो टेक्ने आधार हुँदैन, हामीले यिनको बेवास्ता गर्यौं भने हामीले क्रान्तिका लागि आम सहभागिताको विकास गर्न सक्दैनौं ।

पुरानो सत्ताले आफू नराम्रो गरी सङ्कटमा फसेको बेला जनतामाथि बोझ थप्तछ भन्ने कुरामा ध्यान दिनु पर्छ । यस्तो बेला जनताले रगत बगाएर आर्जन गरेका अधिकारहरू, प्राप्त सुविधा र स्वतन्त्रतामाथि बन्देज लगाइन्छ, कटौती गरिन्छ र प्रतिबन्ध लगाइन्छ र अनेक नाममा शोषण र दमनको प्रक्रियालाई तीव्र बनाइन्छ। यसलाई लागु गर्न प्रतिक्रियावादीहरूले अन्य 'सामाजिक उपायहरू' अथवा 'सुधारका उपायहरू' अघि सार्नु पर्नेमा *बाँकी ६ पेजमा*

## मे दिवसको...

जोड दिनु पर्ने हुन्छ, यस्तो बेला हामीले हाम्रो भ्ण्डा फ्याल्यौँ भने उनीहरूले अवसरलाई आफ्नो फाइदाका लागि उपयोग गर्छन । हामी कम्युनिष्टहरू सचेतता अँगालिरहेका छौँ र हामीमाथि शोषण गर्न उनीहरूलाई कुनै पनि किसिमको अवसर दिने छैनौँ भन्ने कुरामा हाम्रो ध्यान केन्द्रित हुनु पर्छ । उनीहरूलाई असफल पार्न हामीले निरन्तर प्रहार गरिरहनु पर्छ र उनीहरूलाई प्रतिक्रान्तिकारी बर्कीबाट बाहिर निकान्नु पर्छ । उनीहरूको मूल स्वार्थ केमा छ भन्ने कुरा जनता भलिभाँति जान्दछन । आम जनतामाथि विश्वास गरौँ, उत्पीडित जनतामाथि विश्वास गरौँ । सधैँ मनमस्तिष्कमा राखौँ - 'जनता र केवल जनता नै इतिहासका निर्माता हुन ।'

जनताको तर्फबाट विश्वको वर्तमान अवस्थालाई यसरी ठोस गर्न सकिन्छ ९ विश्वमा जन विष्फोट अभ्र तीव्र बन्नेछ र यो अभ्र शक्तिशाली भएर प्रस्फुटन हुनेछ । हाम्रो जिम्मेवारी यो विष्फोटक स्थितिबारे प्रस्ट हुनु र सर्वहारा र आम जनताको हितमा यसलाई उपयोग गर्न पहलकदमी लिएर जनयुद्धको विकास गर्नु हो । कसरी लड्ने भन्ने कुरा हामीले जानेका छौँ । हामीले युद्धका नियमहरू लागु गर्नुपर्दछ । त्यसपछि अध्यक्ष माओले सङ्घर्षका आम रूपहरूका सन्दर्भमा भन्नु भएको उद्देश्य, उपलब्धि र सीमाहरू सम्बन्धी मान्यतालाई लागु गर्नु पर्दछ ।

जसरी विश्वभरिका साम्राज्यवादी, प्रतिक्रियावादी र संशोधनवादीहरूले अति नै ठूलो धुर्त्याइँका साथ आफूहरूले ब्यहोर्नु परेको सङ्कटको महामारीलाई उपयोग गर्दै आफ्नो विशेष स्वार्थका लागि अन्तर्राष्ट्रिय सर्वहारावर्ग र विश्वका जनतामाथि जाइ लाग्छन, उत्पीडित राष्ट्रहरूमाथि उत्पात मच्चाउँछन, लुटतन्त्र मच्चाउन आफ्ना फलामे हातहरू बाहिर निकाल्छन, जनताको हत्या गर्छन, सर्वहारा वर्ग र जनताले यसको विरुद्ध सङ्गठित रूपमा जाइलाग्नु पर्छ । यसलाई कम्युनिष्टहरूले दिने जवाफ भनेको एउटै हो–अन्तर्राष्ट्रिय सर्वहाराको एकजुटता । हामीले सिद्धान्त र व्यवहार दुवैमा सर्वहारा अन्तर्राष्ट्रियतावादलाई माथि उठाउनै पर्छ र, संशोधनवाद विरुद्ध सर्वहारा क्रान्तिको पक्षमा अघि बढ्नका लागि जनयुद्धको आरम्भ गरेर विकास गरिरहेका पेरू, भारत, फिलिपिन्स, टर्की र तयारीमा लागेका र आरम्भ गर्न थालेका सबै मुलुकहरूलाई मार्क्सवाद-लेनिनवाद-माओवाद, मूलतः माओवादका आधारमा 'अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन' (आइसियएम) लाई एकताबद्ध तुल्याउन सङ्घर्ष गर्नु पर्छ ।

विश्वका कम्युनिष्टहरू अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउने कार्यमा अघि बढिरहेका छन र दृढताका साथ माओवादीहरूको 'अन्तर्राष्ट्रिय एकताबद्ध सम्मेलन' तर्फ अग्रसर छन, जसले सर्वहाराको नयाँ अन्तर्राष्ट्रिय सङ्गठनलाई मूर्त रूप दिने छ ।

यो एकताको समय हो । फूट, विखण्डन, दलबदल र फोहोरी लडाइँ अब पुग्यो । जो माओवाद र जनयुद्धका पक्षमा छन र जसले गम्भीर सैद्धान्तिक गल्ती गरेका छन, उनीहरूले आत्मा-आलोचना गर्नै पर्छ, प्रश्न विधि र पद्धति र सम्बन्ध विच्छेदको मात्र नभएर मूलतः उनीहरूको वर्ग स्रोतको हो । अभाकियन र प्रचण्डको दृष्टिकोणबीच पाइने समानतालाई राम्रोसँग बुझ्नु पर्ने कुरा के हो भने यी दुई मुसाले मार्क्सवादमा कुनै पनि योगदान दिएका छैनन, यी सदैव संशोधनवादी मात्र रहिआएका हुन । 'आइसीएम' मा माओवादी पार्टी तथा सङ्गठनहरूको बढ्दो सख्याले माओवादको पथ प्रदर्शनका आधारमा गौरवशाली कम्युनिष्ट अन्तर्राष्ट्रियको पुनर्निर्माणका आवाज बुलन्द गरेको छ–केही अभ्रै हिचकिचाउँने गरेका छन र कतिपयले केही सर्तहरू पनि अघि सारेका छन, तर यसले पहिले नै तय गरेको त्यो लामो बाटो, जहाँ पछि फर्किने ठाउँ छैन र, समय पनि बित्दै जाँदैछ, त्यो रद्ध हुने स्थिति छैन, खास गरेर जनयुद्ध पक्षधरहरू अभ्र बढी सामेल भएर सिद्धान्तनिष्ठताका आधारमा विश्वका कम्युनिष्टहरूको एकता अघि बढ्ने छ ।

यो कामको समय हो । हामीले हाम्रा गतिविधिहरूलाई दोब्बर तुल्याउनु पर्छ, जनताको विद्रोहलाई उत्प्रेरणा प्रदान गर्दै स्वःस्फुर्त सङ्घर्षलाई सर्वहाराको नेतृत्वमा सचेतन सङ्घर्षमा फेर्नु पर्छ । यो समय हाम्रा असफलता र सीमाहरूका बारेमा रोइकराइ गर्ने समय होइन, सङ्घर्षकै बीचमा हामीले समयको आवश्यकतालाई अघि बढाउनै पर्छ । यसका लागि हामीले आफूलाई तम्तयार राख्नुपर्छ । हामीले लडाइँमा आफैँलाई होम्नुबाहेक अकी विकल्प छैन । अहिले यसमा जसलाई शङ्का अथवा हिचकिचाहट छ, उसले जनताको विश्वास गुमाउँछ । यसपल्टको मे दिवस कम्युनिष्टहरूको उत्साहको महान उदाहरण हुने छ, हँसियाहथौडासहितको हाम्रा चम्किला राता भ्ण्डाहरू हाम्रा विश्वासका प्रतीक हुन– यी साम्यवादको उज्ज्वल भविष्य हुन, जसले शोषण, दमनमा आधारित विश्वका पुरानो सत्ताको विरुद्ध युद्ध अघि बढाउने घोषणा गर्छन ।

र सारांशमा मे पहिलो दिनलाई हामी महत्वपूर्ण वार्षिकोत्सवका रूपमा मनाउँने गर्छौं । यसपल्टको मे पहिलो दिन १३१ औँ वार्षिकोत्सव मनाउने मे दिवसको दिन हो । इतिहासमा पहिलो प्रदर्शन महान कमरेड फ्रेड्रिक एङ्गेल्सको नेतृत्वमा भएको थियो, जसको २०० औँ जन्मोत्सव यो वर्ष हामी मनाइरहेका छौँ । अघि बढौँ साथीहरू हो ।

मे पहिलो दिन सर्वहाराको अन्तर्राष्ट्रिय दिन अमर रहोस ।

पार्टी र जनता साथमा छन भने, चमत्कारपूर्ण किसिमले सबै कामहरू सम्पन्न गर्न सकिन्छ ।

सर्वहारा र विश्वका जनता ९ साम्राज्यवादी महामारीलाई यस पृथ्वीबाट फ्याल्न जनयुद्धको हतियारसाथ एक जुट होऔँ ।

***हस्ताक्षरः***

*कम्युनिष्ट पार्टी अफ इक्वेडर(रेड सन)*
*पेरू पिपुल्स मोभमेन्ट (रिअर्गनाइजेसन कमिटी)*
*कम्युनिष्ट पार्टी अफ ब्राजिल (रेड फ्याक्सन)*
*रेड फ्याक्सन अफ द कम्युनिष्ट पार्टी अफ चिली*
*रेड फ्ल्याग कलेक्टिव फिनल्यान्ड*
*कमिटी फर द फाउन्डेसन अफ द (माओइस्ट) कम्युनिष्ट पार्टी अफ अस्ट्रिया*
*सर्भ द पिपुल (कम्युनिष्ट लिग, नर्वे)*
*कमिटी टु रिकन्स्टिच्युट द कम्युनिष्ट पार्टी अफ युएसए*
*आइरिस सोसिअलिस्ट रिपब्लिकन्स*
*रिभोलुसनरी न्युक्लिअस फर द रिकंस्तिचुसन अफ द कम्युनिष्ट पार्टी अफ मेक्सिको*
*कम्युनिष्ट रेडफ्लूयाग एफआरजी*
*माओइस्ट कम्युनिष्ट पार्टी फ्रेन्च स्टेट*
*कन्स्ट्रक्सन कमिटी अफ द माओइस्ट पार्टी अफ गलिजिया*
*कमिटी टु रिकन्स्टिच्यु द कम्युनिस्ट पार्टी अफ ग्रेट ब्रिटेन*
*रेड वेभ डेनमार, मे १, २०२०*

*इटालीको माओवादी पार्टीको पहलमा निकालिएको संयुक्त विज्ञप्ति*

*विश्व सर्वहाराको सङ्घर्षको दिन अन्तराष्ट्रिय मे दिवस अमर रहोस ।*
*सबैभन्दा खतरनाक भाइरस साम्राज्यवादी र पुँजीवादी व्यवस्था हो ।*
*विश्वव्यापी रूपमा सर्वहारा क्रान्तिको दिशामा अघि बढौँ ।*

डरलाग्दो महामारीले विश्वका हरेक कुनामा मान्छेको ज्यान लिइरहेको र साम्राज्यवादी मुलुक र सरकारहरूले कोरोना भाइरसका नाममा सङ्कटको स्थिति घोषणा गरेका कारण यो वर्ष सर्वहारा वर्गको अन्तर्राष्ट्रिय दिवस मनाउने सन्दर्भमा एकता, सर्वहारा अन्तर्राष्ट्रियतावाद, साम्राज्यवाद र पुंजीवाद र पुँजीवाद विरुद्ध लडौँ जस्ता ब्यानर बोकेका श्रिमजीवीहरू, महिला, उत्पीडित जनसमूहले विश्वभरिका खुला चौर र चोकहरू भरिने छैनन ।

महामारी पुँजीवादी तथा साम्राज्यवादी विश्वव्यवस्थाको उपज हो र मान्छेको मरण पुँजीवादीहरूको शोषण र नाफा आर्जनको आसक्तिको परिणाम हो, जसले विश्वको वातावरणीय अवस्थामाथि अतिक्रमण गरेर पृथ्वीमा मानवजीवन र स्वास्थको थामिनसक्नु स्थिति उत्पन्न गरेका छन ।

पुँजीपतिहरूले आम जनताको स्वास्थ्य व्यवस्थालाई नाफामूलक निजी कम्पनीको व्यापारमा परिणत गरेका छन, फलस्वरूप महामारीका लागि यो खुला क्षेत्र बन्यो, यसले व्यापक रूपमा आमहत्याको रूप लिएको छ र आम जनता र सर्वहाराको जीवन एकदमै जोखिमपूर्ण स्थितिमा रहेको छ ।

सबैलाई घरमा बस्न भनिएको भए पनि पुँजीपतिहरूका लागि महामारी चलेको बेलामा पनि मूल कुरा कसरी नाफा कमाउने भन्ने छ र मजदुरहरूलाई चाहिँ अत्यावश्यक वस्तु उत्पादनको सुनिश्चितताका नाममा जस्तोसुकै अवस्थामा पनि काम गर्न बाध्य पारिएको छ ।

पुँजीवादले बढीभन्दा बढी अत्याधुनिक हतियार उत्पादन गर्न विज्ञानलाई आफ्नो स्वार्थमा प्रयोग गऱ्यो र अधिकाधिक साधान र स्रोत उन्नत हतियारको उत्पादनमा लगायो, साम्राज्यवादी गढमा आम जनता तथा सर्वहारालाई बढी असर गर्ने रोगहरूको निदानका लागि गर्नु पर्ने खोजअनुसन्धानप्रति बेवास्ता गऱ्यो, र साम्राज्यवादबाट पीडित देशहरूको स्थिति भन त्यो भन्दा पनि खराब भयो, फलस्वरूप महामारीको सामु विश्वको स्थिति एकदमै निरीह देखियो ।

पुँजीवादले बुहानजस्ता 'विश्वका भट्टीहरू' तयार पारेको छ, जसबाट कामको स्थिति र जीवनलाई पुँजीवादले तयार पारेका सामाजिक सङ्गठनहरूले महामारी फैलाउन आगोमा घिउको काम गर्छन, यही फैलाइले अहिले युरोपेली मुलुकहरूको केन्द्र र मुख्य साम्राज्यवादी शक्ति अमेरिकी मुटुलाई नै प्रकोपमा लूयाएको छ र साथै यसको खतराको व्यापकता विश्वका उत्पीडित मुलुकहरू अफ्रिकादेखि मध्यपूर्व र अरबका जनताका साथै एसिया तथा ल्याटिन अमेरिकासम्म विस्तारित भइरहेको छ ।

मानवजीवनलाई महामारीले जेजति हानीनोक्सानी पुऱ्याउँछ, साम्राज्यवादी र पुँजीवादीहरूका क्रियाकलापहरू मृत्यु र विनासका त्यो भन्दा पनि ठूला र डरलाग्दा साधनका रूपमा प्रस्तुत भएका छन । महानगरीय सहरहरू गाढिएका लासहरूले भरिएका छन र सहरहरू अस्पतालमा फेरिएका छन, यी सबै घटना परिदृश्यले आजका दिनमा सर्वहारालाई आक्रोसित तुल्याएको छ, जनहत्यारो पुँजीवादी/साम्राज्यवादी व्यवस्था पुग्यो अब ।

विश्वभरका मुलुकहरू र सरकार हरूले महामारीका नाममा सैन्यकरणकै स्थितिमा आपतकालीन स्थितिको घोषणा गरे, तर जीवित रहनका लागि मात्रै आग्रह गर्ने गरिब, आप्रवासी र घरवारविहीनहरूमाथि दमन र हिंसा भने जारी राखे ।

बुर्जुवाहरूले तानासाही हुकुम चलेका मुलुकहरूमा स्वास्थ सम्बन्धी आपतकालीन अवस्थालाई फासिवादी शैलीको राजनीतिक सत्ता सुदृढ गर्ने र स्थायित्व दिने अवसरका रूपमा लिए, जुनचाहिँ सदैव विश्वभरिका सर्वहारा र आम जनताको सङ्घर्ष विरुद्धका हतियार हुन ।

यस कारणले यस मे पहिलो दिनमा विश्वका साम्राज्यवादी मालिकहरू र सबै बुर्जुवाहरू तथा साशक वर्गहरूका विरुद्ध हरतरहले अवश्य पनि आवाज बुलन्द गर्नु पर्छ, सबै विपद्को जिम्मेवार तिमीहरू हौ । साम्राज्यवादको सर्वनास होस ।

महामारीका बाबजुद पनि कामदारहरू र जनताबाट कडा प्रतिरोध व्यक्त भयो, सङ्कटकालको घोषणा गरेर हडताल, प्रदर्शनमा रोक लगाए पनि कामदारहरूले हडताल, अवज्ञा, प्रतिरोध र हातेसाइलो बनाएर आफ्नो असन्तुष्टि जाहेर गरे ।

इटाली महामारीले सबैभन्दा बढी प्रभावित देशहरूमध्येको एउटा देश, जनविरोधीहरू, मालिकहरू र सरकारहरू विरुद्ध सर्वहारा र जनताको प्रतिरोध केन्द्र पनि हो, यो अहिले भाइरसबाट प्रभावित अन्य देशका लागि, अन्य पुँजीवादी मुलुक र सरकारका विरुद्ध प्रतिरोधका लागि उपयोगी साबित भएको छ । यदि सच्चा कम्युनिष्टहरू सङ्घर्षका लागि अग्रपङ्क्तिमा छन भने तथाकथित कोरोना सङ्कटकै बीच पनि, आपतकालीन अवस्थामा पनि क्रान्तिकारी वातावरण तयार पारेर पुँजीपति वर्ग, राज्य र सरकारहरूका विरुद्ध जनताको ऐक्यबद्धता कायम गर्न र जित हासिल गर्न सम्भव छ । विश्वमा बढ्दो पुँजीवादी सङ्कटको स्थितिले सन २००७(२००८ को अवस्था उत्पन्न गरेको थियो, जुन १९२० को दशकको स्थितिभन्दा खराब थियो र पुँजीवादी सङ्कटको यो चक्रले अब विश्वव्यापी रूपमा जीवन र प्रकृतिलाई प्रभावित पार्ने छ ।

आफ्नो अस्तित्वका लागि पुँजीवादले सङ्कटको भार विश्वका सर्वहारा र उत्पीडित जनतामाथि थोपर्ने छ, साम्राज्यवादद्वारा उत्पीडित मुलुकहरूमा पहिलेदेखि विद्यमान गरिबी, भोकमरीमा थप वृद्धि हुने छ र साम्राज्यवादी तथा पुँजीवादी केन्द्रहरूमा समेत बेरोजगारी अत्यधिक बढ्नेछ र त्यहाँ पनि अन्योल, अस्थिरता, गरिबी, भोकमरीको स्थिति उत्पन्न हुनेछ । र साँचो के पनि हो भने यस किसिमको माखेसाइलो आर्थिक सङ्कट र महामारीले नाफा र पुँजी आर्जनमा केन्द्रित विश्व पुँजीवादी व्यवस्था र त्यस्ता मुलुक र सरकारकाहरूको मुखुण्डो उघ्रेको छ ।

यस किसिमको स्थितिले सर्वहारा र आम जनताको सङ्घर्षलाई ऊर्जा दिन्छ र उपयुक्त आत्मगत स्थिति निर्माण गर्छ, विश्वका हरेक मुलकमा शोषणमुखी व्यवस्था फ्याल्न र नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति सम्पन्न गरेर समाजवादी समाज निर्माण गरेर साम्यवादमा अघि बढ्न साभ्रा सङ्घर्षका लागि अनुकूल वातावरण तयार पार्छ ।

समाजवाद सर्वहाराको राज्यको हातमा अर्थतन्त्र रहेको राज्य हो र यो पुँजीवादी विश्व व्यवस्थाले आर्जन गर्न नसकेको उपलब्धि हासिल गर्न सक्षम हुन्छ । पुँजीवाद र साम्राज्यावद विनासका कारक हुन्, समाजवाद नयाँ समाज निर्माणका आधार हुन, जसले शोषण र दमनका हरेक जंजिरहरूबाट समाजलाई मुक्त पार्दछ र मानव जीवनको स्तरोन्नति र प्रगतिका लागि स्वास्थ्यको सहजता र वातावरणीय विनासको खतराबाट मुक्त पारेर बाँचनका लागि उन्नत र विश्वासिलो स्थिति निर्माण गर्छ ।

यो स्थितिले मार्क्सवाद-लेनिनवाद-माओवादको सामर्थ्यका साथै र सर्वहाराले तीन चरणमामार्फत दिएको महान ऐतिहासिक सन्देशको सच्चाइलाई दर्शाउँछ । पेरिस कम्युनदेखि अक्टोकर क्रान्तिसम्म, अक्टोबर क्रान्तिदेखि चिनियाँ महान सर्वहारा क्रान्तिसम्मको इतिहासले सर्वहारा वर्ग र उत्पीडित जनताको मार्च रोक्न नसकिने कुरा हो भनेर उनीहरूले देखाइसकेका छन । यसले क्षणिक पराजय भोग्न सक्छ, तर, अनुभवबाट विचार र कार्यको विकास गर्न ऊर्जा प्राप्त गर्छ, जसबाट उसलाई ऐतिहासिक परिस्थिति अनुसार पुँजीवाद र साम्राज्यवादका विरुद्ध र समाजवाद र साम्यवादका लागि गरिने लामो सङ्घर्षमा अभ्र दृढ भएर सामना गर्न सहयोग पुर्याउँछ । अहिलेको परिस्थितिले मार्क्स, लेनिन, माओ र सर्वहाराको क्रान्तिकारी सङ्घर्षका तीन चरणहरूका महान सन्देशको सच्चाइलाई पुष्टि गर्दछ ।

हामीले यो मे दिवसमा विश्व सर्वहारा क्रान्तिको नयाँ प्रवाहको परिदृश्य देखिरहेका छौँ,जसले सर्वहारा र आम जनताको आवश्यकता र तदारुकतालाई औल्याइरहेको छ । वर्गसङ्घर्षको अग्निज्वालाको वर्तमान स्थितिमा सर्वहाराले क्रान्तिका लागि साधनहरूको तमतयारी गरेमा वस्तुगत स्थितिको सम्भाव्यतालाई यथार्थमा फेर्न सकिन्छ ।

सर्वप्रथमतः साम्राज्यवादी मुलुकहरूद्वारा दमन गरिएका मुलुकहरूका कम्युनिष्ट पार्टीहरू, जसले दीर्घकालीन जनयुद्धको नेतृत्व गरिरहेका छन, उनीहरूको साथ लिएर श्रमजीवी वर्गका अगुवाहरू, राजनीतिक योद्धाहरूका अगुवाहरू, युद्धका संयन्त्रहरू र जनताका अगुवाहरूलाई समाविष्ट गरेर कम्युनिष्ट पार्टीहरूको गठन गर्नु आवश्यक छ ।

सर्वहारा र आम जनताको संयुक्त मोर्चाले 'महामारी' स्थितिबाट ऊर्जा प्राप्त गर्छ, नाफा र धन आर्जनका लागि उत्पीडितहरू लगायत जनताको ठूलो हिस्साको जीवनलाई सदैव जोखिमपूर्ण स्थितिमा राख्ने दमनकारी व्यवस्था र मुट्ठीभर शोषकहरूको प्रभुत्वमा जनता रहन चाँहदैनन भन्ने चाहनालाई सर्वहारा र आम जनताको संयुक्त मोर्चाले नयाँ ऊर्जा दिन्छ ।

सर्वहारा र मजदुर-किसानद्वारा निर्मित जनसेना नै सही शक्ति हो र त्यसले नै आपतकालीन स्थिति र बुर्जुर्वा व्यवस्थाका विरुद्ध आफू वरिपरिको विश्वलाई नयाँ स्वरूप दिन्छ । तसर्थ सर्वहारा र आम जनताले आफ्नो स्वास्थ्य र जीवन, साथै आफ्नो अधिकारका लागि बुर्जुवा व्यवस्थाका लागि सङ्घर्षको आवश्यकता बोध गर्नु आवश्यक छ र अनुभवले सर्वहारा र उत्पीडित जनतामाथि थोपरिएको युद्धको जवाफमा वर्ग युद्ध, क्रान्तिकारी युद्ध, जनयुद्धको आवश्यकता पर्छ भन्छ ।

यो मे दिवसका दिन खुला चौर र चोकहरू खालि हुन सक्छन् र पनि विश्वका अधिकांश भागहरूमा सर्वहाराको आजको विशेष दिनमा क्रान्तिको रातो भ्ण्डा गायब हुने छैन, र सत्य के हो भने साम्राज्यवादले जुन किसिमको स्थिति उत्पन्न गरेको छ, यी चोकहरू शक्तिशाली क्रान्तिकारी आन्दोलनले भरिने छन, सर्वहारा र जनताको सशस्त्र महासागरले हरेक देशको आफ्नो विशिष्ट स्थितिमा एउटा समवेत स्वर गुन्जाउने छ -साम्राज्यवाद मुर्दावाद । निश्चय पनि समाजवाद र साम्यवादको सूर्य उदाउने छ ।

श्रमजीवी वर्ग र जनतामाथि सङ्कट थोपर्न पाइँदैन ।

कोरोना भाइरसका नाममा जनतामाथि सङ्कटकाले युद्ध खारेज गर । विद्रोह गर्नु अधिकार हो ।

स्वास्थ सेवालाई जनताको सेवामा लगाऊ ।

सर्वहाराका लागि आवश्यक स्वास्थ्य, काम र ज्यालाको सङ्घर्षलाई अघि बढाऔँ ।

बढिरहेको आर्थिक मन्दीका विरुद्ध सर्वहारा र उत्पीडित जनताको सङ्घर्षलाई अघि बढाऔँ ।

आर्थिक सङ्कटर महामारीकोसाम्राज्यवादीअग्निज्वालाबीच मार्क्सवादी-लेनिनवादी-माओवादी पार्टीको निर्माण र जनतासितको घनिष्ठ सम्बन्ध बनाएर नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्तिको तयारीमा लागौँ ।

*सर्वहारा अन्तर्राष्ट्रियतावादका लागि सर्वहारा र उत्पीडित जनता एक जुट होऔँ ।*
*मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद ।*
*पहिलेभन्दा अभ्र जोडतोडका साथ विश्वका कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय एकतालाई अभ्र अगाडि बढाऔँ ।*
*सङ्कटग्रस्त पुँजीवाद र साम्राज्यवाद मुर्दावाद ।*
*समाजवाद र साम्यवाद जिन्दावाद ।*

**हस्ताक्षर पार्टीहरूः**

*माओवादी कम्युनिष्ट पाटी रिकन्सट्रकसन कमिटी, ग्यालिसिया, स्पेनिस राज्य*
*कम्युनिष्ट न्युक्लिअस, नेपाल*
*कम्युनिष्ट (माओवादी) पार्ट अफगानिस्तान*
*नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)*
*टर्की कम्युनिष्ट पाटी (मार्क्सवादी-लेनिनवादी)*
*युनियन ओब्रेरा कम्युनिष्टा (एमएलएम) कोलम्बिया*
*माओवादी कम्युनिष्ट पाटी (इटाली)*
*एल कादेहाइन्स पाटी(ट्युनिसिया)*
*मोरक्को मार्क्सिस्ट-लेनिनिस्ट प्रोलेटरियट लाइन (एमएमएलपिएल)*
*क्रान्तिकारी कम्युनिष्ट पाटी (पिसिआर(आरसिपी, क्यानडा)*
*वर्कर्स भ्वाइस - मलेसिया*
*माओइस्ट रिभोलुस्नरी लिग, श्री लंङ्का*

## विश्वप्रेस...

वक्तव्यमा भनिएको छ, 'मे ३ (वैशाख २१) गते विश्वभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ । सन् १९९३ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले घोषणा गरेसँगै युनेस्कोको आह्वानमा हरेक वर्ष मे ३ का दिन विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै आइएको छ । यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा क्रान्तिकारी पत्रकार महासंघ आम नेपाल तथा विश्वभरका श्रमजीवी पत्रकारहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।'

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारहरूको हक हित र अधिकारसँग सम्बन्धित विषयहरूलाई ५ वटा बुँदामा महत्वपूर्ण विषयहरू उठान गर्दै वक्तव्यमा भनिएको छ, 'स्थापना कालदेखि नै क्रान्तिकारी पत्रकार महासंघले जनपक्षीय पत्रकारिताको वकालत गर्दै आएको छ । राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाको पक्षमा पहरेदारको भूमिका निर्वाह गर्दै आएको यस महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा जोडदार रूपमा आवाज उठाउँदै आएको छ र श्रमजीवी पत्रकार ऐनको कार्यान्वनमा विशेष जोड दिँदै आएको छ । यस अवसरमा हाम्रो संगठन निम्न विषयहरूको उठान गर्न आवश्यक ठान्दछ :

१-नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था दयनीय बन्दै गएको छ । समाचार लेखेकै कारण तथा अभिव्यक्ति सम्प्रेषण गरेकै कारण राज्य तथा गैरराज्य पक्षबाट पत्रकारहरूमाथि भौतिक तथा मानसिक आक्रमणहरू भइरहेका छन् । समाचार लेख्दा साइबर कानुन लगाएर पत्रकारहरूको हातमा हत्कडी भिराउने र जेल हाल्ने काम पनि भइरहेका छन् । सरकारले एकपछि अर्को प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन गर्ने तथा प्रेसमाथि निरंकुशता लाद्ने प्रकृतिका विधेयक तथा ऐन कानुनहरू ल्याइरहेको छ । देवानी कानुन तथा अपराध संहिता, मिडिया काउन्सील विधेयक, सुचना तथा प्रविधि विधेयक, आमसञ्चार विधेयक तथा विज्ञापन सम्बन्धी विधेयकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि निर्मम प्रहार गरेको छ र नेपाली प्रेसको आलोचनात्मक चेत वा धारलाई निषेध गर्ने सर्वसत्तावादी तथा स्वेच्छाचारी प्रवृत्ति हावी भइरहेको छ । यस्ता प्रेसविरोधी विधेयक तथा ऐन कानुनहरूको खारेजी वा आमूल संशोधनका निम्ति नेपाल पत्रकार महासंघ, क्रान्तिकारी पत्रकार महासंघ लगायत सबै सरोकारवाला संगठनहरूले विगतमा खेलेको भूमिका उल्लेखनीय भए पनि पर्याप्त देखिएन । तसर्थ त्यस्ता प्रेस विरोधी विधेयक तथा ऐन कानुन खारेजी वा आमूल संशोधनका निम्ति दबाब आन्दोलन अगाडि बढाउन हाम्रो संगठन सबै सरोकारवाला संघ संगठनहरूसित जोडदार रूपमा आव्हान गर्दछ ।

२- सरकारको विरोधमा समाचार लेखेको वा कुनै पदीय दुरूपयोग सम्बन्धी समाचार लेखेको आरोपमा पत्रकारहरूमाथि भइरहेका धरपकड, भौतिक तथा मानसिक आक्रमणको हाम्रो संगठन घोर विरोध एवम् भर्त्सना गर्दछ । र, त्यस्ता घटनामा संलग्न दोषीमाथि कानुनी कारबाही गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न पनि सरकारसँग जोडदार माग गर्दछ ।

३- यतिखेर कोरोना भाइरस (कोभिड १९)को महामारीका बीच पत्रकारहरूले जोखिम मोलेर फिल्डको रिपोर्टिङ गरिराखेका छन् । हाम्रो संगठनले त्यस्ता पत्रकारहरूको नियमित स्वास्थ्य परीक्षण गर्न, आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउन, नियमति रूपमा तलब, सुविधा उपलब्ध गराउन र पत्रकारहरूका लागि छुट्टै उपचारको विशेष कोष खडा गर्न सरकार लगायत सम्बन्धित निकायसँग माग गर्दै आएको छ र यो माग पुनः दोहोऱ्याउन चाहन्छ । लक डाउनका कारण अधिकांश प्रिन्ट मिडिया बन्द हुँदा ती पत्रपत्रिकामा कार्यरत पत्रकारहरू खासगरी स्वरोजगार पत्रकारहरूको अवस्था दयनीय बन्न पुगेको छ, स्वरोजगार पत्रकारहरू लगायत आर्थिक अवस्था कमजोर भएका सम्पूर्ण पत्रकारहरूलाई तत्काल र आवधिक राहतको व्यवस्था गर्न पनि जोडदार माग गर्दछ ।

४- महामारीकै बीचमा ठूला लगानीका केही कर्पोरेट मिडियाहरूले ठूलो संख्यामा पत्रकारहरूलाई बेतलवी विदामा बस्न दबाब दिएका समाचारहरू सार्वजनिक भएको प्रति हाम्रो संगठनको गम्भिर रूपमा ध्यानाकर्षण भएको छ । कुनै पनि बहानामा स्थायी, अस्थायी तथा करारमा कार्यरत कुनै पनि पत्रकारलाई आफ्नो रोजीरोटीबाट बेदखल नगर्न हाम्रो संगठन सम्बन्धित मिडिया हाउससँग आग्रह गर्दछ । अन्यथा श्रमजीवी पत्रकाहरूको हक हित र अधिकारका निम्ति आन्दोलित हुने चेतावनी पनि दिन चाहन्छ ।

५- अन्तमा, क्रान्तिकारी पत्रकार महासंघ नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति कलम चलाउँदै गर्दा अमूल्य जीवन वलिदान गर्नुहुने महान सहिद कृष्णसेन इच्छुक लगायत तथा वेपत्ता पारिनुभएका सबै योद्धाहरूप्रति हार्दिक श्रद्धा भाव व्यक्त गर्दै प्रेस स्वतन्त्रताका पक्षमा अविराम र अविचल संघर्ष गर्नुहुने सबैप्रति उच्च सम्मान व्यक्त गर्दै प्रेस स्वतन्त्रताका पक्षधर सम्पूर्ण जनवर्गमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछ ।'

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१-५२२५२८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

## पर्यावरण...

क्षेत्रमा पैदा हुन थालेका समस्याबारे मार्क्स र एङ्गेल्सले केही उल्लेख गरेको पाइन्छ । मार्क्सले पुँजीवादी खेतीमा धर्तीको ऐश्वर्य लुटिने र धर्तीको उर्वरताका लागि चालिने प्रत्येक कदम उर्वरताकै स्थायी स्रोतलाई समाप्त पार्ने कदम हुने कुरा बताउनु भएको थियो । एङ्गेल्सले कृषियोग्य जमिन प्राप्त गर्नका लागि हुँदै गएको वनजङ्गलको विनाशले भविष्यमा ठुलै दुष्परिणाम निम्तिने कुरा औंल्याउनु भएको थियो । लेनिनले पर्यावरणको समस्या गम्भीर बन्न सक्ने स्थितिप्रति सजग बन्दै नियन्त्रणबारे केही प्रारम्भिक पहल गर्नु भएको थियो । माओको पालासम्म आउँदा स्थिति जटिल बन्न थालेको र त्यसप्रति चीन पनि सचेत बन्दै गएको पाइन्छ । वस्तुतः पर्यावरणीय समस्या बीसौं शताब्दीको ७०को दशकदेखि बढी गम्भीर बन्न पुगेको देखिन्छ ।

पर्यावरण विनाशको समस्या जटिल बन्दै र त्यसबारे गम्भीर प्रश्न उठ्दै जान थालेको स्थितिमा विश्वका कतिपय देशहरूले आआफ्नै ढङ्बाट र अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र सङ्घका तर्फबाट पनि पर्यावरणको संरक्षणका लागि विभिन्न पहलहरू गर्ने प्रक्रिया अगाडि बढ्यो । यस सन्दर्भमा सन् १९९२ जुन महिनामा स्वेडनको स्टाकहोममा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय सम्मेलन, सन् १९९२ मा ब्राजिलको रियो डे जेनेरियोमा भएको पृथ्वी सम्मेलन, सन् १९९७मा जापानको क्योटोमा गरिएको महासन्धि, सन् २००२मा दक्षिण अफ्रिकामा भएको शिखर सम्मेलन, सन् २०१६मा फ्रान्सको पेरिसमा गरिएको सहमति आदि उल्लेखनीय रहेका छन् । यस प्रकारका सम्मेलनहरूमा गरिएका सहमति, संझौता र सन्धिहरूमा पर्यावरणको संरक्षणका लागि अविकसित मुलुकहरूबाट हरितगृह ग्यास उत्सर्जनमा कटौती गर्ने विषयलाई गम्भीरतापूर्वक उठाइएका र पारित गरिएका छन् । तर तिनको कार्यान्वयनमा भने पटक्कै ध्यान दिइएको छैन । वस्तुतः ती हात्तीको देखाउने दाँत मात्र बन्न गएका छन् ।

यहाँनेर कुन कुरामा ध्यानकेन्द्रित गर्न जरुरी छ भने वास्तविक अर्थमा साम्राज्यवादी शक्तिहरूले पर्यावरण सम्बन्धी विभिन्न प्रकारका संघसंस्था तथा संगठनहरूमा आफ्नो प्रभुत्व जमाएर पर्यावरण विनाशको पक्षमा काम गरिरहेका छन् । उनीहरूले सैन्य क्षेत्र, घातक शस्त्रात्र निर्माणको होडबाजी र युद्ध सामग्री निर्माणमा त विशाल धनराशि खर्च गरेका छन्, परन्तु पर्यावरण संरक्षण र हरितगृह ग्यास उत्सर्जनको कटौती गर्ने काममा भने रत्तिभर ध्यान दिएका छैनन् ।

पर्यावरण विनाश र अटेरी गर्ने कममा सबैभन्दा नकारात्मक भूमिका संयुक्त राज्य अमेरिकाको रहिआएको छ । त्यो नै हरित गृह ग्यास उत्सर्जन कटौती गर्ने मान्यता र सहमतिबाट पछि हट्दै गएको छ । ध्यानदिन योग्य कुरा के छ भने अमेरिकी राष्ट्रपति ट्रम्पले पेरिस संझौताबाट पछाडि हटेको घोषणा गरिसकेका छन् ।

नेपालले पर्यावरण सम्बन्धी अन्तर्राष्ट्रिय स्तरका कैयौं सम्मेलन, कन्भेन्शन, बैठक आदिमा सहभागी हुँदै तिनमा पारित कैयौं प्रस्ताव, सहमति, संझौतालाई अँगाल्दै आएको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का विभिन्न बैठक तथा कार्यक्रममा सहभागी बन्दै पर्यावरण संरक्षण सम्बन्धी विभिन्न प्रस्ताव पारित गर्ने काममा नेपाल संलग्न रहिआएको छ । तदनुरूप नेपालमा विभिन्न ऐन कानुन बनाउने, विभिन्न आर्थिक योजनाहरूमा पर्यावरणलाई पनि समेट्ने र मन्त्रालयको जिम्मा लगाउने जस्ता काम पनि हुँदै आएका छन् । परन्तु, पर्यावरण संरक्षणका काममा भने प्रगति होइन पश्चगति नै देखिएको छ । यसैगरी हावा, पानी र माटोमा तीव्र रूपमा फैलदै गएको प्रदूषणका कारण समग्र जलवायु तथा स्वास्थ्यका क्षेत्रमा गम्भीर प्रतिकूल असर पर्दै गएको छ । विभिन्न समयमा बन्दै आएका सरकार पर्यावरण संरक्षणका क्षेत्रमा अत्यन्तै गैरजिम्मेवार रहिआएका छन् ।

पर्यावरण विनाश र त्यसको संरक्षणबारे विभिन्न आन्दोलन चल्दै आएका छन् भने अर्कोतिर त्यसै प्रक्रियामा वैचारिक क्षेत्रमा विभिन्न चिन्तन तथा प्रवृत्तिगत धाराहरू पनि विकसित हुन पुगेका छन् । साथै, साहित्यिक तथा सांस्कृतिक क्षेत्रमा पनि पर्यावरण एउटा महत्वपूर्ण विषयवस्तु बन्न गएको छ ।

पर्यावरणीय आन्दोलनमा मूलतः तीन धारा क्रियाशील रहिआएका छन्, ती हुन्–पश्चगामी धारा, निम्नपुँजीवादी धारा र मार्क्सवादी धारा । यी तीन ओटै धाराबारे छोटो चर्चा गर्न आवश्यक छ ।

पश्चगामी धाराले पर्यावरणीय विनाश र संरक्षणको प्रश्नमा पृथ्वी बचाउने र हरित आन्दोलन चलाउने भन्दै ठुल्ठूला हल्ला त गर्दछ । परन्तु पर्यावरण विनाशको मूल कारण तथा कारकतत्व बन्दै आएको उत्पीडक वर्ग अर्थात् पुँजीवाद/साम्राज्यवाद लाई होइन, सम्पूर्ण मानव समुदायलाई दोषी देखाउने काम गर्दछ र आन्दोलनको प्रहारको निशाना उत्पीडक वर्गलाई बनाउँदैन । यस धारामा पर्यावरण केन्द्रवाद (भ्अय(अभलतचष्क) प्रभावी रहेको छ । त्यसले मानव होइन मानवेतर प्राणीका हकहितमा मुख्य जोड दिने, भौतिकवादलाई निषेध गरी धार्मिक रहस्यवाद अवलम्वन गर्ने, जनसंख्या वृद्धिलाई पर्यावरण विनाशको प्रमुख कारण बताई जनसमुदायमाथि दोष थोपर्ने, सामाजिक जीवनलाई ऐतिहासिक भौतिकवाद होइन जीव वैज्ञानिक दृष्टिका आधारमा हेर्ने, साम्राज्यवाद/प्रतिक्रियावादलाई जोगाउने तथा चोख्याउने काम गर्दछ । समग्रमा भन्नु पर्दा पश्चगामी धारा अन्तर्गत यथास्थितिवाददेखि नवमाल्थसवाद हुँदै इको फासीवादसम्म पर्दछन् ।

निम्नपुँजीवादी धाराले पर्यावरणको प्रश्नमा एकातिर साम्राज्यवाद/प्रतिक्रियावादको विरोध गर्दछ भने अर्कोतिर समस्याको समाधान सुधारवादी तरिकाले गर्न चाहन्छ । यस धारा अन्तर्गत पनि विभिन्न उपधारा पर्दछन् । यी मध्ये इको-मार्क्सवाद (Eco-Marxism) पनि एउटा हो र यो नवमार्क्सवादसित जोडिएको छ । कतिपय इकोमार्क्सवादीहरूले पर्यावरण सम्बन्धी मार्क्सका विचारहरूको गम्भीर अध्ययन गर्दै पर्यावरणको मूल कारण तथा जिम्मेवारका रूपमा मुनाफा केन्द्रित पुँजीवाद/साम्राज्यवाद रहिआएको कुरा दर्शाउँदै त्यसका विरूद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । यो सकारात्मक पक्ष हो । परन्तु उनीहरूले वर्गसङ्घर्ष भन्दा पर्यावरणीय आन्दोलन र इको-जनवाद तथा इको-समाजवादमा जोडदिन पुग्दछन् । उनीहरू वैज्ञानिक समाजवाद होइन सुधारवादी समाजवादको पक्षमा रहेका छन् । समग्रमा निम्नपुँजीवादी धारा पश्चगामी धारा र मार्क्सवादी धाराका बीचमा दोलायमान रहिआएको छ । मार्क्सवादी धारा पश्चगामी र निम्नपुँजीवादी दुबै धाराको विरोधी रहेको छ । मार्क्सवादका अनुसार प्रकृति र मानिसका बीच द्वन्द्वात्मक एकतामा आधारित सम्बन्ध रहेको हुन्छ र यसलाई नैसर्गिक भौतिक सम्बन्ध पनि भनिन्छ । पुँजीवाद/साम्राज्यवादले अत्यधिक मुनाफा आर्जन र पुँजी सञ्चयको प्रक्रियामा प्रकृति र मानिस बीचको यस प्रकारको नैसर्गिक भौतिक सम्बन्ध वा अन्तर्क्रियालाई ध्वस्त पारिदिन्छ । फलतः प्रकृति र मानव जीवनका बीच असन्तुलन पैदा हुन पुग्दछ । यसरी हेर्दा पर्यावरणीय समस्याको प्रमुख कारण र कारक तत्व पुँजीवाद/साम्राज्यवाद नै रहिआएको कुरा स्पष्ट हुन्छ । त्यसैले पर्यावरणीय समस्याको समाधानका लागि प्रकृति र श्रमिक वर्ग तथा जनसमुदाय दुबै पक्षको शोषण, दोहन र उत्पीडन गर्ने पुँजीवाद/साम्राज्यवादका विरूद्ध क्रान्ति गरी समाजवादी राज्यसत्ताको स्थापना गर्नु पर्दछ । अनि वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढेर नै प्रकृति र मानिसका बीच आवश्यक नैसर्गिक सम्बन्ध, सन्तुलन र सामञ्जस्य पुनःस्थापित गर्न सकिन्छ ।

अहिले नेपालमा कम्युनिष्ट नामधारी दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्ताको संरक्षण र प्रतिनिधित्व गर्ने सरकार कार्यरत छ । त्यसले समृद्ध नेपाल र सुखी नेपालीका साथै समाजवाद समेतको नारा दिदै आएको छ । परन्तु विश्वव्यापी आर्थिक तथा पर्यावरणीय सङ्कटको प्रमुख कारक रहिआएको साम्राज्यवादी नवउदारतावाद र विस्तारवादको निर्देशनमा सञ्चालित सरकारले सिङ्गो नेपाली अर्थतन्त्र र पर्यावरणलाई ध्वस्त पार्दै र सङ्कटग्रस्त तुल्याउँदै आएको छ । गाउँभरि डोजर चलाउँदै र वनजङ्गल सखाप पार्दै लगेर र नवउदारवादको निर्देशनमा चलेर समृद्ध नेपाल र सुखी नेपाली, समाजवाद जस्ता नारा पुरा हुन र सफल बन्न कदापि सक्दैनन् । ती नारा खोक्रा र भ्रमजालका विषय बन्दै र उपहासमा परिणत हुँदै गएका छन् । वस्तुतः आज एकातिर हरित गृह ग्यास नियन्त्रण गर्न नसक्नुका कारण हिमाली पर्वत श्रृङ्खला पग्लिदैं गएका छन् भने अर्कोतिर अनियन्त्रित रूपमा बढ्दै गएको वनविनाशको प्रक्रियाले स्थिति झनै भयावह बन्न पुगेको छ ।

ठीक यसै अवस्थामा विश्वव्यापी रूपमा कोरोना भाइरस (कोभिड-१९) को महामारी फैलदै गएको छ र त्यसले मुख्यतः विश्वका अतिविकसित देशहरूमा आफ्नो दुष्प्रभाव फैलाइरहेको छ । अहिले झण्डै संक्रमित हुनेको सङ्ख्या तीस लाख र मृत्यु हुनेको सङ्ख्या दुई लाख भन्दा बढी पुग्दै गइरहेको छ । त्यसको असर नेपालमा पनि पर्दै गएको छ । यो बेला झण्डै विश्व नै लकडाउनको स्थितिमा छ । यो अत्यन्तै दुःखदायी, संवेदनशील र महाविपत्तिको अवस्था हो । कतै कोरोना भाइरस र पर्यावरण विनाशका बीच कुनै सम्बन्ध त छैन ? गम्भीर अध्ययनको आवश्यकता पैदा भएको छ ।

आज वर्तमान विश्वमा आर्थिक तथा राजनीतिक उत्पीडन र पर्यावरण विनाश, अनि आर्थिक सङ्कट र पर्यावरण सङ्कट दुबैका प्रमुख कारण र कारक तत्व अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवाद र बेग्ला बेग्लै देशहरूका सन्दर्भमा त्यसद्वारा निर्देशित पुँजीवादी तथा प्रतिक्रियावादी राज्यसत्ता नै रहिआएका छन् । यस स्थितिमा आर्थिक तथा राजनीतिक र पर्यावरणीय दुबै क्षेत्रमा जनआन्देलन र क्रान्तिको प्रहारको प्रमुख निशाना साम्राज्यवाद र प्रतिक्रियावाद बन्न गएका छन् । यस यथार्थलाई हामीले राम्रोसित आत्मसात् गर्नु पर्दछ ।

तसर्थ, यो बेला हामीले ध्यान दिनुपर्ने मूल विषय यी हुन्– पहिलो, पर्यावरणको विनाश र संरक्षणको प्रश्नलाई एउटा मूल एजेण्डा बनाई त्यसलाई सिङ्गो राजनीतिक आन्दोलन र क्रान्तिसित जोड्नु पर्दछ । दोस्रो, साम्राज्यवाद र सबै खाले प्रतिक्रियावादका विरोधमा आन्दोलनको सञ्चालन तथा विकास गर्दै नयाँ विकल्पका रूपमा वैज्ञानिक समाजवाद तथा साम्यवादको प्राप्तिका लागि नयाँ जनवादी क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।

वस्तुतः मार्क्सवादले प्रकृति र मानवका बीचको द्वन्द्वात्मक एकतामा जोड दिन्छ । यहाँ सङ्घर्ष र सन्तुलन दुबै हुन्छ । प्रकृति मानव जीवनको एक मात्र आधार र अभिन्न अङ्ग हो । प्रकृति विना मानव जीवन असम्भव छ । प्रकृतिलाई समृद्ध तुल्याएर नै मानव जीवन समृद्ध बन्न सक्तछ । प्रकृति र मानवका बीचको सम्बन्ध प्राक् इतिहास कालदेखि नै स्थापित रहिआएको छ । यस सम्बन्धलाई विस्थापित र विध्वंस गर्ने प्रवृत्ति र शक्तिका विरूद्ध जोडदार सङ्घर्ष चलाउनु पर्दछ । वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुगेर नै वास्तविक अर्थमा प्रकृति र मानिसका बीचको सम्बन्धलाई नयाँ आधारमा नयाँ ढङ्गले स्थापित र सुदृढ तुल्याउन सकिन्छ ।

*मिति २०७७ बैशाख १६ गते*

## शहीद...

र उद्देश्य मिल्नेहरूले शहीदले देखाएको बाटोमा जीवनपर्यन्त हिंड्नु शहीदप्रति साँचो अर्थको सम्मान गर्नु हो ।

मैले मित्रमणिलाई सबैभन्दा बढी चिनेको छु भनेर घमण्ड त गर्दिन तर तात्कालीन चितवन जिल्लामा सवा वर्षको अवधिमा जति घुलमिल भएर काम गरियो ! एकदमै निकटमध्यको एक म पनि हुँ भन्ने मलाई लाग्दछ । २०४० साल कार्तिकमा माउ पार्टी चौथो महाधिवेशनमा फूट भएको थयो । विद्यार्थी संगठनमा त्यसको असर पर्ने नै भयो । हामीले छोटो अवधिको लागि एउटा आयोजक समिति बनाएर ०४० माघमा आठौं अ.ने.रा.स्व.वि.यू. चितवन जिल्ला अधिवेशन गर्‍यौं । म वीरेन्द्र क्याम्पसमा डिप्लोमामा पढ्थें । मित्रमणि आचार्य रामपुर क्यामपसमा बिएससी.एजी.मा पढ्नुहुन्थ्यो । म अध्यक्ष र मित्रमणि उपाध्यक्ष भएर अखिलको १ वर्षे जिल्ला समितिको कार्यकाल अत्यन्तै सफलताका साथ बितायौं । त्यही साल ०४० चैत्रमा भारतको गोरखपुरमा अखिलको आठौं राष्ट्रिय सम्मेलन भयो र मित्रमणि केन्द्रीय सदस्य पनि चुनिनु भयो । ०४१ माघमा नै चितवनको अ.ने.रा.स्व.वि.यू. को नवौं जिल्ला सम्मेलन भयो र टीका पोखरेल अध्यक्षमा चुनिनु भयो । हामी १३ जनाको जिल्ला समितिले त्यतिखेर टिमबद्ध भएर चितवनका सबै क्याम्पस र मा.वि. मा बनाएका संगठनमा बस्ने साथीहरू आ(आफ्नो क्षेत्रमा अहिले पनि नेतृत्त्वदायी भूमिकामा हुनुहुन्छ । ०४० माघदेखि ०४१ माघसम्म एउटै जिल्लाको समितिमा बसेर विताएका मित्रमणिसँगको निकै अविस्मरणीय छन् ।

०४० सालमा चौथो महाधिवेशन फुटेपछि पार्टीले राष्ट्रिय सम्मेलन गयो र पार्टीको नाम मशाल राख्यो । एक वर्षको तयारी गरेर आयोजक समिति बनाएर ०४१ मंसिरमा भारतको अयोध्यामा पाँचौं महाधिवेशन सम्पन्न गयो । मोहन विक्रम सिंहलाई महाधिवेशनले कार्वाही गयो र मोहन बैद्यलाई महासचिव छान्यो । विश्वविद्यालयलाई किल्ला बनाऔं भन्ने महान लेनिनको भनाइबाट प्रभावित भएर देशभरका ठूला क्याम्पसहरू अखिलका किल्लामा परिणत भएका थिए । भूमिगत पार्टीका नेताहरू क्यामपसका विद्यार्थीका कोठामा गुप्त रूपमा सेल्टर लिन्थे । क्याम्पसमा पार्टीका शाखाहरू खोलिएका थिए । मित्रमणि आचार्य रामपुर क्याम्पस पार्टी शाखाको सदस्य हुनुहुन्थ्यो । त्यतिखेर पूर्णकालीन कार्यकर्तालाई आर्थिक अभाव निकै हुन्थ्यो । सरल जीवन र उच्च विचारका सम्वाहक मानिन्थे नेताहरू । कृषि र पशु विज्ञान अध्ययन क्याम्पस देशभरिकै एउटा मात्र थियो रामपुरमा । देशभरिका विद्यार्थीहरू पढ्न आउँथे । घर छोडेर होस्टलमा बसेर प्रवेश परीक्षामा पास गरेर नाम निकालेर पढ्न चानचुने विषय थिएन । प्रायः मध्यम वर्गीय परिवारबाट पढ्न आएका हुन्थे । २०४० सालसम्म चौथो महाधिवेशन नफुट्दासम्म देशमा ने.क.पा.(मशाल) समर्थित विद्यार्थी अखिलको पहिलो शक्ति थियो । त्यसमा पनि रामपुर क्याम्पस गढ नै थियो । चितवनमा पुरानो पुस्तामा काँग्रेसको प्रभाव बढी थियो । रामपुर क्याम्पसमा कम्युनिष्ट विद्यार्थी बढी हुनु र काँग्रेसहरूलाई असैह्य हुन्थ्यो । स्व.वि.यू. निर्वाचन भएदेखि नै अखिलले जित्दै आएको थियो । त्यसमा पनि सबैले प्यारो माइला दाइ भनेर बोलाउने मित्रमणिको कुशल नेतृत्त्वले गर्दा कम्युनिष्ट विद्यार्थीहरूको गोलबन्दता लोभलाग्दो थियो । हरेक साल क्याम्पस छोडेर फिल्डमा जाने विद्यार्थीहरूलाई आन्तरिक विदाई कार्यक्रम हुन्थ्यो । ३ वर्षसम्म होस्टलमा बस्दा जोडिएका निजी सामान लगाउने कपडा, सिरक डस्ना रहरले चलाउने साइकल विदा भएर जाने विद्यार्थी कमरेडहरूले पार्टीलाई चन्दा दिएर जान्थे । पूर्णकालीन कार्यकर्ताको महत्त्व र उनीहरूको आवश्यकताबारे जाने साथीहरूलाई संयोजन गरेर क्याम्पसको पर्खालबाहिर खुशीराम पाख्रिनको टोलमा पार्टी केन्द्रबाट आएका प्रतिनिधिको साथमा मित्रमणिले महत्त्व बुझाउने गर्नुहुन्थ्यो । त्यसबाट पार्टीको महत्त्वपूर्ण गर्जो टर्ने गर्थ्यो । 'राम्रो मानिसलाई भगवानले पनि छिट्टै लान्छन्' भन्ने नेपाली उखान क. मित्रमणिमा लागू भयो । २२ वर्षको कलकलाउँदो ठिटो, अग्लो कदको, इयाप्प दाह्री आएको बाहिरबाट हेर्दा प्रोढ र अभिभावक जस्तो देखिनुहुन्थ्यो । बाँचिरहनु भएको राम्रो नेतृत्त्वमा विकास गर्ने सम्भावना थियो । उहाँको कमिलाको फूलजस्तो साह्रै मिलेका राम्रा अक्षर देखेर त्यस्तै लेख्न पाए हुन्थ्यो भन्ने इच्छा लाग्थ्यो । त्यतिखेर रामपुर क्याम्पसबाट उत्पादित थुप्रै विद्यार्थीहरू पूर्णकालीन नेता तथा कार्यकर्ता बनेका थिए । 'तपाईं पनि पूर्णकालीन बन्नुपर्छ यति राम्रो लेख्ने मानिस सर्कुलर लेखेर केन्द्रीय कार्यालयमा बस्नुपर्छु' भन्दा झहेरौं के हुन्छ भन्नुहुन्थ्यो । जे होस् नयाँ जनवाद, समाजवाद र साम्यवाद सहीद मित्रमणिले देखाएको बाटो हो जसले निरन्तर उक्त बाटोमा हिँड्छ उसले मात्र मित्रमणिलाई सच्चा अर्थमा श्रद्धा गरेको ठहर्छ । साम्राज्यवाद, प्रभुत्त्ववाद, विस्तारवाद, संशोधनवाद र संसदवादप्रति उहाँ तीव्र घृणा थियो । क्रान्तिको बाटो विराएकाहरूले मित्रमणिको बखान नगाए हुन्छ । महान् मार्क्सले भने झैं 'कसैको गुणको तारिफ गर्न समय खेर नफाल बरु उसको गुणलाई अपनाउने गर ' भन्ने भनाइलाई आत्मसाथ गर्न जरुरी छ । काँग्रेसी विद्यार्थी संगठन ने.वि.संघले क. मित्रमणिको हत्या गरे पनि उनीहरूले हारेका छन् । पुरातनपंथी र प्रगतिशील पक्षको लडाइमा प्रगतिशील पक्ष हावी छ । संशोधनवादी र संसदवादीहरूको बोलवाला भए पनि जनताले कम्युनिष्ट भन्नेहरूलाई मन पराएका छन् । जनता सबैले सिद्धान्त बुझ्ने कुरा भएन । गलत तत्त्वको भण्डाफोर गर्नै सही सिद्धान्तनिष्ट कम्युनिष्टहरूलाई अगाडि बढाउनु आजको आवश्यकता हो । मित्रमणिबाट प्रेरणा लिने कुरा यही हो । मित्रमणिलाई मारेर ने.वि.संघलाई बलियो बनाउँछु भन्नेहरूको सपना चक्नाचुर भएको छ । मित्रमणिलाई मार्ने ५० जना जति हत्याराहरूको मिसिल अहिले पनि अदालतमा सुरक्षित छ । ४० को दशकमा क्रियाशील हरेक चितवनवासीको आँखामा उनीहरूको अपराध टलपलाइरहेको छ । मार्नेले कहिले पनि जित्दैन मर्नेले जित्छ । प्यूठानको विजुवार र रामपुर क्याम्पसको प्राङ्गणमा अहिले पनि भर्खरै बोल्लाजस्ता मित्रमणिको शालिक हत्याराहरूलाई चुनौति दिँदै खडा छ । बाचुञ्जेल पनि मित्रमणिका कोही व्यक्तिगत शत्रु थिएनन् । मार्नेहरू पनि हत्या गरिसकेपछि पश्चाताप गर्न बाध्य छन् । बाचुञ्जेल हत्याराको कालो टीका निधारमा लाएर हिँड्न बाध्य छन् । मित्रमणि ध्रुबतारा झैं अरू चम्किलो बन्दै जानेछन् । क्रान्ति सम्पन्न भएको छैन । मित्रमणिसँगै कुटाई खाएर मर्यो भनि फालिएका टिका पोखरेल, विजय भुजेल, गितामणि पाण्डे र विष्णु थापा अझै हुनुहुन्छ ।

मानिसले बोलेर मात्र हुँदैन अन्तसम्म शहीदले देखाएको बाटोमा हिँड्नु ठूलो कुरा हो । मित्रमणि घाइते हुँदादेखि हस्पिटल ल्याउने, १९ गते विहान (राती) २ बजेर ५ मिनेट जाँदा भरतपुर हस्पिटलमा मृत्यु हुँदादेखि पञ्चायती कालरात्रीमा जुलुशमाथि प्रतिबन्ध लागेको बेला १०० जनाको जुलुश पनि ठूलो हुने बेलामा मजदुर हरूको महान चाड मई दिवसको दिन २०४२ बैशाख १९ गते चितवनमा ३० हजारको विशाल शव(यात्रा निकालेर राती ९ बजे मध्य तराई उपकेन्द्रको तर्फबाट महान् लेनिनको भनाई सापट लिँदै 'मानिस जव राजनैतिक रूपमा टाट पल्टिन्छ तब ऊ गुण्डागर्दीमा उत्रिन्छ ' भन्ने भनाई राखेर श्रद्धाञ्जली दिएको घटना ऐले जस्तो लाग्छ । जबकी २०७६ साल बैशाख १८ गते ३५ वर्ष पूरा भइसक्नेछ । मित्रमणि समकालीन सहयोद्धा, समर्थक, शुभचिन्तकहरूले त मित्रमणि बारे चितवनमा मुखाग्र थाहा छ । नयाँ पिँढीले पनि मित्रमणि बारे थाहा पाउन जरुरी छ । यो ३५ वर्षमा नारायणीमा धेरै पानी बगिसकेको छ । चितवनमा पुरानो सत्ताको विरुद्ध आगो ओकल्ने क्रममा जनयुद्धमा ११० जनाले शहीदको पङ्तीमा आफ्नो नाम लेखाईसक्नु भएको छ । क्रान्तिको यात्रा जारी छ । राज्यद्वारा बेपत्ता पारिएका पार्टीका केही सदस्य दण्डपाणी न्यौपाने, ज्ञानेन्द्र त्रिपाठी लगायत देशभरका झण्डै एक हजार बेपत्ता नागरिकको साथमा मित्रमणिको हत्याको विरोधमा महेन्द्र पुलिस क्लब अगाडिबाट २०४२ बैशाखा २२ गते बेपत्ता पारिनु भएका अखिलका कार्यकर्ता दिलिप चौधरीलगायतको सार्वजनिक हुन जरुरी छ । पुरानो प्रतिक्रियावादी राज्यसत्ताका चाकर हरूबाट त्यो सम्भव छैन भन्ने कुरा प्रमाणित भइसक्यो यो १२ वर्षको अवधिबाट । कथित सहयोद्धा भन्नेहरू नै त हुन् प्रतिक्रियावादी राज्यसत्ताको कुर्सीमा । त्यो कुरा क्रान्तिले मात्र गर्न सक्छ ।

प्यूठानबाट आएर चितवनको माटोमा आफ्नो रक्तसिञ्चित गरेर रक्तबिज जस्तै नौ जवान क्रान्तिकारी उत्पादन गर्न मित्रमणिले आफ्नो जीवनको न्यौछावर गर्नु भएको छ । यसको मूल्य चितवनले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेलेर पूरा गर्न सक्छ र गर्नु पर्दछ ।

श्रमप्रति सम्मान व्यक्त गर्ने मित्रमणि आचार्यले श्रमद्वारा जनताको मन जित्ने, जनताको घरमा गएको बेला आफूले खाएको थाल आफैले माझ्ने, चितवनको फाँटमा पार्टी कार्यकर्ता र पेशेवर राजनैतिककर्मीहरूको धान काटेर थन्क्याईदिने तोरी उखेल्ने, देउसी भैलो खेलेर संगठनको कोष खडा गर्ने काममा आफू मात्र नभएर क्याम्पसको एक(डेढ शय विद्यार्थीको नेतृत्त्व गरेर विघाका विघा काम एकै दिनमा सकिने गरेको कुरा सँगै काम गरेका सहयोद्धाको मानसपटलमा अझै पनि ताजै छ । मित्रमणिका यिनै गुणबाट सिक्दै नयाँ पिँढीका नेता तथा कार्यकर्ताहरूले बदलिएको सन्दर्भमा जनतासँग जोडिने र एकाकार भएर क्रान्तिको महायात्रामा लामबद्ध भएर अगाडि बढ्न जरूरी छ ।

समाज परिवर्तनको लागि १९९७ देखिका शहीदका गाथाको माला उन्दै, नयाँ जनवाद, समाजवाद, साम्यवादको महासमरको यात्री बनेर मानव जीवनको उत्कृष्ट लक्ष्य प्राप्तिको दिशामा निरन्तर आ(आफ्नो क्षेत्रबाट अगाडि बढ्नु नै सच्चा क्रान्तिकारीहरूको काँधमा आएको जिम्मेवारी हो । महान् माओले भनेझैं -'अध्ययन गर्नु नराम्रो कुरा होइन, त्यो अध्ययन, जागिर खान, ठूलो पद पाउन, पैसा कमाउन र प्रमोशन हुन होइन, जनताको सेवा गर्न हुनुपर्छ ।' भन्ने कुरा कक्षामा सधैं प्रथम हुने र क्याम्पसमा डिस्टीङ्सन ल्याउन सफल तर आफ्नो पढाई र जीवन समेत देश जनता, पार्टी र क्रान्तिको पक्षमा लगाउने मित्रमणि जस्तै आँट र साहस हामीले गर्न सक्यौं भने मित्रमणिले देखाएको बाटोमा हिँडेको ठहर्छ । यही नै शहीदप्रति सच्चा सम्मान र श्रद्धाञ्जली हो ।


**रोयल बुईपा A/C जम्बो हाईस**



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर |
| --- | --- |
| बसन्त खड्का - ९८४२८३७७९३ | फोन नं. ०३५-४२१६४३ |
| - ९८१७७१९६९७ | पुरुषोत्तम खनाल - ९८५२८३५६९० |
| ईन्द्र कट्टेल - ९८१९४१५२९० | - ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०

चाबहिल- ९८५१२४५६८०

दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

# सन्दर्भ विश्व प्रेस स्वतन्त्रता दिवस



● गोविन्द आचार्य ●

मे ३ (बैशाख २१) विश्व प्रेस स्वतन्त्रता दिवस । सन् १९९३ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले घोषणा गरेपछि युनेस्कोको आव्हानमा हरेक वर्ष मे ३ का दिन विश्वभर 'विश्व प्रेस स्वतन्त्रता दिवस' मनाइँदै आइएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा यस वर्ष 'भय र पक्षधरतामुक्त पत्रकारिता' भन्ने नारा तय गरिएको छ । नेपालमा यस वर्ष कोरोनाको प्रभावका कारण भौतिकरूपमा प्रत्यक्ष सहभागी भई खुल्ला कार्यक्रम आयोजना गर्ने अवस्था नरहे पनि नेपालमा प्रेस स्वतन्त्रताका सवालमा डिजिटल संवाद, छलफल तथा सञ्चारमाध्यममा सामग्री प्रकाशन/प्रसारणमार्फत् विविध कार्यक्रमको आयोजना गरी विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदैछ । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा 'प्रेस स्वतन्त्रता र भय तथा पक्षधरतामुक्त पत्रकारिता' शीर्षकमा वैशाख २१ गते (मे ३) दिउँसो १ बजे विशेष डिजिटल सम्वाद कार्यक्रम आयोजना गर्दैछ । सोही अवसरमा दक्षिण एशियाको प्रेस स्वतन्त्रता अवस्थाबारे अन्तराष्ट्रिय पत्रकार महासंघ (आइएफजे)को अनुगमन प्रतिवेदन सार्वजनिक गरिँदैछ । यसैगरी पत्रकार महासंघका प्रदेश समिति र शाखाहरूको आयोजनामा देशभर विविध कार्यक्रम गरी यो दिवस मनाइँदैछ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र हाम्रो देशभित्रको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हनन्का घटनाको सार्वजनीकीकरण र स्वतन्त्रताको प्रतिरक्षा, प्रेस स्वतन्त्रता सेनानी एवं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्ने तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति जीवन बलिदान गर्नुहुने तथा बेपत्ता पारिनुभएका योद्धाहरूप्रति श्रद्धा व्यक्त गर्दै प्रेस स्वतन्त्रताका पक्षमा अविराम संघर्ष गर्नुहुने सबै महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । यस अवसरमा म सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा २०७६ सालमा प्रेस स्वतन्त्रताको अवस्थाबारे उल्लेख गर्दा २०७६ सालमा संसदमा सरकारले दर्ता गरेका प्रेससम्बन्धी विधेयकमा प्रेस स्वतन्त्रताको आधारभूत मूल्य र मान्यतामै प्रहार गरिएपछि त्यसलाई सच्चाउन महासंघले दबाबमूलक पहलकदमी जारी राख्यो । संसदले ती कानूनलाई अझै अन्तिम रूप दिन बाँकी रहेकाले यस प्रकारको दबाब अझै जारी राख्नुपर्ने अवस्था छ । २०७४ सालमा तीनवटै तहका निर्वाचन सम्पन्न भएर बनेका संघ, प्रदेश र स्थानीय तहका सरकारले बनाएका प्रेससम्वन्धी कानून र नीतिमा प्रेस स्वतन्त्रतालाई खुम्च्याउने प्रयासहरू जारी नै रहेका छन् । यी सबै कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन पत्रकार महासंघले अनवरत आवाज उठाँउदै आएको छ । नेपालमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूका कुरा गर्दा मुख्यरूपमा राजनीतिक गतिरोध, आन्दोलन वा द्वन्द्व जारी रहेको अवस्थामा प्रेस र पत्रकारहरूलाई बढी आक्रमण हुने गरेको पाइन्छ । तीनवटै तहमा स्थिर सरकार निर्माण भएको यस अवस्थामा प्रेस स्वतन्त्रता हन्नका घटनामा कमि आउनेछन् भनेर हामीले अपेक्षा राख्नु स्वभाविकै हो । तर, हाम्रो अपेक्षा विपरीत यस वर्ष पनि अघिल्लो वर्ष जत्ति नै प्रेस स्वतन्त्रता हनन्का घटनाहरू हुन पुगेका छन् । त्यसैगरी कानून निर्माणका क्रममा पनि प्रेस स्वतन्त्रतामा अंकुश लगाउने प्रयासविरुद्ध महासंघ सडकसम्म पुग्नुपर्ने बाध्यता सिर्जना भएको छ । यस वर्ष प्रेस स्वतन्त्रतामाथि खतरा आउन सक्ने नीतिगत वातावरण बनेको छ । विभिन्न तहहरूमा कानून निर्माणको प्रक्रिया अघि बढिरहँदा कतिपय ऐन र प्रस्तावित मस्यौदाहरूमा प्रेस स्वतन्त्रता ग्यारेण्टी गर्ने संविधानका धाराहरू विपरीत हुने खालका प्रावधानहरू राखिएको छ । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रतालाई सुनिश्चित गरिएको भएतापनि विभिन्न ऐन तथा कानूनमार्फत् प्रेसको स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजिनु प्रेस स्वतन्त्रतामाथिकै गम्भीर चुनौति हो । २०७६ बैशाख २६ गते संसदमा दर्ता भएको मिडिया काउन्सिल विद्येयक र त्यसअघि नै दर्ता भएको सूचना प्रविधि विधेयकका केही दफाले प्रेस स्वतन्त्रतालाई संकुचन पार्दछन् । यसमा महासंघसहित सरोकारवाला पक्षको राय सुझावका आधारमा सच्चाउने सरकार र संसदको प्रतिवद्धता अझै पूरा हुनसकेको छैन । यस सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारले संसदमा पेश गरेका, मस्यौदा गरेका एवम् विचाराधीन अवस्थामा रहेका सञ्चारसम्बन्धी विधेयकहरूमा रहेका प्रेस स्वतन्त्रता विरोधी प्रावधान सच्चाउन महासंघले निरन्तर आवाज उठाउँदै आएको छ र केन्द्र र सातवटै प्रदेशका सरकारलाई नमूना कानूनको मस्यौदा बनाएर हस्तान्तरण गरिसकेको छ । प्रेस स्वतन्त्रतामैत्री कानून बनाउन नेपाल पत्रकार महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले कडा निगरानीसहित दवावमूलक पहलकदमी बढाउनु पर्नेछ । यसवर्ष विभिन्न तहका निर्वाचित सरकारको नेतृत्वबाट सञ्चारकर्मी र सञ्चारमाध्यमले आफ्नो पक्षमा नलेखेको भन्दै पटकपटक खुल्लारूपमा आरोप र धम्की दिने कार्य पनि भएका छन् । आफ्नो र सरकारको गुणगान गाउँदा ठीक भन्ने र अलिकति मात्रै आलोचना वा सत्यतथ्य समाचार र सूचना प्रवाह भयो भने सञ्चारकर्मी र सञ्चारमाध्यम विरुद्ध खनिने प्रवृत्तिले लोकतन्त्रको संस्थागत विकासमै बाधा पुऱ्याउँदछ । यसतर्फ सम्बन्धित सबैको ध्यान जानु पर्दछ । साथै यस वर्ष अनलाइन सञ्चारमाध्यममा समाचार लेखेकै आधारमा पत्रकारलाई साइबर अपराध सम्बन्धी कसुरमा पक्राउ गर्ने तथा अदालतले रिहा गरेका पत्रकार अदालतको गेटबाटै पुनः पक्राउ पर्ने क्रम बढ्नुले नेपाली पत्रकारितामा नयाँ चुनौती थपिएको छ । नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको निरन्तर अनुगमन गर्दै आइरहेको छ । २०५६ सालदेखि महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरण गर्दै आएको छ । हाल महासंघमा यसका लागि छुट्टै सञ्चार अनुगमन इकाइको व्यवस्था गरिएको छ । गत दुई वर्षदेखि उक्त इकाइले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनालाई त्यहाँ रेकर्ड गर्ने गरेको छ, जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ । नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको सञ्चार अनुगमन इकाइमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्थालाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का दिन प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको वैशाख २१ गतेदेखिका घटनाहरूलाई लिने गरिएको छ । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा २०७६ सालमा प्रेस स्वतन्त्रता हननका ६० वटा घटना अभिलेख भएका छन् । यसबाट ९४ पत्रकार तथा ३ सञ्चार संस्था गरी ९७ पीडित बनेका छन् । अभिलेखअनुसार पत्रकार गिरफ्तारका ८ वटा घटना भएका छन् । त्यस्तै स्वतन्त्र पत्रकारितामा अवरोध तथा कब्जाका ३ वटा घटना भएका छन् । पत्रकारमाथि आक्रमणका १३ वटा घटना भएका छन् भने दुर्व्यवहार तथा धम्कीका ३२ वटा घटना भएका छन् । पत्रकार पेशाबाट विस्थापनको १ र पेशागत असुरक्षाका ३ वटा घटना भएका छन् । गत बर्ष पनि प्रेस स्वतन्त्रता हननका ६० वटा घटना भएका थिए । यी ६० घटनामा ७७ जना पत्रकार र ५ सञ्चार संस्था पीडित भए । तर यस वर्ष पीडित हुने पत्रकारको संख्या गत वर्षभन्दा १७ जना बढी छन् । गत वर्ष जस्तै यस वर्ष पनि राज्यबाट भएका प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा पत्रकारह?लाई गिरफ्तार गर्ने घटनाह? बढी देखिए । गत वर्ष निर्वाचनका बेला पत्रकारह?लाई राजनीतिक आस्थाका आधारमा गिरफ्तार गरेका घटनाह? बढी भएका थिए भने यस वर्ष समाचार लेखेको वा समाचार सम्प्रेषण गरेकै आधारमा गिरफ्तार गर्ने घटनाह? भए । विद्युतीय कारोबार ऐन अन्तर्गत पत्रकारह?लाई गिरफ्तार गर्ने घटनाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचनमा पार्ने काम धेरै भए । पत्रकारलाई गिरफ्तार गर्ने मात्र होइन अदालतको आदेशमा रिहा भएका पत्रकारलाई अदालत परिसरबाट बाहिर निस्कदै गर्दा पुनः गिरफ्तार गर्ने जस्ता प्रेस स्वतन्त्रता विरोधी शैली अभ्यास गरियो । यसैगरी आफ्नै कार्यकक्षमा काम गरिरहेका पत्रकारह?लाई कार्यकक्षबाटै गिरफ्तार गर्ने क्रमले पनि थप चिन्ता जन्माएको छ । यस वर्ष पत्रकारहरूलाई सरकारी वा सार्वजनिक कार्यक्रमको रिपोर्टिङ गर्नबाट वञ्चित गर्ने घटनाहरू पनि भए, जसले स्वतन्त्र प्रेसको आधारभूत अवधारणामाथि नै आक्रमण भएको महासंघको निष्कर्ष छ । यसवर्षका घटनाहरूको अध्ययन गर्दा प्रेस स्वतन्त्रता विरोधी कार्यमा संलग्नहरूमाथि कारवाही र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण निर्माणमा पत्रकार महासंघले जोड दिनु पर्ने देखिन्छ । रिपोर्टर विदआउट बोर्डर (आरएसएफ) ले प्रकाशित गरेको प्रेस स्वतन्त्रता इन्डेक्स २०२० मा नेपालको स्थान गत वर्षको तुलनामा ६ स्थान खस्किएर १८० राष्ट्रहरूमध्ये ११२औं स्थानमा रहेको छ । आरएसएफले पनि सञ्चारसम्बन्धी प्रस्तावित कानूनह? र सरकारका प्रतिनिधिहरूले प्रेसका बारेमा गर्ने टिप्पणीहरूलाई नै आधार मानी यस वर्ष नेपालको स्थान खस्किएको जनाएको छ । नेपालको संविधानको मूल मर्म र भावना एवम् संघीय लोकतान्त्रिक गणतन्त्रको उद्देश्यअनुरूप नेपाली सञ्चार क्षेत्रको पुनर्संरचना अहिलेको प्रमुख आवश्यकता हो । राष्ट्रिय आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीतिअनुरूप सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि नेपाल पत्रकार महासंघले आग्रह गर्दै आइरहेको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको यस अवसरमा म सरोकारवाला पक्षको सहभागिता र सहमतिमा सञ्चार सम्वन्धी कानून र संरचना निर्माण गर्न आग्रह गर्दछु । नेपाल पत्रकार महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरण, समानुपातिक विज्ञापन वितरणका लागि विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनर्संरचना, सञ्चारमाध्यमलाई सञ्चार सेवा उद्योगको मान्यता, विदेशी टेलिभिजन च्यानलमा क्लिनफिड नीति लागू गर्ने व्यवस्था, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका मागहरू पूरा गर्न सरकारसहित सम्बन्धित निकायहरूमा पुनः ध्यानाकर्षण गराउँदछु । साथै कोरोना सक्रमणले उत्पन्न गराएको अहिलेको संकटपूर्ण अवस्थामा केही सञ्चारगृहमा श्रमजीवी पत्रकारह?लाई दवावपूर्ण बेतलबी बिदामा राख्ने, हटाउने तथा समयमै पारिश्रमिक उपलब्ध नगराउने जस्ता समस्या देखिएकाले त्यसलाई तत्काल रोकी श्रमजीवी पत्रकारह?का समस्या सम्बोधन गर्न सम्बन्धित सञ्चार प्रतिष्ठान र सरकारको ध्यानाकर्षण गराउँदछु । कोरोना सक्रमणबाट अति प्रभावित जिल्लामा फिल्डमा खटिइरहेका पत्रकार, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूको तत्काल स्वास्थ्य परीक्षण र विमाको व्यवस्था मिलाउन महासंघ आग्रह गर्दछ । कोरोना सक्रमणका क्रममा फिल्डमा खटिने सबै सञ्चारकर्मीका लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्था, नियमित स्वास्थ्य परीक्षण, बिमा र सहज सूचना प्राप्तिको व्यवस्थाका लागि पनि सरकारसँग आग्रह गर्दछु । यसैगरी कोरोना सक्रमण वि?द्ध अग्रभागमा रहेर महत्वपूर्ण भूमिका खेलिरहेका सञ्चारकर्मीहरूका लागि सञ्चार साधनमा छुटसहित आवश्यक सहुलियतको व्यवस्था गर्न तथा सञ्चारमाध्यमह?का लागि यस वर्षको रोयल्टी र नवीकरण शुल्कमा पूरै छुट गर्न, विभिन्न करमा छुट गर्न तथा विद्युत, टेलिफोन, इन्टरनेट महशुल छुट तथा कागजसहितका अन्य प्रेस सामग्री खरिदमा कर छुटसहितको राहत प्याकेज घोषणा गर्न सरकारसँग अनुरोध गर्दछु । प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, यो समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न विषय हो । लोकतन्त्रको सुदृढीकरणका लागि प्रेस स्वतन्त्रताको निर्वाध उपयोग अनिवार्य शर्त हो । नेपालमा संवैधानिक दृष्टिले पहिलेभन्दा तुलनात्मकरूपमा अहिले प्रेस स्वतन्त्रताको संरक्षण गरिए पनि व्यवहारमा त्यस अनुरूप वातावरण बन्न सकेको छैन । सञ्चार क्षेत्रको संरक्षण, सम्वर्द्धन एवं विकासका निम्ति यसको पुनर्संरचना, नीतिगत र कानुनी सुधारका काम हुनै पर्दछ । साथै सञ्चार क्षेत्रले पनि आफूलाई मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन स्वनियमन प्रणालीको विकास गरी थप व्यवस्थित बनाउनु पर्दछ । राष्ट्रियता, लोकतन्त्र, नागरिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारको अधिकार र सञ्चारमाध्यमको हितका पक्षमा दृढतापूर्वक उभिई पत्रकारिताको विकासका साथै नेपाल र नेपाली जनताको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस्, विश्व प्रेस स्वतन्त्रता दिवस २०२० को अवसरमा पुनः सबैमा हार्दिक बधाईं तथा शुभकामना ।

*(विश्व प्रेस स्वतन्त्रता दिवस २०२० को अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यको शुभकामना सन्देश)*

## बाँच्न पुग्ने...

१३१औं वर्ष प्रवेशको यस अवसरमा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) संसारभरिका श्रमजीवि वर्गमा हार्दिक शुभकामना सहित क्रान्तिकारी अभिवादन व्यक्त गर्दछ ।"

सर्वहारा श्रमजीवी वर्गको मुक्तिको एकमात्र बाटो वैज्ञानिक समाजवाद र साम्यवाद रहेको ठहर गर्दै वक्तव्यमा भनिएको छ, "सर्वहारा वर्ग तथा उत्पीडित जनताको मुक्तिको एकमात्र बाटो वैज्ञानिक समाजवाद र साम्यवादको स्थापना हो । यस उद्देश्य प्रप्तिका लागि हाम्रो पार्टी निरन्तर प्रयत्नशील रहिआएको छ । श्रमिक दिवशको यस अवसरमा हाम्रो पार्टी आम श्रमजीवि वर्गलाई नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादको दिशामा अगाडि बढ्न हार्दिक आह्वान गर्दछ ।"

***विशेष राहत प्याकेज, रोजगारी र तलबको निरन्तरताको जोडदार माग***

क्रान्तिकारी माओवादी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघल १३१ औं अन्तर र्राट्रिय मजदुर दिवसको अवसरमा एक वक्तव्य जारी गर्दै महामारीका कारण मजदुरहरूले अपूर्व संकटको सामना गर्नुपरेको उल्लेख गरेको छ र भोकमरीमा परेका मजदुरहरूका लागि विशेष राहत प्याकेजको व्यवस्था गर्न, औपचारिक श्रमिकहरूको रोजगारी र तलबको निरन्तरताका लाग सरकार तथा सम्बन्धित निकायसँग जोडदार माग गरेको छ ।

वक्तव्यमा भनिएको छ, "नोबेल कोरोना भाइरसको चुनौती र यसको रोकथामलाई लिएर अगाडि बढाईएका कदमको परिणाम आर्थिक क्षेत्रमा विश्वव्यापी महामन्दी सृजना भएको छ । यो महामन्दिले विश्वको श्रम बजारमा सबैभन्दा ठूलो प्रहार गरेको छ । विश्वका करोडौं श्रमिकहरूले पुर्ण रूपमा रोजगार गुमाएका छन् ।"

महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले जारी गरेको वक्तव्यमा भनिएको छ, "नेपालको कुल श्रम शक्तिको आधा अर्थात झण्डै ६० लाख श्रमिकहरू वैदेशिक रोजगारीमा छन र ती क्षेत्रहरूमा श्रमिकहरूले ठुलै चुनौती र संकटको सामना गर्नु परेको छ । नेपाली अनौपचारिक श्रम बजारमा क्रियाशिल २० लाख भन्दा धैरै श्रमिकहरूको रोजगारी गुमि सकेको छ भने औपचारिक क्षेत्रका श्रमिकहरूको समेत रोजगारी गुम्न र तलब कटौती हुन सक्ने स्थिति देखा परेको छ । वैदेशिक रोजगारीमा आएको संकट संगै स्वदेशमा फर्कन खोजी रहेका श्रमिकहरूलाई रोजगारीको व्यवस्था, स्वदेशमा अनौपचारिक क्षेत्रका श्रमिकहरू माथी आएको संकट समाधान गर्न विशेष राहतका योजना र औपचारिक श्रमिकहरूको रोजगारी र तलबको निरन्तरताका लागि सरकार र सरोकारवाला सबैमा दबाब सृजना गर्न अब ढिलाइ गर्न हुन्न ।"

जारी गरिएको वक्तव्यमा भनिएको छ, "यहि विषम परिस्थितिका बिचबाट "श्रमिक वर्गले भोगिरहेको अपुर्व संकटहरूको सामना गरौं, नयाँ संकल्प र उज्यालो सृष्टि गर्दै १३१ औं मे दिवस मनाऔं !" भन्ने उद्घोषका साथ आज हामी १३१ औं अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउदै छौं । यो महान अवसरमा मजदुर वर्गको गौरवशाली इतिहासलाई कायम राख्ने संकल्प सहित विश्व श्रमिक वर्गमा १३१औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।"

***विश्वभरका कम्युनिष्ट क्रान्तिकारीहरूद्वारा संयुक्त वक्तव्य जारी***

विश्वका कम्युनिष्ट क्रान्तिकारीहरूले विगत वर्षहरूमा झैं यसवर्ष पनि मे डेमा 'साम्राज्यवाद तथा पुँजीवादका विरुद्ध संसारभरका मजदुरहरू एक होऔं' भन्ने अपिलसहित संयुक्त वक्तव्य जारी गरेका छन् । संयुक्त वक्तव्य जारी गर्नेहरूमा नेकपा (क्रान्तिकारी माओवादी), माओवादी कम्युनिष्ट पार्टी रिकन्सट्रकसन कमिटी, ग्यालिसिया, स्पेनिस राज्य, कम्युनिष्ट न्युक्लिअस, नेपाल, कम्युनिष्ट (माओवादी) पार्टी अफगानिस्तान, टर्की कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी, युनियन ओब्रेरा कम्युनिष्टा (एमएलएम)-कोलम्बिया, माओवादी कम्युनिष्ट पार्टी (इटाली), एल कादेहाइन्स पार्टी (ट्युनिसिया), मोरक्को मार्क्ससिस्ट(लेनिनिस्ट प्रोलेटरियट लाइन (एमएमएलपिएल), क्रान्तिकारी कम्युनिष्ट पार्टी (पिसिआर(आरसिपी, क्यानडा), वर्कर्स भ्वाइस-मलेसिया, मओइस्ट रिभोलुस्नरी लिग, श्रीलंका रहेका छन् ।

आइकोरद्वारा पनि वक्तव्य जारी

मे डेको अवसरमा साम्राज्यवाद तथा पुँजीवादविरोधी अन्तर्राष्ट्रिय संस्था आइकोरले पनि संयुक्त वक्तव्य जारी गरेको छ । आइकोरले जारी गरेको वक्तव्यमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ३४ वटा पार्टी तथा संगठनहरूले हस्ताक्षर गरेका छन् ।

***विश्वका १ अर्ब ६० करोठ मजदुर भोकै बस्नुपर्ने अवस्थामा***

संयुक्त राष्ट्रसंघीय एजेन्सी अन्तरर्षिट्रय श्रम संगठन (आइएलओ)ले कोरोना भाइरसको महामारीले विश्वका झन्डै ५० प्रतिशत कामदारको रोजीरोटी खोसेको नयाँ तथ्य सार्वजनिक गरेको छ । महामारीका कारण अधिकांश मुलुक पूर्ण एवं आंशिक लकडाउनमा भएकाले विश्वभर दुई अर्ब ७० करोड मजदुर प्रभावित बनेका छन् ।

महामारीको सबैभन्दा ठूलो मार अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूलाई परेको छ । आइएलओका अनुसार विश्वभरका तीन अर्ब ३० करोड जनशक्तिमध्ये दुई अर्ब मजदुर अनौपचारिक क्षेत्रमा काम गर्छन् । उनीहरूमध्ये एक अर्ब ६० करोडको जीविका कोरोनाले खोसेर भोकभोकै बस्नुपर्ने अवस्थामा पुऱ्याएको छ । अनौपचारिक क्षेत्रका कामदारसँग वैकल्पिक आय गर्ने अन्य माध्यम नहुने भएकाले ती कामदार र तिनमा आश्रित परिवारको बाँच्ने आधार नै गुमेको हो ।

महामारीका कारण रोजगारी गुमाएका विश्वका अरबौंको संख्याका मजदुरहरू रोगलेभन्दा भोकले मर्ने स्थिति देखिएपछि राहतको माग गर्दै सडक प्रदर्शनमा उत्रन थालेका छन् । मजदुरहरूसँग सम्बन्धित संघ संगठन तथा विभिन्न राजनीतिक पार्टीहरूले बाँच्न पुग्ने गरी राहतको माग गर्दा पनि सरकारले त्यसको सुनुवाइ गरेको छैन । नेपाल लगायत विश्वका अधिकांश मुलुकमा मजदुरहरू भोकभोकै मुर्नुपर्ने भयावह स्थिति पैदा हुँदै गएको छ । मजदुरहरूको यो अवस्था पुँजीवादी तथा साम्राज्यवादी विश्वव्यवस्थामा सुधार नआउने भन्दै साम्राज्यवादी तथा पुँजीवादी व्यवस्थाका विरुद्ध लडेर वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाबाट मात्रै मजदुरहरूको वास्तविक समस्या समाधान हुने कम्युनिष्ट क्रान्तिकारीहरूले बताउँदै आएका छन् ।

## वैशाख १८...

रूपमा मनाउने गरिएको छ ।

वैशाख १८ गते मित्रमणि स्मृति दिवस हो । यसअवसरमा मित्रमणि आचार्यका एक जना मित्र भरत पोखरेलको चीठी उनकै फेसवुक वालमा पोष्ट रहेछ, त्यसलाई आजको दिन वैशाख १८ गते समसामयिक लागेर हार्दिक श्रद्धाञ्जलिसहीत प्रकाशित गर्ने जमर्को गरिएको छ । सहीद मित्रमणि आचार्यलाई लेखेको भरत पोखरेलको चीठी तल दिइएको छः

*मित्र मित्रमणि !*

विद्यार्थी राजनीतिमा धेरै आरोह-अवरोह मैले जस्तै धेरै विद्यार्थीहरूले देखेभोगेका छन् । विद्यार्थी छँदा विराटनगरमा मेरा सहपाठी फणिन्द्र तिमिल्सिना र विद्यार्थी संगठनमा रहँदा रामपुर कृषि क्याम्पसका मित्रमणि आचार्यको सहादतको अनुभूतिले मलाई मङ्सिर ९ गते र आजको दिनमा उद्वेलित नगर्ने कुरै भएन । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनको आठौं राष्ट्रिय सम्मेलन गोरखपुरको अग्रवाल धर्मशालामा २०४० साल चैत्रको अन्तिम सातातिर सम्पन्न भएको थियो । म पछि त्यो सम्मेलनबाट केन्द्रीय अध्यक्ष देव गुरुङ निर्वाचित भएका थिए । त्यसबेलाका केही केन्द्रीय पदाधिकारीहरूमा रमण श्रेष्ठ, कृष्णबहादुर महरा, दीपक महत, मातृका यादव, लेखराज भट्ट, हिमालचन्द्र गौतम, भरत दाहाल, हरिभक्त कँडेल, यज्ञ घिमिरे, बिमला पन्त, ताराकान्त पाण्डेय, यदु गौतम, मित्रमणि आचार्य, शान्ता ढकाल आदि थिए । त्यही सम्मेलनले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनको अंग्रेजी नाम (All Nepal National Free Students' Union) लाई संशोधन गरी (All Nepal National Independent Students' Union) गरेको थियो ।

गोरा वर्णका अग्ला कदका मित्रमणि आचार्य अखिलको इतिहासमा एउटा समर्पित सदस्य थिए । उनमा जुझारूपन साथै हँस्यौलीपन पनि भरपूर थियो । गोरखपुरको प्लेटभात र पेटभातको बाजीमा हेटौंडाका रामकृष्ण श्रेष्ठ (भक्तबहादुर श्रेष्ठका भतिजा) लाई अठारवटा रोटीको दाँजोमा बीस रोटी बजाएर मित्रमणिले बाजी जितेको चर्चा सबै भेटमा हुन्थ्यो । मित्रमणिको २०४२ साल वैशाख १८ गते चितवनमा सहादत हुँदा म नुवाकोटको थान्सिङमा थिएँ । चितवन वीरेन्द्र क्याम्पसमा रहँदा मैले मित्रमणि मारिएको स्थल मेघौली, उनले अध्ययन गरेको रामपुर कृषि क्याम्पस, उनको सालिक राखिएको लमजुङ सुन्दर बजारको कृषि क्याम्पसमा दिएको श्रद्धाञ्जलि र मित्रमणिले हरेक भेटमा गरेको स्यालुटको संझना विर्सेको छैन । आज वैशाख १८ मित्रमणि स्मृति दिवस । हार्दिक श्रद्धाञ्जली ।

नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने, हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग










प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।